# प्रथम आवधिक विकास योजना

## (आ.व.२०७८/७९-८२/८३)

**शिवराज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

चन्द्रौटा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

# शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चन्द्रौटा, कपिलवस्तु
### लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुखको सन्देश**



शिवराज नगरपालिकाले प्रथम आवधिक योजना (२०७८/७९–२०८०/८१) नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले प्रधान गरेका जिम्मेवारी, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचकसहितको पन्ध्रौं पञ्चवर्षीय योजना, लुम्बिनी प्रदेश सरकारको **"समृद्ध प्रदेश, खुशी जनता"** को दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नागरिकका विकास चाहना, जनप्रतिनिधि, कर्मचारीहरु तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र नगरपालिकाले विगत वर्षमा लिएका नीति तथा कार्यक्रमको निरन्तरता समेतलाई आधार मानी मानेर तयार गरेको छ । यसमा दीर्घकालीन सोच सोहि अनुरुप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ ।

यस आवधिक योजना तर्जुमा प्रक्रियामा सहभागी भई योगदान पुयाउनु हुने उपप्रमुख शिव कुमारी चौधरी, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगर सभाका सदस्यहरु, शिक्षक, बुद्धिजिवी एवं निजी क्षेत्र र सहकारी क्षेत्र, विभिन्न संघसंस्थाहरू प्रति आभार व्यक्त गर्दछु । यसैगरी यस आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अर्याल, विषयगत समितिका सदस्यहरू र शाखा प्रमुख एवम् सवै कर्मचारीहरू प्रति धन्यबाद व्यक्त गर्दछु ।

यस योजना तर्जुमा कार्यमा परामर्शदाताको रुपमा छनौटभई प्राविधिक योगदान दिने एकाउन्टबिलिटी इनिसियटिभ प्रा.लि. काठमाडौ एवं विज्ञ टोली नेता डा. शेषरमण न्यौपाने सहितको टिमलाई विशेष धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, शिवराज नगरपालिकाको यस आवधिक योजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ सहयोग रहने अपेक्षा गर्दछु ।

**नेत्रराज अधिकारी**
प्रमुख

# शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चन्द्रौटा, कपिलवस्तु
### लुम्बिनी प्रदेश, नेपाल

## नगर उपप्रमुखको सन्देश

नगरपालिकाको विकास र समृद्धिको लागि सहभागितात्मक प्रक्रियाबाट आवधिक नगर विकास योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवको अनुभूति भएको छ । योजना तर्जुमा गर्दा संविधान र स्थानीय सरकार सञ्चालन ऐनलाई मूल आधारको रुपमा लिइएको छ । योजना तर्जुमामा राष्टिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ द्वारा निर्दिष्ट प्रकृया अवलम्बन गरिएको छ ।



शिवराज नगरपालिकाले **"स्वास्थ्य, शिक्षा, कृषि, उद्योग पर्यटन र दिगो पूर्वाधार, समृद्ध शिवराजको मूल आधार"** भन्ने दीर्घकालिन सोच सहित आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्मकालागि यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

आवधिक योजना तर्जुमा चरणमा सक्रिय रुपमा सहभागी भई सुझाव र योगदान दिनु हुने सम्पूर्ण नगर कार्यपालिका पदाधिकारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगर सभाका सदस्य, शिक्षक वुद्धिजिवी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी, आवधिक योजना तर्जुमामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, परामर्शदाता लगायत नगरपालिकाका सबै कर्मचारी प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

**शिव कुमारी चौधरी**
उपप्रमुख

# शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चन्द्रौटा, कपिलवस्तु
### लुम्बिनी प्रदेश, नेपाल

**प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य**



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैको सिलसिलामा शिवराज नगरपालिकाले लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना आ.व. २०७६/७७ देखि आ.व २०८०/८१ लाई आधारमानी नगर विकास योजना तयार गरको छ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि नगरपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरूलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुत गर्न यस आवधिक योजन महत्वपूर्ण खुड्किलो हुनेछ ।

नरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र नगरपालिकाका समग्र सरोकारवालाको सहभागितामा नगरपालिकाको समग्र विकासको लागि यो आवधिक नगर विकास योजना तयार गरिएको हो । यस आवधिक नगर विकास योजनाले यस नगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु । नगरपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा यस नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले नगरपालिकाका हालको नेतृत्व तथा भावि जनप्रतिनिधिहरूलाई समेत मार्गदर्शन गरी नगरको विकासको लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, शिवराज नगरपालिकाको यस आवधिक नगर विकास योजना तयारीको कार्यमा प्राविधिक सहयोग गर्ने परामर्शदाता एकाउन्टबिलिटी इनिसियटिभ प्रा.लि र सोको तर्फबाट सहजीकरण गर्नुहुने डा. शेषरमण न्यौपाने, प्रमोद भट्टराई, सुवासचन्द्र घिमिरे, दिपक श्रेष्ठ लगायतको टिमको परिश्रम र योगदानको उच्च कदर गर्दछु । यसका अतिरिक्त सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारीहरू तथा वडा कार्यालयहरूले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यो आवधिक नगर विकास योजनाको कार्यान्वयन हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

**गणेश प्रसाद अर्याल**
प्रमुख प्रशासकीय अधिकृत

## संक्षेपीकरणको सूचि (Abbreviation)

### नेपालीमा

| | | |
|---|---|---|
| कोभिड – १९ | : | नोबेल कोरोना भाइरस २०१९ (महामारी) |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मी. | : | किलो मिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गैसस | : | गैर सरकारी संस्था |
| लैससास | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| व.कि.मि. | : | वर्ग किलो मिटर |
| नपा. | : | नगरपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| मे.ट. | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| दिविल | : | दिगो विकास लक्ष्य |
| रू. | : | रूपैया |
| लि. | : | लिटर |
| हे. | : | हेक्टर |

### अंग्रेजीमा

| | | |
|---|---|---|
| DPR | : | Detail Project Report |
| EMP | : | Environment Management Plan |
| EIA | : | Environmental Impact Assessment |
| GESI | : | Gender Equality and Social Inclusion |
| IEE | : | Initial Environmental Examination |
| IUDP | : | Integrated Urban Development Plan |
| KM | : | Kilo Meter |
| MoE | : | Ministry of Education |
| MTMP : | | Municipal Transport Master Plan |
| NA | : | Not Available |
| NPC | : | National Planning Commission |
| NUDS | : | Nation Urban Development Strategy |
| O & M | : | Organization and Management |
| PTA | : | Parent Teacher Association |
| SIP | : | School Improvement Plan |
| WASH | : | Water, Sanitation and Hygiene |

# विषय सूचि


परिच्छेद एक : परिचय ..... १
१.१ पृष्ठभूमि ..... १
१.२ नगरपालिकाको वस्तुस्थिति विवरण ..... १
१.३ नगरपालिका सम्वृद्धिको आधार ..... ६
१.३.१ आधुनिक कृषि तथा पशुपालन ..... ६
१.३.२ पर्यटन ..... ६
१.३.३ उद्योग ..... ७
१.३.४ नगर समृद्धिका सहयोगी क्षेत्रहरु ..... ७
१.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु ..... ७
१.५ योजना तर्जुमा विधि ..... ८
१.६ जोखिम पक्ष ..... ९

परिच्छेद दुई : योजना खाका ..... ११
२.१ पृष्ठभूमि ..... ११
२.२ अवसर र चुनौति ..... ११
२.३ दिगो विकास लक्ष्यसँगको सम्वन्ध ..... १२
२.४ राष्ट्रिय पन्ध्रौ योजनाको सोच ..... १२
२.५ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य ..... १२
२.६ नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ..... १३
२.७ रणनीति र कार्यनीति ..... १३
२.८ अपेक्षित परिमाणात्मक लक्ष्य ..... १५
२.९ महत्वपूर्ण उपलब्धी सूचकहरु ..... १६
२.१० नगर गौरबका आयोजनाहरू ..... १६

परिच्छेद ३ : आर्थिक क्षेत्र ..... १७
३.१ कृषि विकास ..... १७
३.२ पशु, पक्षी तथा मत्स्य विकास ..... २१
३.३ उद्योग तथा वाणिज्य ..... २३
३.४ पर्यटन तथा सस्कृति ..... २६
३.५ सहकारी तथा वित्तीय क्षेत्र ..... २८
३.६ श्रम तथा रोजगार (वैदेशिक रोजगारी) ..... ३१

परिच्छेद : ४ सामाजिक विकास ..... ३४
४.१ शिक्षा ..... ३४
४.२ स्वास्थ्य ..... ३७
४.३ खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन ..... ३९
४.४ महिला तथा बालबालिका ..... ४२
४.५ दलित र उत्पीडित वर्ग उत्थान ..... ४४
४.६ आदिवासी जनजाति विकास ..... ४७
४.७ अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक ..... ४९
४.८ युवा तथा खेलकूद ..... ५१
४.९ सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन ..... ५३

परिच्छेद ५: भौतिक पूर्वाधार विकास क्षेत्र ..... ५७
५.१ सडक तथा यातायात ..... ५७

५.२ आवास, भवन तथा शहरी विकास ..... ५९
५.३ विद्युत तथा उर्जा ..... ६१
५.४ सूचना तथा संचार प्रविधि ..... ६४
५.५ सिंचाई ..... ६६

परिच्छेद ६ : वन, वातावरण तथा विपद् ..... ६९
६.१ वन , भूसंरक्षण तथा जैविक विविधता ..... ६९
६.२ वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन ..... ७१
६.३ विपद्  व्यवस्थापन ..... ७३

परिच्छेदः ७ संस्थागत विकास तथा सुशासन ..... ७६
७.१ संगठनात्मक स्वरुप तथा मानव संशाधन ..... ७६
७.२ सुशासन  र सार्वजनिक सेवा प्रवाह ..... ७८
७.३ योजना तर्जुमा तथा तथ्यांक व्यवस्थापन ..... ८१

परिच्छेद : ८ वित्तिय विश्लेषण ..... ८४
८.१ वित्तीय स्रोत परिचालनको आधार ..... ८४
८.२ राजस्व परिचालनको अवस्था ..... ८४
८.३ खर्चको अवस्था विश्लेषण ..... ८५
८.४ लागत अनुमान ..... ८५
८.५ अपुग स्रोत व्यवस्थापन ..... ८७
८.६ वित्तीय स्रोत परिचालनको अनुमान ..... ८७

परिच्छेद : ९ योजना कार्यान्वियन र अनुगमन मूल्याङ्कन ..... ९१
९.१ योजना कार्यान्वियन ..... ९१
९.२ कार्यान्वियन प्रकृया ..... ९२
९.३ नतिजामा आधारित अनुगमन  ढाँचा अनुसार वार्षिक समीक्षा ..... ९२
९.४ अनुगमन ..... ९२
९.५ मूल्याङ्कन ..... ९४

परिच्छेद १०: नतिजा खाका ..... ९५
१०.१ नतिजा खाँका ..... ९६
१०.२ विस्तृत  कार्यक्रम तथा बजेट विवरण ..... १२९

अनुसूची– १ बार्षिक कार्यान्वियन कार्ययोजना ..... १५५
अनुसूची– २ आवधिक विकास योजना तर्जुमा क्रमका उपस्थिति तथा फोटोहरु ..... १५६

# तालिका सूचि


तालिका १ : समग्र रणनीति तथा कार्यनीतिहरू ...........................................................................................१४
तालिका २ : अपेक्षित परिमाणात्मक लक्ष्य.......................................................................................................१५
तालिका ३ : कृषि विकास क्षेत्रको रणनीति तथा कार्यनीतिहरू ..........................................................................१८
तालिका ४ : पशु, पक्षी तथा मत्स्य विकासको रणनीति तथा कार्यनीतिहरू ........................................................ २२
तालिका ५ : उद्योग तथा वाणिज्यको रणनीति तथा कार्यनीतिहरू ....................................................................... २४
तालिका ६ : पर्यटन तथा सस्कृतिको रणनीति र कार्यनीतिहरू..........................................................................२७
तालिका ७ : सहकारी तथा वित्तिय क्षेत्रको रणनीति तथा कार्यनीति ....................................................................२९
तालिका ८ : श्रम तथा रोजगारको रणनीति तथा कार्यनीतिहरू........................................................................... ३२
तालिका ९ : शिक्षा क्षेत्रको रणनीति तथा कार्यनीति........................................................................................३५
तालिका १० : स्वास्थ्य क्षेत्रको रणनीति तथा कार्यनीति...................................................................................३८
तालिका ११ : खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति ................................. ४०
तालिका १२ : महिला तथा बालबालिका क्षेत्रको रणनीति तथा कार्यनीति.............................................................४३
तालिका १३ : दलित र उत्पीडित क्षेत्रको रणनीति तथा कार्यनीति.................................................................... ४५
तालिका १४ : आदिवासी जनजाति क्षेत्रको रणनीति तथा कार्यनीति.................................................................... ४७
तालिका १५ : अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक क्षेत्रको रणनीति तथा कार्यनीति.............................................. ५०
तालिका १६ : युवा तथा खेलकूद क्षेत्रको रणनीति तथा कार्यनीति ......................................................................५२
तालिका १७ : सडक तथा यातायात क्षेत्रको रणनीति तथा कार्यनीति ................................................................... ५८
तालिका १८ : आवास, भवन तथा शहरी विकासको लागि रणनीति तथा कार्यनीति ..................................................६०
तालिका १९ : उर्जा विकासको लागि रणनीति तथाकार्यनीति ............................................................................ ६३
तालिका २० : सूचना तथा संचार प्रविधिको रणनीति र कार्यनीति .......................................................................६५
तालिका २१ : सिंचाईका लागि रणनीति तथा कार्यनीति...................................................................................६७
तालिका २२ : वन, भूसंरक्षण तथा जैविक विविधताका लागि रणनीति तथा कार्यनीति ............................................७०
तालिका २३ : वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलनका लागि रणनीति तथा कार्यनीति ................................७२
तालिका २४ : विपद् व्यवस्थापनको लागि रणनीति तथा कार्यनीति ..................................................................... ७४
तालिका २५ : संगठनात्मक स्वरूप तथा मानव संशाधन......................................................................................७७
तालिका २६ : सुशासनयुक्त सार्वजनिक सेवा प्रवाह ........................................................................................ ८०
तालिका २७ : योजना तर्जुमा तथा तथ्यांक व्यवस्थापन ..................................................................................... ८२
तालिका २८ : राजस्व परिचालनको विवरण....................................................................................................... ८५
तालिका २९ : खर्चको अवस्था विश्लेषण.......................................................................................................... ८५
तालिका ३० : आवधिक योजनको लागत अनुमान ................................................................................................८६
तालिका ३१ : अपुग स्रोत व्यवस्थापन .............................................................................................................. ८७
तालिका ३२ आवधिक योजना कार्यान्वयनको लागि शीर्षकगत राजस्व अनुमान (रकम रू.हजारमा) ................................ ८९
तालिका ३३ आवधिक योजनाको नतिजा खाँका.................................................................................................९६
तालिका ३४ आवधिक विकास योजना अवधिको विस्तृत कार्यक्रम तथा बजेट ........................................................१२९

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

संघीय संरचना अनुसार तीनै तहका सरकारलाई आ-आफ्नो अधिकार क्षेत्रभित्र योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी छ । स्थानीय तह संचालन सम्बन्धी संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । ऐनले यस प्रकारका स्थानीय तहको योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र दिगो विकास लक्ष्य जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो कार्य संचालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँ/नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

नयाँ राजनीतिक तथा प्रशासनिक परिवेशमा नगर विकासको प्रयासहरूलाई दिशानिर्देश गर्न नगर सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, नगरपालिकाका कर्मचारी तथा अन्य सरोकारवालाबाट आवधिक योजना तर्जुमाको आवश्यकता महसुस गरी यस आवधिक योजना तर्जुमा गरिएको छ । यस आवधिक योजना निर्माणका लागि यस शिवराज नगर कार्यपालिकाले संवैधानिक व्यवस्था, स्थानीय तहको अधिकार क्षेत्र तथा संघीय ऐन (स्थानीय सरकार संचालन ऐन, २०७४) र लुम्विनी प्रदेशले निर्धारण गरेको प्रावधानहरूलाई आधार मानेको छ । नगरपालिकाले आवधिक योजना तर्जुमा प्रक्रियामा नगरपालिकाले यस अघि तयार गरेको नगर वस्तुगत विवरणका साथै विभिन्न शाखागत तथ्यांकहरूलाई आधारगत तथ्यांकको रूपमा लिई आगामी तीन वर्षमा प्राप्त गरिने नतिजालाई प्रक्षेपण गरिएको छ । नगरपालिकाको दिशानिर्देश, नगरपालिकाको विभिन्न क्षेत्रको विद्यमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी शिवराज नगरपालिकाको प्रथम आवधिक योजना (२०७८/०७९-२०८२/०८३) तर्जुमा गरिएको छ ।

## १.२ नगरपालिकाको वस्तुस्थिति विवरण

### १.२.१ भूगोल

लुम्विनी प्रदेशको कपिलवस्तु जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित ऐतिहासिक स्यूराज क्षेत्र तथा प्रशिद्ध धार्मिकस्थल शिवगढीको नामबाट नामाकरण गरिएको शिवराज नगरपालिका नेपाल सरकारको मिति २०७१ साल बैशाख २५ गतेको निर्णयबाट साविकका शिवपुर, विरपुर, चनई, विसनपुर जवाभारी गाविसहरूलाई समावेश गरी यस शिवराज नगरपालिकाको भूगोल कायम गरिएको हो । वि.सं. २०७३ साल फाल्गुण २७ गतेको निर्णयले साविकका शिवगढी, थुन्हिया र लालपुर गाविस थपेर हालको शिवराज नगरपालिकाको भूगोल विस्तार गरिएको हो ।

शिवराज नगरपालिका भौगोगिक अवस्थितिगत रूपमा २७ डिग्री ३४ मिनेट ६ सेकेण्डदेखि २७ डिग्री ४७ मिनेट ४४ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ४३ मिनेट ५२ सेकेण्ड देखि ८२ डिग्री ५६ मिनेट ७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । यस नगरपालिकाको कुल क्षेत्रफल २८४.०८ वर्ग किमि रहेको छ भने समुन्द्र सतहको ७०० फिट देखि १००० फिट सम्मको उचाईमा अवस्थित छ । नगरपालिकाको माथिल्लो भागमा चुरे पहाड रहेको छ । खोला नाला तथा खोल्साका कारण कतिपय भूभागमा खण्डित किसिमको भूस्वरूप रहेको छ । पूर्वमा बुद्धभूमि नगरपालिका, पश्चिममा विजयनगर गाउँपालिका, उत्तरमा अर्घाखाँची र दाङ्ग जिल्ला र दक्षिणमा कृष्णनगर र महाराजगञ्ज नगरपालिका रहेको छ । यस नगरपालिकाको भूगोललाई राजनीतिक रूपमा ११ वडामा विभाजन गरिएको छ । पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँमा रहेको यस नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि करिव ५० किमि सडक दुरीमा अवस्थित रहेको छ ।

### १.२.२ जनसंख्या

घरधुरी सर्वेक्षण २०७६ अनुसार कूल घरपरिवार संख्या १३,५५८ र जनसंख्या ७३,५४७ जसमा महिलाको जनसंख्या ३५,४३६ र पुरुषको जनसंख्या ३८,१११ रहनुको साथै औषत घरपरिवार संख्या ५.४२ रहेको छ । राष्ट्रिय जनगणना २०६८ र नगर वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरधुरी सर्वेक्षण २०७६ बीच जनसांख्यिक सूचकहरूको तुलना गर्दा घरपरिवार संख्या र जनसंख्या बढेको र औषत घरपरिवार घटेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल घरपरिवार संख्या ११,२५०, जनसंख्या ६६,७८१ र औषत परिवारको आकार ६.१६ जना प्रति परिवार रहेको छ । कूल क्षेत्रफल २८४.०७ वर्ग किलोमिटर रहेको यस नगरपालिकामा औषत जनघनत्व ४६५.६७ जना प्रति वर्ग किलोमिटर रहेको छ । उमेर तथा लिङ्गका आधारमा नगरपालिकाको जनसंख्या हेर्दा ५ वर्ष मुनिको जनसंख्या ३,९७३ बालक र ३,७५५ बालिका गरी ७,७२८ रहेको छ भने ७० वर्ष माथिको जनसंख्या १,२४७ पुरुष र १,०६१ महिला गरी २,३०८ रहेको छ । उमेर समुहका हिसाबले ६ वर्ष देखि १४ वर्षको जनसंख्या १४,७१५ र १५ देखि १८ वर्षको जनसंख्या ७,१७४ रहेको छ । यस क्षेत्रमा बोलिने भाषा मध्ये सबैभन्दा बढी ४२.६२ प्रतिशत जनसंख्याले अवधी भाषालाई मातृभाषाको रूपमा प्रयोग गरेका छन् । त्यसैगरी नेपाली, थारु र उर्दु भाषालाई मातृभाषाका रूपमा बोल्नेहरूको जनसंख्या क्रमशः ३७.४२, १६.१ र १.१ प्रतिशत रहेका छन् । धर्मका आधारमा जनसंख्यालाई हेर्दा हिन्दु धर्म मान्नेहरूको जनसंख्या सबैभन्दा बढी ८५.०३ प्रतिशत रहेको छ भने इस्लाम धर्मालम्बी १४.३१ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी, बौद्ध र इसाई धर्मालम्बीको जनसंख्या क्रमसः ०.१३ र ०.०२५२ प्रतिशत रहेको छ । जातजातिगत रूपमा मिश्रित बसोवास रहेको यस नगरपालिकामा सबैभन्दा बढी संख्यामा तराई अन्यको घरपरिवार संख्या २३.०९ प्रतिशत रहेको छ । कूल घरपरिवार संख्या १३,५५८ रहेको यस नगरपालिकामा ४ घरपरिवार लोपउन्मुख जाति पथ्थरकट्टाको समेत रहेको छ । पहाडी क्षेत्री/ब्रामह्णको घरपरिवार २१.४ प्रतिशत, तराई आदिवासी/जनजाति १६.४ प्रतिशत, पहाडी आदिवासी/जनजाति ९.९९ प्रतिशत, मुस्लिम १२.१ प्रतिशत र पहाडी दलित ७.९४ प्रतिशत रहेको छ ।

### १.२.३ भूमिको उपयोग

प्राकृतिक सम्पदाका रूपमा समथर तथा उर्वर जमिनको व्यापकता रहेको यस क्षेत्रमा हावापानीका हिसाबले उष्ण क्षेत्रीय (Tropical) जलवायु विद्यमान रहेको क्षेत्र हो । कूल क्षेत्रफलको ९६.६९ प्रतिशत वा १८०.६८ वर्ग किलोमिटर वा ६३.६ प्रतिशत क्षेत्र वन जंगलले ढाकेको छ । खेती गरिएको जमिन ९६.३२ वर्ग किलोमिटर, बलौटे क्षेत्र ३.१७ र पानीले ढाकेको क्षेत्र २.०४ वर्ग किलोमिटर रहेको देखिन्छ । कृषि कार्यमा उपयोग भएको कूल जमिनको क्षेत्रफल १,३८,१०८ कट्ठा रहेको र खेत तथा बारीका रूपमा उपयोग भएको जमिन क्रमशः १,९३,३८४ र १२,२४४ कट्ठा रहेको छ । खेतीयोग्य जमिन मध्ये बाँझो रहेको जग्गा ३,५७८ कट्ठा रहेका देखिन्छ । नगरपालिका क्षेत्र भित्र कूल १,६५,८२४ कट्ठा क्षेत्रफलमा अन्नवाली, ३३,८७६ कट्ठा क्षेत्रफलमा दलहन बाली र २०,०११ कट्ठा क्षेत्रफलमा तेलहन बाली उत्पादन हुने गरेको छ । पछिल्लो एक वर्षको अवस्थालाई हेर्दा १,२९२ कट्ठा जमिनमा तरकारी, २६६ कट्ठा जमिनमा फलफुल र २,११४ कट्ठा जमिनमा नगदे बाली उत्पादन हुने गरेको छ । माछापालन अन्तर्गत ८२ वटा पोखरीले ओगटेको कूल ६९६ कट्ठा क्षेत्रफलमा माछापालन भईरहेको छ । सार्वजनिक जग्गाको रूपमा नगरपालिका क्षेत्रमा करिब ९४६२८५.६२ वर्ग मिटर जग्गा रहेको छ । जग्गा खेलमैदान, मन्दिर निर्माण, शैक्षिक गतिविधि सञ्चालन, कृषि, हाट बजार सञ्चालन, गौचरन, सुरक्षा निकाय वा इकाईका कार्यालय वा केन्द्र स्थापनाका लागि उपयोग भएको देखिन्छ । यसका अतिरिक्त जग्गाको उपयोग सामाजिक कार्यका लागि पनि हुने गरेको छ । यस नगरपालिकाको कुल ११ वटा सामुदायिक वन, २ वटा साझेदारी, २ वटा वैज्ञानिक र एउटा संरक्षित गरी कुल १६ वटा वन क्षेत्रहरू रहेका छन् । यी वनहरूले ९,६६० हेक्टर क्षेत्रफल ओगटेका छन ।

### १.२.४ आर्थिक क्षेत्रको स्थिति

शिवराज नगरपालिकाको आर्थिक गतिविधिको प्रमुख क्षेत्र कृषि तथा पशुपालन हो । कृषि तथा पशुपालनलाई प्रमुख पेशाका रूपमा अवलम्बन गर्ने जनसंख्या करिब ३३ प्रतिशत रहेको छ भने ज्याला मजदुरीलाई मुख्य

पेशाका रूपमा लिनेको संख्या १२.३४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी उद्योग तथा व्यापार २.२७, नोकरी ३.१६, बैदेशिक रोजगारी ६.०२ प्रतिशतको हाराहारीमा रहेको छ ।

नगरपालिका क्षेत्र भित्र खाद्यान्न १७८५७ मे.ट., दलहन बाली १६१९ मे.ट. र तेलहन बाली ९७२ मे.ट. उत्पादन हुने गरेको छ । त्यस्तै तरकारी ४५७ मे.ट, फलफुल ३२ मे.ट. र नगदेबालीको उत्पादन १३१२ मे.ट. रहेको छ । खाद्यान्नमा धान, गहूँ  र नगदे वाली अन्तर्गत तरकारी तथा ऊखुको उत्पादन अत्यधिक हुने गरेको देखिन्छ । कृषि उपजहरूको उत्पादनबाट बार्षिक रूपमा करिब १४१ करोडको हाराहारीमा आम्दानी हुने गरेको देखिन्छ । त्यसैगरी पशुपालन अन्तर्गत माछा, मासु, दुध तथा दुधजन्य उत्पादन र मह लगायतका उत्पादन हुने गरेका छ । यस क्षेत्रमा ८९५८ मे.ट मासु, ९५१५ मे.ट.दुधजन्य र ७७६ मे.ट. माछा उत्पादन हुने गरेको छ जसबाट बार्षिक करिब २५ करोडको आम्दानी हुने गरेको छ । यस नगरपालिकामा आफ्नै कृषि उत्पादनले करिब ६० प्रतिशत जनसंख्यालाई वर्षभरी खाद्यान्न पुग्ने देखिन्छ । नगरपालिकाको वडा नं. ६ र ७ मा सिमेन्ट, स्टिल लगयतका २३ ठूला, ८ मझौला, र ४७ वटा साना तथा घरेलु उद्योग धन्दा संचालनमा रहेका छन् । यी उद्योगहरूमा ५०९ महिला र २१७८ पुरुष गरी २६८७ जनाले प्रत्यक्ष रोजगारी पाएको देखिन्छ । औद्योगिक क्षेत्रबाट उत्पादित वस्तु तथा सेवाको वार्षिक आम्दानी १ करोड ४८ लाख ८८ हजार रहेको देखिन्छ । त्यस्तै नगरपालिकाको बजार क्षेत्रमा साना ठूला १,३३६ वटा व्यवसाय सञ्चालनमा रहेका छन् जसबाट वार्षिक रूपमा रु. २ अर्व भन्दा बढिको कारोबार हुने गरेको छ । कूल ४० भन्दा बढी प्रकारका व्यवसाय तथा पसलहरू संचालनमा रहेका छन् । नगर क्षेत्रभित्र २ वटा थोक बजार, ७ वटा खुद्रा बजार र ६ वटा हाट बजार रहेका छन् । खरेन्द्रपुर र चन्द्रौटामा थोक बजार रहेको छ । करिब ६० प्रतिशत घरपरिवार ३० मिनेटको बजार पहुँचमा रहेका छन् । उमरी गुफा, शिवराज उद्यान, स्वर्गद्धारी आश्रम, शिवगढी किल्ला लगायतका ऐतिहासिक तथा तथा धार्मिक महत्व बोकेका १७ वटा प्रमुख पर्यटकिय क्षेत्रहरू यस नगर क्षेत्रमा रहेका छन् ।

औद्योगिक तथा व्यापारिक केन्द्रका रूपमा समेत विकसित हुदै गएको यस क्षेत्रमा ९ बाणिज्य बैंक, ६ विकास बैंक र ९ वटा लघु वित्त संस्था सञ्चालनमा रहेका छन् । यस्ता संस्थाहरूबाट वार्षिक रूपमा करिब १९ अरब २२ करोड भन्दा बढीको कारोबार हुने गरेको देखिन्छ । त्यस्तै यहाँ ४८ वटा सहकारी संस्था रहेका छन् । यस्ता संस्थाहरूले कृषि, पशुपालन, व्यापार तथा व्यससाय र बैदेशिक रोजगार जस्ता क्षेत्रलाई केन्द्रित गरी लगानी गरेको देखिन्छ । यस किसिमको सहकारी संस्थाहरूले करिब ३५ करोड बराबरको आर्थिक कारोबार परिचालन भएको देखिन्छ । यस क्षेत्रका सबै घरपरिवारले वार्षिक रूपमा प्राप्त गर्ने कूल आम्दानीको ३५.५५ प्रतिशत बैदेशिक रोजगारीबाट, २७.८५ प्रतिशत ज्यालाबाट, १४.३८ प्रतिशत नोकरीबाट, १०.८८ प्रतिशत व्यापारबाट, ७.१८ प्रतिशत पशुपन्छीबाट प्राप्त हुने गरेको देखिन्छ । घरपरिवारको वार्षिक खर्चको अवस्था हेर्दा यस क्षेत्रमा ४३.५४ प्रतिशत खानामा, १५.९१ प्रतिशत शिक्षामा, ११.५३ प्रतिशत स्वास्थ्यमा, ९.१४, ८.०८ प्रतिशत चाडपर्वमा र ६.३३ प्रतिशत कृषि कार्यमा खर्च हुने गरेको देखिन्छ ।

### १.२.५ सामाजिक क्षेत्रको स्थिति

नगर कार्यपालिकाले आफनो क्षेत्रभित्र संचालन गर्ने विकास क्रियाकलापहरूलाई ५ वटा विषयक्षेत्र अन्तर्गत कार्य संचालन गर्दै आएको छ जसमा सामाजिक विकास एक महत्वपूर्ण क्षेत्र रहेको छ । यस सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु र अल्पसंख्यक आदि) जस्ता उपक्षेत्रहरू पर्दछन् ।

शिक्षा क्षेत्रको सन्दर्भमा यस शिवराज नगरपालिकाको औषत साक्षरता ७५.२३ प्रतिशत रहेको छ भने यसमध्ये पुरुषको साक्षरता ८१.१७ प्रतिशत र महिला साक्षरता ६८.८ प्रतिशत रहेको छ । नगरपालिकामा कूल शैक्षिक संस्थाहरू १४६ वटा रहेको छ ।

यस नगरपालिकामा एउटा सामुदायिक अस्पताल, एउटा सामुदायिक स्वास्थ्य क्लिनिक, एउटा शहरी स्वास्थ्य केन्द्र र ८ वटा स्वास्थ्य चौकी रहेका छन् । स्वास्थ्य संस्थामा स्वीकृत दरबन्दी ४८ रहेकोमा हाल ५८ जना कार्यरत रहेका छन् । सबै स्वास्थ्य संस्था मध्ये शहरी स्वास्थ्य केन्द्र र सामुदायिक अस्पताल सहित २ वटामा बाहेक सबैमा सुरक्षित मातृत्व सेवा र पोषण सेवा उपलब्ध रहेको छ । विसुनपुर स्वास्थ्य चौकीमा मात्र आँखा

उपचार सेवा उपलब्ध रहेको र सामुदायिक अस्पताल र सामुदायिक स्वास्थ्य क्लिनिकमा मात्र फार्मेसी सेवा उपलब्ध रहेको छ । अस्पताल सम्म पुग्न लाग्ने समयलाई हेर्दा २०.३२ घरपरिवारमा १५ मिनेट भित्र पुग्न सकिने, ४५.२९ प्रतिशत घरपरिवारमा १५ देखि ३० मिनेटमा पुग्न सकिने, १९.०५ प्रतिशत घरपरिवारमा ३० मिनेट देखि १ घण्टा भित्र पुग्न सकिने र १५.३३ घरपरिवारमा १ घण्टाभन्दा बढी समय लाग्ने गरेको देखिन्छ । नगरपालिका भित्र देखा पर्ने रोगहरू मध्ये सबैभन्दा उच्च संख्यामा ग्यास्ट्रीक वा अल्सर रहेको छ भने त्यसपछि क्रमश: झाडा पखाला, निमोनिया, स्वास्प्रश्वास, रक्तचाप, मधुमेह, प्रसुतिजन्य, मलेरिया र क्षयरोग रहेका छन् ।

यस नगरपालिकामा कूल महिला जनसंख्या ३५,४३६ रहेको छ भने लैङ्गिक अनुपात ९९.४० रहेको छ । यसैगरी महिला साक्षरता दर ६८.८ प्रतिशत रहेको छ । यस नगरपालिकाको जातिगत विवरण हेर्दा कूल घरपरिवार संख्या १३,५५८ रहेको यस नगरपालिकामा ४ घरपरिवार लोपउन्मुख जाति पथ्थरकट्टाको समेत रहेको छ । यसैगरी जनसंख्यायिक विवरणमा पहाडी दलित र तराई दलित क्रमशः ७.१२ र ६.९८ प्रतिशत र मुस्लिम १३.९० प्रतिशत रहेको छ । यसरी समग्रमा हेर्दा पछाडि परेको जातिय समूहमा रहेको दलित र मुस्लिमको जनसंख्या २८ प्रतिशत रहेको छ भने पहाडी आदिवासी जनजाति र तराई आदिवासी जनजाति क्रमशः ९.२० र १७.१२ प्रतिशत रहेको छ । यस नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको कूल जनसंख्या ७३१ जना रहेको देखिन्छ । जसअनुसार शारीरिक अपाङ्गता भएकाहरूको जनसंख्या सबैभन्दा अधिक ३८२ वा ५२.२६ प्रतिशत रहेको छ भने बाँकी अन्य अपाङ्गता अन्तर्गत रहेका छन् । नगरपालिकाले अपाङ्ग व्यक्तिहरूको पहिचान गर्नका लागि अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ तयार गरी कार्यान्वयन गरिरहेको छ । उमेरगत जनसंख्यालाई विश्लेषण गर्दा १९ देखि २४ वर्षको उमेर समूहमा २४,८९५ रहेका छ भने २५ देखि ४९ वर्ष उमेर समूहमा ८,६६९ रहेको छ । कूल जनसंख्याको अनुपातमा युवा समूहको जनसंख्या यतिको हुनु समग्र आर्थिक र सामाजिक विकासका लागि राम्रो हो । यसैगरी ६० बर्षभन्दा माथीको उमेर समूहमा कूल जनसंख्या ५,८५१ अर्थात करीव ८ प्रतिशत जनसंख्या रहेको छ भने सामाजिक सुरक्षावृत्ति अन्तर्गत २,६६३ ज्येष्ठ नागरिकहरूले सुविधा प्राप्त गरिरहेका छन् । यस नगरपालिकामा ९ जना राष्ट्रिय र क्षेत्रीयस्तरका खेलाडीहरू रहेका छन् । यस नगरपालिका क्षेत्र भित्र ३६ वटा युवा क्लवहरू रहेका छन् । यस्ता क्लवहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहेको देखिन्छ । यस नगरपालिका भित्र खेल मैदान, पिकनिक स्थल र मनोरञ्जन स्थल गरी कुल १५ वटा स्थानहरू रहेका छन् । नगरपालिका भित्र सामुदायिक बाल क्लवहरूको कुल संख्या ७२ रहेको छ । यी क्लबहरूमा १,२१८ बालक र १,०५५ बालिका गरी कुल २,२७३ जना बालबालिकाहरू आवद्ध भएका छन् । नगरपालिकाले बाल समूह गठन र संरक्षणका लागि बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७५ र बाल संरक्षण नीति, २०७५ तर्जुमा गरी कार्यान्वयन गरेको छ ।

### १.२.६ भौतिक पूर्वाधार अवस्था

शिवराज नगरपालिका भित्र कालोपत्रे, पिसीसी, ग्राभेल र कच्ची गरी कूल ३५६.१ कि.मी. सडक रहेको छ । जस मध्ये ४९.७ कि.मी. कालोपत्रे, १३१.४ किमी ग्राभेल र ७८.९ कि.मी. कच्ची सडक रहेको देखिन्छ । नगर क्षेत्रमा जम्मा १९ वटा पैदल मार्ग छन् जसको कूल लम्बाई ६०.५ कि.मी. रहेको देखिन्छ । जसबाट लाभान्वित हुने जनसंख्या करिब १२७५२० रहेका छन् । नगर क्षेत्रमा ६१ वटा पुलहरू रहेका छन् । जस मध्ये ५६ वटा पक्की पुल, ३ वटा झोलुङ्गे र एउटा ट्रष्ट पुल रहेको देखिन्छ । यी मध्ये अधिकतम पुलहरू राम्रो अवस्था रहेका छन् । यस क्षेत्रमा २४ वटा रुटमा सवारी साधन चल्ने गर्दछन् । घरसम्म पुग्नको लागि सडक वा बाटोको पहुँचको स्थिति हेर्दा ४४.०७ प्रतिशत घरपरिवारमा ग्राभेल सडक, २५.७८ प्रतिशत घरपरिवारमा कच्ची सडक र २३.४१ प्रतिशत घरपरिवारमा पक्की सडकको पहुँच रहेको देखिन्छ । त्यसैगरी, गोरेटो बाटो रहेको घरपरिवार ५.७८ प्रतिशत र बाटो वा सडक नभएको ०.९७ प्रतिशत रहेको छ ।

यस क्षेत्रमा खाना पकाउने इन्धनको प्रमुख श्रोतका रूपमा दाउराको उपयोग सबैभन्दा अत्यधिक रहेको छ । जसअनुसार ६७.०३ प्रतिशत घरपरिवारले खाना पकाउने प्रमुख श्रोतका रूपमा दाउराको उपयोग गर्ने गरेको देखिन्छ । एलपी ग्याँसको उपयोग २७.५३ प्रतिशत घरपरिवार र बायो ग्याँसको प्रयोग ५.१९ प्रतिशत घरपरिवारले गर्ने गरेको देखिन्छ । यस क्षेत्रमा वत्तीको प्रमुख श्रोतको रूपमा विद्युत नै प्रमुख रूपमा रहेको छ ।

बत्तीको प्रमुख श्रोतका रूपमा उपयोग गर्ने घरपरिवार संख्या ९८.८८ प्रतिशत रहेको देखिन्छ । यस बाहेक सोलार बत्तीको प्रमुख उर्जाका रूपमा उपयोग गर्ने घरपरिवार १.५२ प्रतिशत रहेको छ ।

आधुनिक प्रविधि तथा सुविधामा पहुँचको अवस्था हेर्दा मोवाइल वा टेलिफोन सुविधा उपभोग गर्ने घरपरिवार ८५.१५ प्रतिशत, टेलिभिजन हुने घरपरिवार ४४.०६ प्रतिशत र रेडियो हुने घरपरिवार १५.८७ तथापि मोवाइलबाट नै रेडियो सुन्नेको जससंख्या उच्च छ । कम्प्युटर ५.८६ प्रतिशत, इन्टरनेट ५.२३ प्रतिशत, मोटरसाइकल १६.२ प्रतिशत, मोटरकार २.२२ प्रतिशत, रेफ्रिजरेटर हुने घरपरिवार १५.८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी नगरपालिका क्षेत्रमा ८ वटा हुलाक, ४ वटा पत्रपत्रिका, एउटा नेपाल दूर संचार कार्यालय, १३ वटा दूर संचार टावर तथा ३ वटा एफएम रेडियो स्टेशनहरू रहेका छन् ।

आवासको हकमा बसोवास गरेको घरको जगका आधारमा हेर्दा सबैभन्दा उच्च ६४.९३ प्रतिशत घरपरिवार सिमेण्टको जग भएको घरमा बसोवास गर्ने गरेको देखिन्छ । माटो वा ढुङ्गाको जग भएको र काठको खम्बा भएको घरमा वसोवास गर्ने घरपरिवार क्रमशः २०.०४ र १४.६९ प्रतिशत रहेको छ । फ्रेम स्ट्रक्चरको जग भएको घरमा वस्ने घरपरिवार संख्या ४५ मात्र रहेको छ । बसोवास गरेको घरको छानोका आधारमा घरपरिवार वर्गिकरण गर्दा सबैभन्दा उच्च संख्यामा आरसिसि घरमा वसोवास गर्ने घरपरिवार संख्या ६६.५७ प्रतिशत रहेको छ । फुस वा खरको छाना भएको घरमा वस्ने घरपरिवार १५.५२ रहेको छ भने टायल वा ढुङ्गाको छाना भएको घरको संख्या २.६६ प्रतिशत रहेको छ । घरपरिवारको स्वामित्वमा रहेका घरको संख्यात्मक विवरणलाई हेर्दा एउटा मात्र घर हुने घरपरिवार संख्या सबैभन्दा अत्यधिक ९६.७२ प्रतिशत घरपरिवार रहेको छ । दुई वटा घर भएका ३.०४ प्रतिशत, तीन वटा ०.१७ प्रतिशत रहेको छ । यस क्षेत्रमा मापदण्ड अनुसार बनेका भवनहरूमा बसोवास गर्ने घरपरिवार संख्या ८.४७ प्रतिशत र भुकम्प प्रतिरोधी घरहरूमा बसोवास गर्ने घरपरिवार संख्या २०.३८ प्रतिशत रहेको छ । नगरपालिका क्षेत्रमा रहेका सरकारी भवन संख्या ३४ रहेको छ भने १३ वटा सार्वजनिक तथा सामुदायिक भवन रहेको देखिन्छ । नगरपालिका क्षेत्र भित्र सशस्त्र प्रहरी बल नेपाल नं. ५ बिन्ध्यबासिनी बाहिनी, वडा प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी सुरक्षा निकायका रूपमा रहेका छन् ।

### १.२.७ वन तथा वातावरण

शिवराज नगरपालिका क्षेत्रको ३४ प्रतिशत (९६६० हेक्टर) भूभाग वन क्षेत्रले ढाकिएको छ । यहाँ ११ वटा सामुदायिक वन, २ वटा साझेदारी वन, २ वटा वैज्ञनिक वन र एउटा संरक्षित वन गरी १६ वटा वन रहेका छन् । जसमा औषतमा एउटा वनमा २९५९८ घरपरिवार समावेश रहेको देखिन्छ । यस क्षेत्रमा १९ वटा तथा खोलाहरू, २ वटा सिमसार क्षेत्र, २७ वटा पोखरी तथा तलाउ रहेका छन् । शिवराज नगरपालिकामा वातावरण संरक्षण, संर्वद्धन तथा प्रर्वद्धन लगायतका कार्यक्रमलाई संचालन गर्ने गरिएको छ । यसैगरी वातावरणीय सचेतना अभियान, वृक्षारोपण, हरित पर्या-पर्यटन जस्ता कार्यहरू गरी वातावरण संरक्षणमा विशेष जोड दिइएको छ ।

शिवराज नगरपालिका विपद् जोखिम तथा व्यवस्थापनका दृष्टिकोणमा जोखिमपूर्ण रहेको पाइन्छ । यहाँ वर्षेनी जलजन्य प्रकोपका कारण मानवीय क्षति भएको देखिन्छ । यस नगरपालिकाका वडा नं. ३, ४ र ७ बाहेक बाँकी ८ वडाका ४२ वटा टोल वढि जोखिम युक्त क्षेत्रका रूपमा गनिएका छन् । मध्य तराई अन्तरगतको यस नगरपालिकामा जलवायु उत्पन्न विपद्को प्रभाव हेर्दा क्रमशः खडेरी ६८.१०, महामारी ६३.९७, शितलहर ४३.६१, असिना २८, हावाहुरी २२.२५, बाढी १०.५९ र चट्टयाङ्ग ७.२४ प्रतिशत रहेका छन् ।
यस नगरपालिका क्षेत्रभित्र सुरही, जुवइ, गडगौडा, चिराई, धानखोला, कन्चनिया, बेल लगायत १९ वटा खोला तथा २७ वटा ताल तथा पोखरी, २ वटा सिमसार क्षेत्र (चिसापानी र दुन्दुर) रहेका छन । नगरपालिकामा जलाधार संरक्षण कार्य गर्न सकिराखेको अवस्था छैन । जलाधार संरक्षण एवं नियन्त्रण गर्न नसक्दा वर्षेनी वन जंगल तथा खेती योग्य जमिनको कटान भैरहेको अवस्था छ । जलवायू परिवर्तन अनुकूलन तथा जलाधार व्यवस्थापन योजना बनाई बिभिन्न खहरे खोला र नदिहरूमा जालाधार संरक्षण कार्यक्रमहरू संचालन गर्न आवश्यक देखिन्छ ।

### १.२.८ संस्थागत व्यवस्था

नगरपालिकाको सोच र लक्ष्य प्राप्त गर्नका लागि उपयुक्त संस्थागत व्यवस्था हुन जरुरी हुन्छ । नगरपालिकाको योजना कार्यान्वयनका लागि संस्थागत संरचना तयार भई क्रियाकलापहरू संचालन गर्न जरुरी हुन्छ । यसका लागि नगरपालिका अन्तर्गत ११ वटा वडा कार्यालयहरूले वडागत रूपमा कार्यालय संचालन गरी नागरिकलाई सेवा प्रदान गर्दै आएको छ । नगरपालिका अन्तर्गतका ८ वटा वडा कार्यालयहरूले आफ्नै भवनबाट र बाँकी वडा कार्यालयहरूले भाडाको घर र अन्य सार्वजनिक भवनबाट आफनो सेवा प्रवाह गर्दै आएको छ । यस नगरपालिकामा विभिन्न ७ वटा विषयगत समिति (लेखा समिति, विधान समिति, सुशासन समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति) बनेको छ भने विभिन्न ८ वटा शाखाहरू मार्फत सेवा प्रदान गरिदै आएको छ । सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनका लागि शाखा अन्तर्गत विभिन्न १४ वटा उपशाखाहरू मार्फत कार्यसम्पादन हुँदै आएको छ । नगरपालिकाका विभिन्न शाखा र वडा कार्यालयमा गरी कूल ७३ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । यस नगरपालिका क्षेत्रमा संघीय र प्रदेश स्तरीय कार्यालयहरूसमेत रहेका छन् । नगरपालिकालाई प्रभावकारी र कानूनी प्रक्रियाबाट संचालानार्थ २६ वटा विभिन्न ऐन, नीति, कार्यविधि र निर्देशिका तयार गरी कार्यान्वयन गर्दै आएको छ ।

## १.३ नगरपालिका सम्बृद्धिको आधार

शिवराज नगरको समृद्धिको लागि मुख्य तीनवटा प्रमुख सम्बाहकहरू पहिचान गरिएका छन्:

### १.३.१ आधुनिक कृषि तथा पशुपालन

नगरपालिकाको भू-उपयोगको अवस्था हेर्ने हो भने ३३.९१ प्रतिशत भू-भाग खेतीयोग्य कृषि जमिन रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३३ प्रतिशत रहेको छ । व्यावसायिक ढाँचाले नगरपालिकामा आय उत्पादनको मुख्य स्रोत कृषिलाई देखाउँदछ । नगरवासीहरू आंसिक रूपमा जागिर, व्यापार व्यवसाय र वैदेशिक रोजगारमा संलग्न रहेतापनि कृषि नै जनजीवनको मुख्य आर्थिक स्रोत रहेको छ । वडा नं ३, ६, ७, ९, १० र ११ मा धान उत्पादन प्रवर्द्धन, वडा नं. ७ मा गहुँ पकेट क्षेत्रको रूपमा विकास गरिएको छ । मासु, दुध तथा दुधजन्य उत्पादन, मौरी पालन, माछा पालन व्यवसाय क्रमिक रूपमा वृद्धि भएको छ । कृषि प्रवर्द्धनका लागि नगरका फाँटहरूमा सतही तथा वैकल्पिक सिंचाईको पहुँच वृद्धि गर्न सके नगरको अर्थतन्त्रमा उल्लेख्य वृद्धि हुने देखिन्छ । कृषिसंगै पशुपालनको विकास गर्न सकिने सम्भावना समेत उच्च रहकोछ ।

मुख्य कृषि उत्पादन क्षेत्रको मुल्य श्रृंखलाको विकास (Agriculture Value Chain Development) गरी प्रवर्द्धन, यान्त्रीकीकरण र बजारीकरण मार्फत् उच्च र गुणस्तरीय उत्पादन दिने आधुनिक कृषि प्रणालीको विकास सहित उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।

### १.३.२ पर्यटन

शिवराज नगरपालिकाको पर्यटकीय अन्तरसम्बन्ध आन्तरिक (खासगरी छिमेकी जिल्ला र वरपरका क्षेत्र) र वाह्य गरी दुई किसिमको देखिन्छ । नगरपालिका भारतसंग जोडिएको छ । शान्तिका अग्रदुत भगवान गौतम बुद्धको गृह जिल्ला कपिलवस्तुमा अवस्थित शिवराज नगरपालिका अन्तर्गत विभिन्न स्थलहरूमा गौतम बुद्धसंग सम्बन्धित विभिन्न पर्यटकीय क्षेत्रहरू रहेका छन् । ऐतिहासिक शिवराज क्षेत्र तथा प्रसिद्ध धार्मिक स्थल शिवगढी मन्दिर लगायतका क्षेत्रहरूका कारण कारण सांस्कृतिक, धार्मिक तथा कृषि र पर्यटनका लागि स्थापित भइसकेको छ । त्यसैगरी सोनवागढी मन्दिर, उमरी गुफा, शिवराज उद्यान, स्वर्गद्वारी आश्रम, शिवगढी किल्ला र मस्जिद लगायतका ऐतिहासिक एवं धार्मिक महत्व बोकेका प्रमुख पर्यटकीय क्षेत्रहरूले गर्दा पर्यटन विकासमा ठूलो सम्भावना देखिन्छ र पर्यटकहरूको आगमनले नगरको आर्थिक विकासमा अग्रणी भूमिका खेल्न सक्ने देखिन्छ ।

### १.३.३ उद्योग

नगरपालिकाको वडा नं. ६ र ७ औधोगिक वडाको रूपमा विकास भैरहेको छ । नगर क्षेत्रमा करिब ८० वटा भन्दा बढी ठूला, साना र मझौला उद्योगहरू संचालनमा रहेका छन् । अधिकांश बालुवा, रोडा प्रशोधन, ईटा, सिमेन्ट, स्टिल, खाद्यान्न लगायतका ठुला उद्योगहरू स्थापना भएका छन । जसमा छिमेकी देशबाट ठूलो संख्यामा रोजगारीमा संलग्न रहेकाले नीतिगत व्यवस्था गरी नगरबासीहरूलाई थप रोजगारी सृजना गर्न सकिने देखिन्छ । त्यस्तै कृषिमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको विस्तार मार्फत उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि तथा पशुजन्य उद्योग तथा अचार वनाउने, मुडा वनाउने, गुडिया बनाउने, मैनवत्ती बनाउने जस्ता साना उद्योगहरूको समेत थप विकास गरी थोरै पूँजी र सामान्य प्रविधिबाटै रोजगारीको विस्तार गरी आयात प्रतिस्थापन गर्न सकिन्छ ।

### १.३.४ नगर समृद्धिका सहयोगी क्षेत्रहरु

शिवराज नगर समृद्धिका मुख्य सहयोगी क्षेत्रहरू (Enablers of Prosperity) देहाय बमोजिम रहेकाछन :

**क. जनसांख्यिक लाभ**

शिवराज नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ६१.५० प्रतिशत रहको छ । यो उमेर समूहलाई नगरपालिकाले विशेष योजनाका साथ व्यवसायिक कृषि, पर्यटन र उद्यम व्यवसाय जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सकिने सम्भावना प्रवल रहेकोछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी नगर विकासमा ठूलो फड्को मार्ने अवसर रहेकोछ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रकियालाई बैज्ञानिक र प्रभावकारी बनाउन सकिन्छ ।

**ख. सामाजिक विविधताबीच एकता**

शिवराज नगरपालिमा मूख्य हिन्दु तथा मुस्लिम धर्मालम्बी हेका छन् । थारु, मधेसी, पहाडी र मुस्लिम लगायतका जातजातिका मानिसहरू बसोबास गर्दछन् । यस किसिमको सामाजिक वनोटले यस नगरपालिकालाई सांस्कृतिक विविधताको धनी नगर बनाएकोछ जुन सास्कृतिक पर्यटन विकासको ठुलो आधार हो । यस विविधता बीचको दिगो प्रयासबाट मात्रै यस नगरपालिकाको समृद्धि सम्भव रहेकोछ ।

ग. **भौगोलिक विविधता सहितको प्राकृतिक सौन्दर्य**

केवल २८४.०७ वर्ग कि.मि क्षेत्र भएको शिवराज नगरपालिका भित्र थुप्रै उब्जाउ जमिन तथा नदी उपत्यकाहरू, भिरालो पहाडी भाग, गुफा, पहरा तथा दृश्यावलोकनका लागि आकर्षक रूपमा चुलिएका चुरे पहाड, जल भण्डारको रूपमा रहेका नदीनाला तथा खोल्साहरू, हरियाली जङ्गल, समुन्द्री सतहदेखि ९४ मिटर देखि ११७ मिटर (७०० फिटदेखि १०० फिट) सम्मको उचाईमा भौगोलिक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ ।

**घ. सुशासन**

सार्वजनिक सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीहरूको सोच, चिन्तन, विचार र व्यवहारमा सकारात्मक परिर्वतन गरी नगरपालिकाको सामाजिक तथा आर्थिक विकाससंगै सेवा प्रवाहलाई गुणस्तरीय, चुस्तदुरूस्त तथा प्रभावकारी वनाउन जरूरी छ । पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता, विधिको शासन र आवधिक निर्वाचन जस्ता सुशासनका आयामहरू व्यवहारमा उतार्न आवश्यक छ र त्यसको प्रत्याभूति हुनु पर्दछ । सुशासनको परिधिभित्र आर्थिक विषयवस्तु पर्ने भएकाले शिवराज नगरपालिकाले सुशासन प्रवर्द्धन गर्नमा दत्तचित्त भएर लागेको पाइन्छ ।

## १.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु

शिवराज नगरपालिकाको प्रथम आवधिक नगर विकास योजना तर्जुमा गर्दा निम्नानुसारका मुख्य आधारहरू लिइएको छ :

(क) नेपालको संविधान (प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड, अन्तरसम्बन्ध तथा अनुसूची ६, ७, ८ र ९) मा रहेका कार्य जिम्मेवारी लगायतका विषय,

(ख) दिगो विकास लक्ष्य (२०७२-२०८७) र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता र सन्धि, सम्झौता र पन्ध्रौं योजनाका लक्ष्यहरू,

(ग) नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को दूरदृष्टिका लक्ष्यहरू,

(घ) लुम्विनी प्रदेशले निर्धारण गरेको "समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउन" दिर्घकालिन सोच,

(ङ) शिवराज नगरपालिकाले यस अघि निर्माण गरी कार्यान्वयन गरेका विभिन्न विकास योजनाहरू सम्बन्धी दस्तावेज

(च) नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ का नीति तथा कार्यक्रममा उल्लेख भएका विषय,

(छ) नेपाल सरकार, प्रदेश र नगरपालिका विभिन्न घोषणा, नीति तथा कानून, विभिन्न राजनैतिक दलका घोषणा पत्रहरू,

(ज) विभिन्न चरण यस अघिका रणनीतिक योजनाहरूमा यस नगर विकास योजना तर्जुमा प्रक्रिया अवधिमा आयोजना गरिएका सहभागितात्मक योजना तर्जुमा प्रकृयाहरूबाट प्राप्त निचोड ।

यस आवधिक नगर विकास योजना तर्जुमा अवधिमा र यसपूर्व विभिन्न समयमा भएका अध्ययन, सहभागितामूलक छलफल आदिका माध्यमबाट नगरको विकासलाई निर्देशित गर्न र उपलब्ध सीमित श्रोत साधनको अधिकतम उपयोग गरि गुणात्मक लाभ प्राप्त गर्न नगरका अग्रणी क्षेत्रहरूको पहिचान गरि दीर्घकालीन सोंच निर्धारण गरिएको छ । कृषि र उद्योग व्यवसायलाई नगरको अग्रणी क्षेत्र भनि कायम गरिएकोछ । निर्धारित सोंचको आधारमा रणनीति, कार्यनीति र कार्यक्रमहरू गरिएका छन् । दीर्घकालीन सोंच निर्धारण भइ विभिन्न लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम सहितको योजना तर्जुमा गरी आगामी वर्षबाट यहि योजनाका आधारमा बार्षिक कार्यक्रमहरू निर्धारण गरिने छन् ।

## १.५ योजना तर्जुमा विधि

शिवराज नगरपालिकाको आवधिक नगर विकास योजना निर्माणको क्रममा निम्नानुसारका योजना निर्माणका चरण प्रक्रिया र विधिहरू अवलम्वन गरिएको छ :

### ➧ पहिलो चरण : आवधिक योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी

पहिलो चरण अन्तर्गत शिवराज नगर कार्यपालिकावाट आवधिक नगर विकास योजना तर्जुमा गर्ने नीतिगत निर्णय भई विभिन्न चरणका वैठक र नगर वस्तुस्थिति विवरण तथा संस्थागत सूचना संकलन लगायतका पूर्व तयारी गरियो ।

### ➧ दोश्रो चरण : योजना अभिमुखीकरण कार्यशाला

दोश्रो चरण अन्तर्गत कोभिड महामारीको अवस्थालाई ख्याल गरी भर्चुअल माध्यमबाट २०७८ जेठ २३ गते नगरपालिकाका कर्मचारी र नगरपालिकाको आयोजनामा २०७८ साल असार ६ गते परामर्शदाताको सहजिकरणमा आवधिक नगर विकास योजना तर्जुमा बिधि, प्रक्रिया सम्बन्धी अभमुखीकरण कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा नगर प्रमुख श्री नेत्रराज अधिकारी, उपप्रमुख श्री शिव कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद अर्याल, वडाअध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, किडाक नेपालका जिल्ला संयोजक श्री कृष्ण रावल र केही शाखा प्रमुखको सहभागिता रहयो । योजना तर्जुमा विज्ञको तर्फबाट,

टोली प्रमुख डा.शेषरमण न्यौपान, टोली सदस्यहरू प्रमोद भट्टराई, सुवासचन्द्र घिमिरे र दीपक कुमार श्रेष्ठ (भर्चुअल)को उपस्थिति रहयो । नगरपालिका प्रमुखको संयोजकत्वमा निर्देशक समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र कार्यपालिकाका सदस्यहरूको संयोजकत्वमा गठन हुने बिषय क्षेत्रगत समितिहरूलाई बिषय क्षेत्रगत जिम्मेवारीहरूका बारेमा समेत जानकारी गराईयो ।

- **तेश्रो चरण : आधाररेखा सूचना तथा तथ्यांक विश्लेषण**

आवधिक नगर विकास योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्यांक सूचनाका लागि नगरपालिकाबाट तयार गरिएको नगर वस्तुस्थिति विवरण (प्रोफाइल) मा उपलब्ध भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकाससंग सम्बन्धित विवरणहरू तथा अन्य राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा प्रकाशित, अप्रकाशित सूचनालाई आधार मानी तथ्यांक तथा सूचना संकलन एवं विश्लेषण गरियो ।

- **चौथो चरण : वडास्तरीय छलफल**

आवधिक योजना तर्जुमा अन्तर्गत शिवराज नगरपालिका भित्रका ११ वटै वडाहरूको छुट्टा छुट्टै मिति, समय र स्थानमा सार्वजनिक वडा स्तरीय प्रतिनिधिमूलक (कोभिड १९ महामारीको बन्दाबन्दीको कारण आम भेला हुन नसकेको) भेलाको आयोजना गरी वडा भित्रका समस्या, चुनौती रं सम्भावनाहरूका बारेमा छलफल गरियो । छलफलबाट आएका निष्कर्षहरूलाई यस आवधिक विकास योजनामा समावेश गरिएको छ ।

- **पाँचौ चरण : विषयगत छलफल र निर्देशक समितिको बैठक (विषय क्षेत्रगत रणनीति र कार्यक्रम विकास)**

वडास्तरीय छलफल पछि बिषय क्षेत्रगत संभावना र अवसर तथा समस्या चुनौतिको विश्लेषणको आधारमा बिषय क्षेत्रगत उद्देश्य तर्जुमा, बिषय क्षेत्रगत लक्ष्य परिमाण, सूचक निर्धारण गरी त्यस्ता लक्ष्य सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीतिहरू, विषय क्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्यांकनको खाँका तयारीका लागि विभिन्न चरणमा विषयगत छलफल गरियो । निर्देशक समितिको बैठकमा विषयगत समिति सम्मको कार्यप्रगति प्रस्तुतिकरण गरी थप सुझाव संकलन गरियो ।

- **छैठौ चरण : पृष्ठपोषणको कार्य**

कोभिड-१९को महामारीका कारण ठूलो जमघट हुन कठिनाई भएकाले विषयगत समितिमा व्यापक परामर्श पश्चात तयार भएको मस्यौदा प्रतिवेदन माथी थप सुभाव लिन मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण कार्यशालाको आयोजना गरियो । २०७८ असोज २० गते वडा नं ५ वडा समितिको सभाहलमा नगर प्रमुख श्री नेत्रराज अधिकारीको अध्यक्षतामा मस्यौदा प्रस्तुतीकरण कार्यक्रमको आयोजना थियो । विषयगत योजनाको छुट्टा छुट्टै प्रस्तुती गरी समुहगत छलफल तथा सुझाव सक्लनको कार्य गरियो । प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा तयार भएको अन्तिम मूयौदा पुनः छलफल गर्न उप प्रमुख श्री शिव कुमारी चौधरीको संयोजकत्वमा सबै क्षेत्र समेटिएको एक उप समिति गठन गरियो ।

- **आठौ चरण : योजना प्रमाणीकरण**

मस्यौदा प्रस्तुतिकरण कार्यशाला पश्चात उप प्रमुखको संयोजकत्वमा गठन भएको समिति पुनः सबै क्षेत्रहरुको सहभागितामा व्यापक छलफल गरि दस्तावेजलाई अन्तिम रुप दिइयो । आवधिक योजनाले लिएको लक्ष्य तथा सूचकहरु सहितको सारांश कार्यपालिकामा प्रस्तुत गर्न उप प्रमुख श्री शिव कुमारी चौधरी को नेतृत्वमा पाँच सदस्यिय कार्यदल पनि गठन गरिएको थियो ।

## १.६ जोखिम पक्ष

मुलुकमा संघीयताको कार्यान्वयन संक्रमणमा रहेको अवस्था छ । कोभिड-१९ को विश्वव्यापी महामारीले जनजीवन कष्टकर भै पूर्वाधार निर्माण सुस्त रहेको, पर्यटनका गतिविधिमा सुस्तता छाएको, उद्योग तथा

ब्यापार असहज अवस्थामा रहेको तथा सेवा प्रवाहको अवस्था समेत कमजोर भएको कारण मुलुककै आर्थिक तथा सामाजिक विकासको अवस्था कमजोर हुन पुगेकोछ । यस्तो अवस्थामा तयार भएको यस प्रथम नगर विकास योजनाको कार्यान्वयनमा देहाय बमोजिमका जोखिम पक्षहरू रहनेछन् :

(क) कोभिड-१९ को विभिन्न लहरहरूले कुन हदसम्म आर्थिक तथा सामाजिक विकासका प्रक्रियामा प्रभाव रहला भन्ने कुराको आँकलन हुन बाँकी नै छ । कोभिड-१९ पछिको पुर्नउत्थानको अवस्था कस्तो होला भनी अनुमान गर्नु पर्ने अवस्था आएकोछ ।

(ख) संघ, प्रदेश र स्थानीय तहबीच नीति योजना तथा बजेट कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी नभै सकेको अवस्थामा यसमा स्पष्टता गर्दै जानुपर्ने अवस्था छ । विद्यमान अवस्थामा तीनै तहका सरकारबीच अपेक्षित समन्वय तथा सहकार्यको प्रणाली विकास हुन बाँकी नै छ । तीनै तहले कार्यान्वयन गर्ने आयोजनाहरूको प्रष्ट वर्गीकरण भइ नसकेको सन्दर्भमा आयोजनाको लागि स्रोत व्यवस्थापन गर्ने तथा कार्यान्वयन गर्ने कार्यलाई जोखिममुक्त गर्न आवश्यक छ ।

(ग) नीति, योजना, बजेट तथा कार्यक्रमको कार्यान्वयनमा कर्मचारीतन्त्रको मुख्य भूमिका रहन्छ । नगरपालिकामा विषयगत कर्मचारीहरू समायोजन भएका छन् । नगरपालिकाको विद्यमान जनशक्तिलाई थप विज्ञता प्रदान गर्नका लागि क्षमता विकासका कार्यक्रम अपेक्षित रूपमा सञ्चालन हुन सकेको छैन यसबाट नवपरवर्तनकारी तथा ठुला योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुमा पनि केही जोखिम रहेको छ ।

(घ) नगरपालिको दीर्घकालीन सोच तथा बढ्दो जनअपेक्षा अनुरूप सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न केही महत्वाकांक्षी योजना समेत प्रस्ताव गरिएकोले यसका लागि स्रोत जुटाउने कार्यमा जोखिम रहेकोछ ।

(ङ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश सरकारको आवश्यकता र राजस्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

(च) पूर्वाधार निर्माण तथा आर्थिक विकासका लागि आवश्यक पर्ने प्रविधि तथा दक्ष जनशक्ति प्राप्त गरी समग्र प्रादेशिक विकास गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

(छ) नगरपालिकाको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

# परिच्छेद दुई : योजना खाका

## २.१ पृष्ठभूमि

ऐतिहासिक संविधान सभा मार्फत निर्माण भएको नेपालको संविधान, स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचन पश्चात कार्यान्वयनको दोस्रो चरणमा प्रवेश गरेको छ । सामाजिक न्याय, समतामुलक समाज, लोकतन्त्र, मानव अधिकार, राजनीतिक स्थायित्व, स्थिर सरकार र समृद्धिको बाटोमा नेपालको कदम अघि बढिसकेको अवस्थामा संविधान अन्तर्गत रहेर हरेक तहका सरकारले कानुन निर्माण, नीति तथा योजना निर्माण, संस्थागत संरचना विकास र सुशासनको क्षेत्रमा दीर्घकालीन योजना तयारी गर्दै विकासका योजना तथा कार्यक्रमहरू तयार पार्ने कार्य शुरु भएको छ । संविधानमा उल्लेख गरिएको स्थानीय तहको अधिकार राज्यका निर्देशक सिद्धान्त, नीति, संघीय एवं प्रदेश सरकारको कानून तथा नीतिले स्थानीय तहको विकासलाई मार्गनिर्देशन गरेको हुनु पर्दछ । संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहको अधिकारहरू मध्ये स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ ।

## २.२ अवसर र चुनौति

शिवराज नगरपालिकाको योजना कार्यान्वयनका र नगर क्षेत्रको आर्थिक समृद्धि हासिल गर्ने निम्नानुसारको अवसर र चुनौति रहेको देखिन्छ ।

**(क) अवसर**

१. स्थानीय तहमा निर्वाचन सम्पन्न भै अधिकार सम्पन्न स्थानीय सरकारहरू संचालनमा रहेकाले विकासका कामहरू गर्न सहज वातावरण बन्नु ।
२. नगरको आर्थिक विकास र समृद्धिका लागि राजनैतिक स्थीरताको अवस्था हुनु र समृद्ध नगर निर्माण गर्ने नगरबासीको साझा प्रतिवद्धता हुनु ।
३. नगरमा सामाजिक र राजनैतिक चेतनास्तरको विकास भै विकास र समृद्धिका बहस शुरू हुनु ।
४. नगर क्षेत्रमा क्रमशः उद्यमशीलता र व्यावसायिकता बढ्दैजानु ।
५. वैदेशिक रोजगारीबाट फर्केका केही युवा सिर्जनशील र उद्यमशील कार्यमा लाग्नु ।
६. देशकै ठूलो गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल संचालनको अन्तिम चरणमा र ऐतिहासिक वुद्ध जन्मस्थल लुम्बिनी कपिलवस्तु जिल्लामा हुनु ।
७. नगरमा विकासका साझेदारहरूले लगानी तथा सहयोग बढाउन सक्ने अवसर रहनु ।
८. आधुनिक प्रविधि प्रयोग गरी उत्पादन लागत घटाउन र यान्त्रिकीकरण बढाउन सकिने अवस्था रहनु
९. जनसंख्यामा युवाको बाहुल्यता रहेकाले जनसांख्यिक लाभ लिन सकिने अवसर रहनु ।
१०. संघ, प्रदेश, छिमेकी पालिका तथा छिमेकी देश भारतसित सहज आवद्धता हुनु ।

**(ख) चुनौति**

१. व्यवस्थित शहरीकरणको व्यवस्थापन गर्नु ।
२. परम्परागत शैलीमा रहेको कृषि प्रणालीलाई आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण तथा बजारीकरण गर्नु ।
३. युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्नु ।
४. छिमेकी मुलुक भारतबाट आयात हुने वस्तुसँग यहाँका कृषि उपजलाई प्रतिस्पर्धी बनाउनु ।
५. कृषि क्षेत्रमा सहुलियतपूर्ण ऋण पर्याप्त मात्रामा उपलब्ध गराउनु, सिंचित क्षेत्र व्यापक रूपमा विस्तार गर्नु ।

६. नगरमा उद्यमशीलता विकास गर्न आवश्यक भौतिक पूर्वाधार, दक्ष श्रमिक र सहुलियत कर्जा प्रयाप्त मात्रामा उपलब्ध गराउनु ।
७. पर्यटकीय स्थलको पहिचान र पूर्वाधारको विकास, प्रचारप्रसार गरी लाखौको संख्यामा लुम्बिनी भित्रिने पर्यटकलाई शिवराजसम्म आकर्षित गर्नु ।
८. मानवीय पूँजी निर्माणका लागि शिक्षा र स्वास्थ्यको सहज पहुँच र गुणस्तर सुधार गर्नु ।
९. सेवाप्रवाह छिटोछरितो, प्रविधिमैत्री एवम् विकास आयोजना समयमा सम्पन्न नहुने प्रवृति अन्त्य गर्नुका साथै सुशासन कायम गरी भ्रष्टाचार मुक्त नगरपालिका बनाउनु ।
१०. युवाहरू वैदेशिक रोजगारीमा जाने प्रवृत्ति कम गर्दै नगरमा रोजगारी सृजना गरी आर्थिक समृद्धिका लागि आवश्यक सिप र क्षमता भएका जनशक्ति उत्पादन गरी शैक्षिक वेरोजगारी घटाउनु एवम् श्रम बजारमा श्रमको माग र आपूर्तिको सन्तुलन मिलाउनु ।

## २.३ दिगो विकास लक्ष्यसँगको सम्बन्ध

नेपालले दिगो विकास लक्ष्य (सन् २०१६ देखि २०३० अर्थात बि.सं. २०७२ देखि २०८७) कार्यान्वयनको लागि १७ वटा लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र ४७९ सूचक निर्धारण गरेको छ । विकासका हरेक आयामहरूमा कसैलाई पनि पछाडि नछोडी सँगसँगै अगाडि लैजाने प्रतिबद्धताका साथ यी लक्ष्यहरूले सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गरी सबै स्वरूप र किसिमका गरिबीको अन्त्य गर्ने, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ इन्धन र वातावरण, भयमुक्त कार्यस्थल र वासस्थानको निर्माण गर्ने, विकासमा सबै तह र तप्काको समान साझेदारिता र हिस्सा, मानव अधिकारको प्राप्ति, सबै महिला तथा बालबालिकाको लागि लैङ्गिक समानता तथा सशक्तीकरण हासिल गर्ने उद्देश्य राखेका छन् । शिवराज नगरपालिकाले आफ्नो यस प्रथम आवधिक नगर विकास योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई आत्मसाथ गर्दै सामाजिक तथा आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई स्थानीयकरण गर्ने अभ्यासको थालनी गरेको छ ।

## २.४ राष्ट्रिय पन्ध्रौ योजनाको सोच

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मकोलागि राष्ट्रिय सोच – **समृद्ध नेपाल, सुखी नेपाली** विक्रम सम्वत् २१०० का सूचक सहितको पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ । सन् २०१५ मा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सवै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका कार्यसूचीलाई नेपालले प्रतिवद्धता जनाईसकेको अवस्थामा त्यसै प्रतिवद्धता अनुरूप राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरूलाई समाहित गरी दीर्घकालिन सोच सहितको १५ औं आवधिक योजना तर्जुमा गरिएको र स्थानीय तहको योजना प्रक्रियालाई समेत दिगो विकास उन्मुख बनाउने गरी योजना तर्जुमा दिग्दर्शन (नमूना) उपलव्ध गराएको छ ।

## २.५ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य

लुम्बिनी प्रदेश सरकारले प्रदेशको प्रथम पञ्चवर्षीय योजनाद्धारा तयार पारिएको योजनामा लुम्बिनी प्रदेशको समग्र विकासको लागि अल्पकालीन लक्ष्य विक्रम सम्वत् २०७६/०७७ देखि २०८०/०८१, मध्यमकालीन लक्ष्य वि.सं. २०७६/७७ देखि २०८७ र दीर्घकालीन लक्ष्य २०७६/०७७ देखि २१०० सम्मकालागि प्रादेशिक दीर्घकालीन सोच – **समृद्ध प्रदेशः खुशी जनता** (उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता) र **समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने** प्रादेशिक लक्ष्य प्राप्तहुने गरी समृद्धि र सुखका मुख्य सूचकहरू निर्धारण गरिएका छन् । यसै सन्दर्भमा दिगो विकासका लक्ष्य, संघीय र प्रादेशिक योजनालाई समेतको आधार लिई स्थानीय तहको संस्थागत विकास र आर्थिक समृद्धिको खाँका सहितको शिवराज नगरपालिकाको आवधिक योजना निर्माण गरिएको छ ।

## २.६ नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

आवधिक योजनामा दीर्घकालीन सोचको निर्धारण गरी तदनुसार लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तर्जुमा गरी यिनीहरू बीच अन्तरसम्बन्ध स्थापित गर्न आवश्यक हुन्छ । यसै अनुरूप नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम निर्धारण गरी नतिजा खाँकासंग आवद्ध गरिएको छ ।

**सोच**

"स्वास्थ्य, शिक्षा, कृषि, उद्योग पर्यटन र दिगो पूर्वाधार,
समृद्ध शिवराजको मूल आधार"

यस दीर्घकालीन सोचे समेट्ने मूख्य मूख्य क्षेत्रहरु यस प्रकार छन् :

| **दीर्घकालीन सोचले समेट्ने क्षेत्र** | |
|---|---|
| स्वास्थ्य र शिक्षा | १. स्वास्थ्य सेवाको पहुँच<br>२. शिक्षाको गुणस्तरमा वृद्धि |
| कृषि विकास | १. कृषिमा आधुनिकीकरण,<br>२. कृषि प्रवर्द्धनमा युवा परिचालन,<br>३. उत्पादनको बजारीकरण |
| दिगो पुर्वाधार | १. वातावरण मैत्री पुर्वाधार<br>२. विपत प्रतिरोधी पूर्वाधार |
| समृद्धि | १. लाभ वितरणमा समानता<br>२. मानव विकास सूचकाङ्कमा वृद्धि<br>३. उत्पादन र उत्पादकत्व वृद्धि<br>४. लगानीका अवसरहरू विस्तार गरी रोजगारी अभिवृद्धि |

**लक्ष्य**

"आर्थिक, भौतिक पूर्वाधार र सामाजिक क्षेत्रको सन्तुलित विकासका माध्यमबाट नगरवासीहरूको जीवनस्तर मर्यादित तथा गुणस्तरीय बनाउने ।"

**उद्देश्यहरू**

१. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक तथा सामाजिक विकासको आधार तयार गर्नु,

२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्नु,

३. गुणस्तरीय तथा प्रयोगकर्तामैत्री पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु,

४. वातावरणीय सन्तुलन एवं जल, जमिन, जङ्गल, जैविक विविधता जस्ता प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्नु,

५. संस्थागत तथा जनशक्तिको क्षमता विकास गरी सुशासन अभिवृद्धि गर्नु ।

## २.७ रणनीति र कार्यनीति

*तालिका १ : समग्र रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने, | १. उच्चमूल्य श्रृङ्खलामा आधारित कृषि उत्पादन, पर्यटन पूर्वाधार तथा साना तथा मझौला उद्योगको लगानीमा निजीक्षेत्रलाई प्रोत्साहन गर्न स्थानीय नीति र कानूनमा सुधार गरिनेछ ।<br>२. प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू (उच्चमूल्य कृषि, पर्यटन, कृषिजन्य तथा अन्य उद्योग एवं नदीनालाहरूको उपयोग) मा प्राथमिकता तोकी बैंक तथा वित्तीयक्षेत्रलाई त्यसतर्फ लगानी गर्न प्रोत्साहित गरिनेछ ।<br>३. प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिल्याउन र लगानी प्रवर्द्धन गर्न अन्तर सरकार, अ/गैसस, निजीक्षेत्र, विकास साझेदार, अन्तर स्थानीय तह, वाह्य लगानीकर्ता आदि सवैसंग समन्वय र साझेदारी गरिनेछ । |
| २. विकासका अवसर र लाभहरूमा समतामूलक पहुंच सुनिश्चित गर्ने, | १. नगरपालिकाका सवै वडा र टोलको विकासका सूचकहरू बनाई विकासमा सन्तुलन कायम गरिनेछ ।<br>२. विकासमा पछाडि परेका वर्ग र समुदायको समतामूलक विकास गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ ।<br>३. विकासमा पछि परेका र पारिएका समुदायको क्षमता विकास, विकासमा पहुंच र सहभागिता अभिवृद्धि गर्न सामाजिक परिचालनका कार्यक्रम संचालन गरी गरिनेछ । |
| ३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुंच अभिवृद्धि गदै मौलिक हकको प्रत्याभूत गर्ने, | १. आधारभूत शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता सेवाहरूको न्यूनतम गुणस्तर मापदण्ड तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. आधारभूत सेवामा विपन्न र पछाडि परेका वर्गको समतामूलक पहुंच पुयाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ ।<br>३. सकारात्मक सोच, जीवन उपयोगि सीप, नैतिक शिक्षा जस्ता कुराहरूलाई विद्यालय पाठ्यक्रममा समावेश गर्न प्रदेश सरकारसंग समन्वय गरिनेछ ।<br>४. योग, शारिरिक व्यायाम, खानपान आदि स्वास्थ्य र पोषण सम्वन्धी कुरामा चेतनामूलक कार्यक्रम संचालन गरी यसलाई नागरिकको |

| | |
|---|---|
| | दैनिक जीवन प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।<br>५. परम्परागतरूपमा वसोवास गर्दै आएका जातजातिको ज्ञान, सीप, व्यवसाय, भाषा सस्कृतिलाई संरक्षण गर्दै समय सापेक्ष बनाउदै लगिनेछ । |
| ४.गुणस्तरीय र प्रयोगकर्ता मैत्री पूर्वाधारहरूमा सवैको पहुँच सुनिश्चित गर्ने, | १. स्थानीय स्तरवाट निर्माण हुने सबै पूर्वाधारका न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. संघ र प्रदेशतहवाट निर्माण हुने संरचनाहरूमा पनि तोकिएको मापदण्डको पालना गराउन समन्वय गरिनेछ ।<br>३. प्रयोगकर्ता मैत्री पूर्वाधारहरू निर्माण गरिनेछ । |
| ५. वातावरणीय सन्तुलन एवं जल, जमीन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने, | १. विकास र वातावरण वीच सन्तुलन कायम हुने गरी विकासका संरचनाहरू निर्माण गरिनेछ ।<br>२. वातावरण संरक्षण एवं प्राकृतिक श्रोतको व्यवस्थापनमा अन्तर स्थानीय तहको समन्वय गरिनेछ ।<br>३. साझेदारी एवं स्थानीय जनताको सहभागिता र अपनत्व अभिवृद्धि गराइनेछ ।<br>४. वातावरण संरक्षण एवं प्राकृतिक श्रोतको व्यवस्थापनसंग आय आर्जन र रोजगारीका कार्यक्रमहरूलाई आवद्ध गरिनेछ । |
| ६. सुशासन सम्वन्धि नीतिगत तथा कानूनी एवं सस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वियन गर्ने । | १. सुशासन सम्वन्धी आवश्यक नीति तथा कानूनहरू तर्जुमा गरिनेछ ।<br>२. हालसम्मका राम्रा सिकाई र सवल पक्षहरूको संरक्षण गर्दै सस्थागत सुदृढीकरण र मानव श्रोतको क्षमता विकास गरी विकास कार्यक्रम र सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।<br>३. वित्तीय अनुशासन कायम गर्दै वेरुजु शुन्य नगरपालिका बनाइनेछ ।<br>४. गुनासो सुन्ने संयन्त्रको प्रभावकारितामा अभिवृद्धि गरिनेछ ।<br>५. भष्ट्राचार मुक्त नगर बनाउन शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । |

## २.८ अपेक्षित परिमाणात्मक लक्ष्य

*तालिका २ : अपेक्षित परिमाणात्मक लक्ष्य*

| सूचक | इकाई | आधार रेखा (०७६/७७) को अवस्था | योजना अन्तिम वर्ष (०८२/८३)को लक्ष्य |
|---|---|---|---|
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१* | **०.५५** |
| आर्थिक बृद्धि | प्रतिशत | ५.३ | **८.३** |
| वार्षिक प्रति व्यक्ति आय | डलर | ८०३* | **१५००** |
| बहुआयामिक गरिबी | प्रतिशत | २९.९२* | **१५** |
| साक्षरता | प्रतिशत | ७५.२३ | **९५** |
| माध्यमिक तह (९-१२) मा कूल भर्नादर | प्रतिशत | ७२.७ | **९०** |

| सूचक | इकाई | आधार रेखा (०७६/७७) को अवस्था | योजना अन्तिम वर्ष (०८२/८३)को लक्ष्य |
|---|---|---|---|
| औसत आयु | वर्ष | ६७.५६ | ७० |
| सर्वयाम सडक | कि.मी | ९३.७७ | १२३ |
| वेरोजगारी | प्रतिशत | ११ | ७ |
| विद्युत सेवा प्राप्त घरधुरी | प्रतिशत | ८१ | १०० |
| खानेपानी सेवा प्राप्त घरधुरी | प्रतिशत | ८६.८ | १०० |
| अर्थतन्त्रमा कृषिको योगदान | प्रतिशत | ३३ | ३४ |
| अर्थतन्त्रमा गैर कृषिको योगदान | प्रतिशत | ५.५ | १२ |
| अर्थतन्त्रमा तृतीय क्षेत्र ( सेवा) योगदान | प्रतिशत | ३ | ९ |

*लुम्बिनी प्रदेशको आवधिक योजना

## २.९ महत्वपूर्ण उपलब्धी सूचकहरु

यो आवधिक योजना सम्पन्न भएपछि देहायका महत्वपूर्ण उपलब्धि प्राप्त भएका हुनेछन्:

१. आर्थिक रूपमा आत्मनिर्भर समाज तथा लगानी मैत्री नगरपालिका ।
२. पूर्ण साक्षर, किशोर किशोरी मैत्री तथा बालमैत्री नगरपालिका ।
३. पूर्ण सरसफाइ तथा स्वच्छ खानेपानीयुक्त नगरपालिका ।
४. ज्येष्ठ नागरिक तथा अपाङ्गता मैत्री नगरपालिका ।
५. प्रयोगकर्ता मैत्री सडक तथा पूर्वाधारयुक्त नगरपालिका ।
६. दुर्व्यसन तथा हिंसामुक्त नगर ।
७. यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री, लैङ्गिक समानता तथा समावेशीकरणयुक्त नगरपालिका ।
८. धार्मिक, सांस्कृतिक तथा पुरातात्विक पर्यटकीय नगरी ।
९. प्रविधि मैत्री नगरपालिका ।
१०. जलवायु संवेदनशिल हरित नगरपालिका ।
११. उज्यालो नगरी ।
१२. सुशासनमा अग्रणी नगरपालिका ।

## २.१० नगर गौरवका योजनाहरु

१. नगर अस्पताल निर्माण (५० शैया)
२. वसपार्क निर्माण
३. चक्रपथ निर्माण ४७ कि.मी.
४. हरियाली पार्क निर्माण
५. फोहरमैला विर्सजन केन्द्र अध्ययन तथा निर्माण
६. कवर्डहल निर्माण
७. भुमीगत ढल निर्माण (चन्दौटा बजार क्षेत्र)
८. ठूला सिंचाई आयोजना

# परिच्छेद ३ : आर्थिक क्षेत्र

आर्थिक क्षेत्र शिवराज नगरपालिकाको समष्टिगत विकास र समृद्धिको महत्वपूर्ण आधार हो । यस क्षेत्र अन्तर्गत कृषि, पशु विकास, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन, सहकारी तथा वित्तीय क्षेत्र र श्रम तथा वैदेशिक रोजगारी आदि उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची- ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य-१ (शुन्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) संग जोडिएका छन् । शिवराज नगरपालिकाले आर्थिक क्षेत्रको उद्देश्य **उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक तथा सामाजिक विकासको आधार तयार गर्नु** भन्ने निर्धारण गरेको छ । शिवराज नगरपालिकाले आर्थिक क्षेत्रको योगदानमा अभिवृद्धि, शिवराजको विकास र समृद्धि भन्ने अभियानका साथ अघि बढ्नेछ । विषय उपक्षेत्रगत विकास योजना यस प्रकार छन्:

## ३.१ कृषि विकास

### ३.१.१ पृष्ठभूमि

यस नगरपालिकाको लागि कृषि अर्थतन्त्रको मेरुदण्ड हो । नेपालको संविधानले वैज्ञानिक भूमिसुधार गर्ने, जग्गाको चाक्लावन्दी गरी उत्पादन र उत्पादकत्व बढाउने, भू-उपयोग नीतिको अवलम्बन गर्दै भूमिको समुचित उपयोग गर्ने, कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने, कृषि सामाग्री तथा उपजको उचित मूल्य र वजार पहुंचको व्यवस्था गर्ने नीति लिंदै यसलाई स्थानीय तहको अधिकार भित्र राखेकोछ ।

यस नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशु सेवा क्षेत्रको योगदान १४०.६६ करोड अर्थात करिव ३३ प्रतिशत रहेको छ । यस नगरपालिकामा १८ बर्ष उमेर पुगेका जनसंख्या मध्ये २३१६३ जना अर्थात ३१.४९ प्रतिशत कृषि पेशामा संलग्न छन् । नगरपालिकाको कुल क्षेत्रफलको ३३.९१ प्रतिशत जग्गामा खेती गरिन्छ भनें बाह्रै महिना सिँचाई हुने जमिनको प्रतिशत ४३.७२ रहेको छ । यहाँको दोमट माटो खेतीका लागि उपयुक्त रहेको छ । यहाँको कुल खेती योग्य जमिन मध्ये करिब ९५ प्रतिशत जमिन खाद्यान्न, दलहन र तेलहन लगायतका बालीका लागि उपयुक्त रहेका छन् ।

प्रमुख बाली उत्पादनमा अन्न १७८५६.९ मे.ट. दलहन १६१८.५ मे.ट, तेलहन ७९२.१ मे.ट, तरकारी ४५७.३ मे.ट, फलफुल ३२.४ र अन्य नगदे बाली १३११.७ मे.ट. रहेको छ । साधारणतया हाल नगरको जनसंख्या र उत्पादनलाई तुलना गर्दा प्रमुख बालीहरू बचत भई निर्यात भईरहेको अवस्था छ । खाद्यान्नमा धान, गहुँ र नगदे बाली अन्तरगत ऊखुको उत्पादन अत्यधिक हुने गरेको देखिन्छ ।

नगर क्षेत्रमा ९९ वटा अगुवा कृषक समूह, २६ वटा व्यवसायिक कृषि फर्म, १७८ जना सक्रिय व्यवसायिक अगुवा कृषक, १४ जना सकिय कृषि कार्यकर्ता (जेटिए), १४ वटा एग्रोभेट तथा बिउविजन केन्द्र, ४५ वटा कृषि सहकारीमा आवद्ध १२४६ जना किसान र ३ वटा व्यावसायिक नर्सरी संचालक रहेका छन् । त्यस्तै नगरपालिकामा एउटा कोल्ड स्टोर/रष्टिक स्टोर समेत रहेको छ । नगरपालिकामा मुख्यतः आइतबारे बेलौती, शुक्रबारे हल्लानगर, चन्द्रौटा हाटबजार, बाखा बजार (खसी बजार), सोमबारे नारायणडिहा, शनिबारे बनियाभार गरी ६ वटा हाटबजार केन्द्रहरू रहेका छन् ।

### ३.१.२ प्रमुख समस्या

स्पष्ट नीतिगत व्यवस्थाको अभाव, निर्वाहमूखी कृषि, सिंचाई सुविधाको न्यूनता, न्यून उत्पादकत्व, परम्परागत कृषि प्रविधि हुनु, प्राविधिक जनशक्तिको कमी, परम्परागत निर्वाहमुखि खेती प्रणाली, वाली विविधीकरण तथा आधुनिकीकरणको अभाव, उत्पादित वस्तुहरूको उचित मूल्य प्राप्त नहुनु, कृषि उपज संकलन केन्द्र तथा शीत भण्डारको कमी, सूचनाको कमी, रासायनिक औषधिको अत्यधिक प्रयोगले जनस्वास्थ्यमा असर पर्नु, कृषि सम्वन्धी काम गर्ने संस्थाहरूमा समन्वयको कमी, नदी कटानले कृषि जमिनको क्षयीकरण हुनु, प्राविधिक सेवाको कमी आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ३.१.३ चुनौति तथा अवसर

#### (क) चुनौति

भू-उपयोग नीति कार्यान्वयनमा ल्याउनु, उत्पादित वस्तुहरूको भारतिय बजारसंग मूल्यमा प्रतिस्पर्धा गर्नु, मूल्य श्रृङ्खलाका वस्तुहरू उत्पादन गर्नु, कृषिको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्नु, सवै कृषि जमिनमा बाहैं महिना सिंचाई सुविधा उपलब्ध गराउनु आदि प्रमुख चुनौति हुन ।

#### (ख) अवसर

उर्वर कृषि भूमिको उपलब्धता, आन्तरिक तथा छिमेकी देशको वजारको उपलब्धता, जैविक खेतीप्रतिको वढ्दो जागरण, कृषि स्थानीय सरकारको अधिकारमा हुनु, नगर क्षेत्रमा अवस्थित खोला स्रोत भएका कुलो एवं बोरिङ लगायतका भूमिगत श्रोतवाट अपार सिंचाईको सम्भावना हुनु, वढ्दो व्यवसायिक कृषि फर्म, वढ्दो कृषक समूहको उपस्थिति, मुख्य खाद्यान्न, तेलहन, दलहन र उखु जस्ता नगदे बाली आदिलाई मूल्यश्रृङ्खलामा आबद्ध गर्न सकिने अवस्था रहनु प्रमुख अवसर हुन् ।

### ३.१.४ उद्देश्य

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु
२. गुणस्तरीय उत्पादन गरी कृषि व्यवसायीकरण गर्नु

### ५.१.५ रणनीति तथा कार्यनीतिहरु

*तालिका ३ : कृषि विकास क्षेत्रको रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु** | |
| १.१ कृषि भूमिको व्यवस्थित उपयोग गर्ने | १. कृषि भूमिको व्यवस्थित उपयोगको लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिनेछ ।<br>२. कृषि भूमिको खण्डीकरणलाई निरुत्साहन गरिनेछ । भूमिको चाक्लावन्दी एवं गह्रा सुधार गरी सामुदायिक, निजी तथा सहकारी खेतीका लागि प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ ।<br>३. कृषि जमिनलाई बांझो राख्न नपाइने नीति अवलम्बन गरिनेछ ।<br>४. करार खेती गर्न आवश्यक प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ । |

| | |
|---|---|
| | ५. करारमा जग्गा दिने जग्गाधनीको जग्गाको पूर्ण संरक्षण हुने र निजको स्वामित्वमा कुनै असर नपर्ने प्रत्याभूति दिने व्यवस्था गरिनेछ । |
| १.२ जैविक (अर्गानिक) खेतीलाई प्रोत्साहन गर्ने | १. अर्गानिक खेती गर्न अनुदान, कृषि सामाग्री, सहुलियत ऋण आदि विविध प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ ।<br>२. अर्गानिक फलफूल र तरकारी, शिवराजको चिनारी भन्ने नारालाई अभियानको रूपमा संचालन गरिनेछ ।<br>३. जैविक मल बनाउने प्रविधि किसानहरूमा हस्तान्तरण गरिनेछ । व्यवसायिक रूपमा जैविक मल उत्पादन गर्न निजी क्षेत्रलाई आँसिक अनुदान र बैंक तथा वित्तीय सस्था मार्फत सहुलियत ऋण प्रदान गर्ने व्यवस्था गरिनेछ ।<br>४. जैविक उत्पादनको बजारीकरणकालागि सहकारी सस्थाहरूलाई परिचालन गरिनेछ ।<br>५. वैदेशिक रोजगारीवाट फर्किएका युवाहरूलाई व्यवसायिक जैविक खेती तर्फ प्रोत्साहित गरिनेछ ।<br>६. परिवारमा अत्यावस्यक उत्पादनका लागि घरबारी बगैचाको अवधारणालाई प्रोत्साहन तथा सहयोग गरिनेछ । |
| १.३ सिंचाई प्रणालीको विस्तार गर्ने | १. सिंचाई श्रोतहरूको उपयोग गरी सम्भाव्यता अनुसार सतह सिंचाई र भूमिगत सिंचाई प्रणालीको विकास र विस्तारद्वारा सर्वयाम सिंचाई उपलब्ध गराइनेछ ।<br>२. संचालित सिंचाई प्रणालीहरूको दिगो व्यवस्थापन गरी पूर्ण क्षमतामा उपयोग गरिनेछ ।<br>३. सिंचाई प्रणालीहरूको मर्मत संभारका लागि उपभोक्ताको योगदानमा आधारित मर्मत संभार कोष खडागरी त्यसैबाट नियमित मर्मत संभार गरिनेछ । |
| १.४ मौरीपालन तथा मह उत्पादन बृद्धि गर्ने । | १. मौरी आदि पालन तर्फ किसानलाई आकर्षित गराउन कृषक जागरण अभियान संचालन गरिनेछ ।<br>२. मौरी पालन कृषकहरूको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>३. वैदेशिक रोजगारवाट फर्किएका युवाहरूलाई व्यवसायिक मौरी पशुपालनमा आकर्षित गरिनेछ ।<br>४. महको उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्न कृषकहरूलाई प्रशोधन, प्याकिङ आदि गर्ने प्रविधि हस्तान्तरण एवं वित्तीय सहुलियत दिइनेछ । सहकारी मार्फत सस्थागत रूपमा उत्पादन र प्रशोधन गर्न प्रोत्साहित गरिनेछ । |
| **उद्देश्य २: गुणस्तरीय उत्पादन गरी कृषि व्यवसायीकरण गर्नु** | |
| २.१ वाली विविधिकरण गर्ने | १. कृषि क्षेत्रलाई वांझो रहन नदिने गरी संधै हरियाली हाम्रा खेतबारी भन्ने नीति अवलम्वन गरिनेछ ।<br>२. छिटो पाक्ने बालीको खेती गरी बर्षमा तीन वाली लगाउन प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | ३. माटोको गुणस्तरका आधारमा उपयुक्त वाली लगाउन कृषकहरूलाई प्रोत्साहित गरिनेछ ।<br>४. विशिष्टिकृत वालीहरू जस्तै धान, उखु, केरा, लिची, आँप जस्ता वालीहरूको खेतीमा विशेष प्रोत्साहन दिइनेछ ।<br>५. नगरपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता हुनेगरी उत्पादन, भण्डारण र व्यवस्थापन गरिनेछ ।<br>६. वासानादार मसिना प्रजातीको धान र रैथाने विउ संरक्षण गरिनेछ ।<br>७. तरकारी तथा कृषि उपज उत्पादनका लागि पकेटलाई विस्तार गरिनेछ । |
| २.२ कृषि उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्ने | १. मूल्यका वालीहरू उखु, फलफुल, तरकारी, दलहन, तेलहन आदि खेतीका लागि कृषकहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. छनौट गरिएका उच्च मूल्य बालीको नमूना क्षेत्रहरू निर्माण तथा विस्तार गरिनेछ ।<br>३. उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्न प्रशोधन, भण्डारण, प्याकिङ, ब्राण्डिङ आदि गर्ने उद्योग तथा सेवा स्थापनामा प्रोत्साहन गरिनेछ ।<br>४. कृषिमूल्यको श्रृङखलालाई सवलिकरण गर्न शीत भण्डार स्थापना गरिनेछ ।<br>५. उच्च मूल्यका वालीका लागि विउ उत्पादन, आपूर्ति, जैविक मलको उत्पादन, प्रविधिको विकास र हस्तान्तरणको लागि कृषि अनुसन्धान सस्थाहरू, निजीक्षेत्र, कृषक समूह, सहकारी आदिसँग समन्वय र सहकार्य गरिनेछ ।<br>६. उच्चमूल्य कृषि उत्पादन, नवीन एवं उच्च प्रविधि प्रयोग, यान्त्रीकिकरण, मूल्य श्रृङ्खला आदि लगायत सवै प्रकारका कृषि अनुसन्धानलाई जोड दिइनेछ । यसकालागि कृषि विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूसँग समन्वय गरिनेछ ।<br>७. कृषक घुम्ति पाठशाला संचालन गरी कृषकहरूमा ज्ञान, प्रविधि र अनुभवको आदान प्रदान गर्ने व्यवस्था गरिनेछ । |
| २.३ गुणस्तरीय कृषि उत्पादन गरी वजारको पहुँच विस्तार गर्ने | १. कृषि विकास सम्वन्धी सस्थाहरू तथा कृषकहरूको क्षमता विकास, उन्नत प्रविधिको प्रयोग र जैविक खेतीद्वारा गुणस्तरीय कृषि वस्तुहरूको उत्पादन गरिनेछ ।<br>२. कृषि उपजको संकलन, भण्डारण र वजारीकरण गर्न सहकारी क्षेत्रको उपयोग गरिनेछ ।<br>३. कृषि उपजको राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा पहुँच विस्तार गर्न सहजीकरण गरिनेछ ।<br>४. वार्षिक कृषि तथा पशुमेला आयोजना गरिनेछ ।<br>५. नगरपालिकामा कृषि उपज सूचना प्रणाली स्थापित गरी कृषि उपजको छिमेकी देशका नजिकका बजार र देशभित्रका महत्वपूर्ण शहर, बजारको दर भाउको सूचना प्राप्त गर्ने व्यवस्थाका लागि पहल गरिनेछ ।<br>६. कषि अनुदान कार्यक्रमलाई कृषि बीमामा आवद्ध गरिनेछ । साथै कृषि बालीको बीमा गर्ने व्यवस्थाका लागि बीमा कम्पनीहरूसँग प्रभावकारी समन्वय गरिनेछ । |

### ३.१.६ प्रमुख  कार्यक्रम

१. वगर खेती प्रर्वद्धन (वडा नं. ८ को देविपुर र विलरहवा सुरही नदीको बगरमा)
२. जैविक खेती विकास
३. सिंचाई प्रणालीको विकास र दिगो व्यवस्थापन
४. वाली विविधीकरण
५. विशिष्टिकृत र नगदेवाली विकास
६. पकेटक्षेत्र प्रवर्द्धन र विकास (तरकारीका लागि १, ३ र ५, वडा नं.३, ६, ७, ९, १० र ११ मा धान, ७ मा गहुँ तथा १ र ५ मा मौरी, फलफुल २ र ६)
७. कृषि वस्तुको बजारीकरण र संकलन केन्द्र संचालन
८. कृषि वीमा
९. कृषि एम्वुलेन्स
१०. कृषक क्षमता विकास तालिम ।

### ३.१.७ अपेक्षित  उपलब्धि

यस नगरपालिकाको कूल गार्हस्थ्य उत्पादनमा कृषि (पशुसेवा सहित) क्षेत्रको योगदान १७२.३१ करोड पुगेको हुने, वाह्रै महिना सिचाई हुने जमिनको प्रतिशत ७० पुगेको हुने, खाद्यान्न उत्पादन २२६८७ मे.ट, तरकारी ५७७ मे.ट., फलफुल ४२ मे.ट. पुगेको हुने, ४६ वटा व्यवसायिक कृषि फर्म, गुणस्तर परीक्षण गरि जैविक उत्पादनको प्रमाणीकरण भएको हुने, व्यवसायिक नगदे बाली (उखु) उत्पादन लगायतका क्षेत्र वृद्धि भएको हुने साथै कृषि सहकारीमा आवद्ध किसानको संख्या ३५०० पुगेको हुनेछ ।

## ३.२ पशु, पक्षी तथा मत्स्य विकास

### ३.२.१ पृष्ठभूमि

पशुपंक्षी तथा मत्स्य पालन, खाद्य तथा पोषण तथा जैविक मलको महत्वपूर्ण श्रोत हुनुका साथै यसले नगरपालिकाको आय आर्जन र रोजगारीमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालको संविधानले पशु विकास र पशु स्वास्थ्यलाई स्थानीय सरकारको एकल अधिकार सूचीमा राखेको छ ।

नगर क्षेत्रमा व्यवसायिक फर्ममा बाहेक मासुजन्य उत्पादनका लागि भेडाबाखा वा खसी बोका, सुंगुर वा बंगुर, कुखुरा, हाँस, टर्की, राँगा र माछा पालन हुने गरेको छ । शिवराज नगरपालिकामा करिब एक तिहाई घरधुरीले पशुपालन व्यवसाय गरेका छन् । हाल नगर क्षेत्रमा ३ वटा गाई, २ डेरी सहकारी, ११ डेरी, ४३ बाखा, १३३ वटा भैंसी, ४४ वटा कुखुरा पालन फर्महरु रहेका छन् । त्यसैगरी नगर क्षेत्रमा साना ठूला गरी १०७ वटा माछा पोखरी (२५ सार्वजनिक) छन्  ।

### ३.२.२ प्रमुख समस्या

तुलनात्मक रूपमा माछा एवं पशुपंक्षीजन्य उत्पादन न्यून हुनु, कृषकसम्म उन्नत प्रविधि हस्तान्तण भई नसक्नु, प्राविधिक ज्ञानको कमी, उच्च नश्लका पशुपालनको कमी, पशु रोग वढ्दो मात्रामा हुनु, व्यवसायिकताको कमी, चरन क्षेत्रको न्यूनता, पशुदानाको अभाव, पशुसेवाको क्षेत्रमा सरकारवाट प्रदान गरिने प्रोत्साहनात्मक कार्यक्रम बारे कृषकलाई पर्याप्त जानकारी नहुनु, आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ३.२.३ चुनौति र अवसर

**(क) चुनौति**

पशुजन्य उत्पादनको प्रतिस्पर्धात्मक क्षमता वढाउनु, गुणस्तरीय उत्पादन गर्नु, उत्पादनको विविधिकरण गर्नु, विशिष्टिकृत एवं व्यवसायिक उत्पादन वढाउनु, उन्नत नश्लका पशुवस्तुहरू भित्र्याउनु, उत्पादनलाई उच्च मूल्य श्रृङ्खलामा आवद्ध गर्नु, चरन क्षेत्रको व्यवस्था गर्नु, कृषकहरूमा गुणस्तरीय पशुपंक्षीजन्य उत्पादनको ज्ञान, सीप र प्रविधि वारे चेतना जगाउनु आदि प्रमुख चुनौति हुन् ।

**(ख) अवसर**

संविधानतः स्थानीय तहको अधिकारक्षेत्रमा पर्नु, स्थानीय जनप्रतिनिधिहरूको प्राथमिकतामा पर्नु, आन्तरिक तथा अन्तराष्ट्रिय बजारसम्म पहुँच हुनु, व्यवसायिक पशुपंक्षी, माछा फर्ममा कृषकको रुची बढ्दै जानु, उन्नत नश्लको बढ्दो रुचि र कृत्रिम गर्भाधानमा आकर्षण वढ्नु, निजी क्षेत्रको आकर्षण बढ्दो मात्रामा हुनु आदि अवसरको रूपमा रहेका छन् ।

## ३.२.४ उद्देश्य

१. पशुपंक्षी तथा माछाको गुणस्तीय उत्पादन र उत्पादकत्व वृद्धि गरी आय वढाउनु,

२. पशु, पक्षी तथा मत्स्यजन्य उत्पादनलाई व्यवसायिकीकरण गर्नु ।

## ३.२.५ रणनीति तथा कार्यनीतिहरु

*तालिका ४ : पशु, पक्षी तथा मत्स्य विकासको रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: पशु, पंक्षी तथा माछा आदिको गुणस्तीय उत्पादन र उत्पादकत्व वृद्धि गरी आय वढाउनु,** | |
| १.१ उन्नत जातका पशुपंक्षी, माछापालनमा कृषकहरूको संलग्नता वढाउने । | ५. पशुपंक्षी, मत्स्य आदि पालन तर्फ किसानलाई आकर्षित गराउन कृषक जागरण अभियान संचालन गरिनेछ ।<br>६. कृषकहरूलाई पशुवस्तुको उच्चनश्ल उपलब्ध गराउने, कृत्रिम गर्भाधानको पहुंच किसानहरूको घरदैलो सम्म पुयाउने, माछाका भुरा उपलब्ध गराउनेछ ।<br>७. रैथाने पशुपंक्षी व्यावसायिक उत्पादन र नश्ल संरक्षण लागि सहयोग गरिनेछ ।<br>८. कृषकहरूको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>९. वैदेशिक रोजगारवाट फर्किएका युवाहरूलाई व्यवसायिक पशुपालनमा आकर्षित गरिनेछ । |
| २. पशुपंक्षी तथा मत्स्य आदि पालनका लागि कृषकहरूमा प्रविधि र वित्तीय पहुंच वढाउने । | १. व्यवसायीक पशुपंक्षी, मत्स्यपालनका लागि विउ पुंजी तथा औजारमा अनुदान, बैंक तथा वित्तीय सस्थाहरूवाट सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।<br>२. पशु बीमा कार्यक्रम संचालन गरिनेछ र विपन्न वर्गलाई बीमा प्रिमियमको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ । |
| **उद्देश्य २: पशु, पक्षी तथा मत्स्यजन्य उत्पादनलाई व्यवसायिकीकरण गर्नु ।** | |

| | |
|---|---|
| ३.पशुजन्य उत्पादनको विविधिकरण र विशिष्टिकरण गरी मूल्य श्रृङ्खलामा आवद्ध गर्ने | १. पशुपंक्षी, मत्स्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्न कृषकहरूलाई प्रशोधन, प्याकिङ आदि गर्ने प्रविधि हस्तान्तरण एवं वित्तीय सहुलियत दिइनेछ । सहकारी मार्फत सस्थागत रूपमा उत्पादन र प्रशोधन गर्न प्रोत्साहित गरिनेछ ।<br>२. पशुपंक्षीजन्य मल, खेरजाने पदार्थ, घांस, कुहिने फोहोर आदिवाट जैविक मल बनाउन प्रोत्साहित गरिनेछ ।<br>३. दुग्ध सहकारी, डेरी, दुग्ध चिस्यान केन्द्र आदि स्थापना र दुध विक्रि वितरण गर्न प्रोत्साहित गरिनेछ ।<br>४. आन्तरिक र वाह्य वजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी गुणस्तरीय उत्पादनमा जोड गरिनेछ ।<br>५. नगर क्षेत्रको पहिचान दिने केही विशिष्टिकृत उत्पादन माछा र खसी बोका व्यवसायिक उत्पादन र बजारीकरणमा जोड दिइनेछ ।<br>६. पशुपंक्षी, मत्स्यमा विविधिकरण गरी बहु उपयोगमा ध्यान दिइनेछ । |
| ४. सहकारी मार्फत पशुपंक्षीजन्य उत्पादनको वजारीकरण गर्ने । | १. सहकारी तथा नीजी क्षेत्रवाट पशुपंक्षीजन्य उत्पादनको संकलन, भण्डारण, प्रशोधन र वजारीकरणको व्यवस्था मिलाइनेछ ।<br>२. कृषि हाट वजार केन्द्रमा पशुजन्य वस्तुभाउहरूको समेत खरिद विक्री हुनसक्ने गरी पूर्वाधारको व्यवस्था गरिनेछ ।<br>३. उत्पादनको वजारीकरणका लागि सरकारी, निजी र कृषक तथा सहकारी समेतको साझेदारीलाई प्रोत्साहन गरिनेछ । |

### ३.२.६ प्रमुख कार्यक्रम

१. व्यवसायिक पशुपालन प्रर्वद्धन
२. माछा, मौरी पालन व्यवसायिकरण
३. प्रविधि हस्तान्तरण
४. वित्तीय पहुँच विस्तार
५. उच्चमूल्य श्रृङ्खलामा आधारित पशुजन्य उत्पादनको विविधिकरण र विशिष्टिकरण वजारीकरण
६. सहकारीताको विकास
७. दुग्ध डेरी पशु वीमा तथा अनुदान

### ३.२.७ अपेक्षित उपलब्धि

९५ वटै व्यवसायिक पशुपालन फर्मले सक्रिय व्यवसायिक उत्पादन गरेको हुने, पशुवस्तुको संख्या ५० हजार र उन्नत जातका पशु ५० प्रतिशत हुने, मासुजन्य उत्पादनमा वार्षिक ५ प्रतिशतका दरले वृद्धि भएको हुने, माछा उत्पादन वार्षिक ८५० मे.ट, दुध र दुग्धजन्य उत्पादन ६५०० मे.ट. मह उत्पादन ३.५ मे.ट., कृतिम गर्भाधान केन्द्र र दुग्ध संकलन केन्द्र बृद्धि भएको हुनेछ ।

## ३.३ उद्योग तथा वाणिज्य

### ३.३.१ पृष्ठभूमि

उद्योग तथा वाणिज्य क्षेत्र शिवराज नगरपालिकाको अर्थतन्त्रको महत्वपूर्ण आधार हो । नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने,

वैदेशिक पुंजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सिपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवर्द्धनको आधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय वजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् ।

यस नगरपालिकामा ५.५ प्रतिशत जनसंख्या उद्योग व्यवसायमा संलग्न रहेका छन् । यस क्षेत्रभित्र कूल ६६ वटा विद्युतबाट सञ्चालन भएका कुटानी, पिसानी र पेलानी मिल सहित एउटा कृषि संकलन तथा प्रसोधन केन्द्र र सानाठूला गरी ८० वटा उद्योग रहेका छन् । जस मध्ये ५ वटा साझेदारीमा संचालित उद्योगहरू छन् भने बाँकी सबै निजी स्वामित्वका रहेका छन् । उद्योगहरू मध्ये २३ वटा ठूला उद्योग, ८ वटा मझौला उद्योग, २४ वटा घरेलु उद्योग, २३ वटा साना उद्योग र २ वटा वन्द उद्योग रहेका छन् । यस क्षेत्रबाट करिब ३.६६ प्रतिशतले रोजगारी पाएका छन् । औद्योगिक क्षेत्रबाट उत्पादित वस्तु तथा सेवाको वार्षिक आम्दानी करिब १.४९ करोड रहेको छन् जस मध्ये स्थानीय साधन श्रोतमा आधारित उद्योग ६० प्रतिशत छन् । यसैगरी यस नगर क्षेत्रमा ४० भन्दा बढी प्रकारका १३३६ वटा व्यवसाय रहेका छन् । यस क्षेत्रबाट बार्षिक करिब २ अर्ब बढीको कारोबार हुने गरेको छ ।  नगरपालिका भित्र बाबियो तथा कोईला औद्योगिक कच्चा पदार्थका रूपमा उपलब्ध हुने गरेको देखिन्छ । करिब ३४१.६ क्विन्टल हाराहारीमा बाबियो उत्पादन हुने गरेको छ ।

### ३.३.२ प्रमुख समस्या

दक्ष श्रमशक्तिको न्यूनता, उद्यमशीलताको कमी, उद्योग तथा वाणिज्य क्षेत्रमा न्यून लगानी, औद्योगिक विकासको लागि आवश्यक नीतिको अभाव, औद्योगिक ग्राम तथा औद्योगिक पूर्वाधारको अभाव आदि यसक्षेत्रका प्रमुख समस्याहरू हुन ।

### ३.३.३ चुनौति र अवसर

**(क) चुनौति**

प्रतिस्पर्धात्मक उत्पादनका क्षेत्र पहिचान गर्नु, उद्यमशिलताको विकास गर्नु, नगरपालिकालाई लगानी आकर्षणको क्षेत्रको रूपमा विकास गर्नु, वैदेशिक उत्पादनसंग गुणस्तर एवं मूल्यमा प्रतिस्पर्धा गर्नु, औद्योगिक पूर्वाधारको विकास गर्नु, वाणिज्य केन्द्रको रूपमा विकास गर्नु आदि प्रमुख चुनौति हुन् ।

**(ख) अवसर**

लघु, घरेलु र साना उद्योग एवं उद्यमशिलता विकास र प्रवर्द्धन स्थानीय तहको कार्यक्षेत्रमा पर्नु, देशकै  ठूलो गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल संचालनको अन्तिम चरणमा रहनु, राष्ट्रिय तथा अन्तराष्ट्रिय वजारको पहुँच हुनु, भौतिक पूर्वाधारको उपलब्धता हुनु, लगानी मैत्री नगरपालिका हुनु, एक स्थानीय तह एक औद्योगिक ग्रामको नीति हुनु, सडक संजालको सुगमता रहनु आदि प्रमुख अवसर हुन् ।

### ३.३.४ उद्देश्य

उद्योग व्यवसाय मार्फत समावेशी र दीगो आर्थिक आधारशीला तयार गर्नु ।

### ३.३.५ रणनीति तथा कार्यनीति

*तालिका ५ : उद्योग तथा वाणिज्यको रणनीत तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उद्योग व्यवसाय मार्फत समावेशी र दिगो आर्थिक आधारशीला तयार गर्न ।** | |
| १.१ स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित उद्योग स्थापनाको वातावरण तयार गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित ठूला तथा मझौला उद्योग स्थापनामा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न औद्योगिक ग्राम निर्माणका लागि संघीय तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।<br>२. स्वदेश तथा विदेशमा वस्ने शिवराज बासी उद्यमीहरूलाई नगर क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।<br>३. नगरपालिकामा लगानी गर्ने लगानीकर्तालाई सहज सेवा लगायत स्थानीय करमा छुट दिइनेछ ।<br>४. वैदेशिक रोजगारीवाट प्राप्त विप्रेषण आयलाई नगरपालिका भित्रै लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।<br>५. स्थानीय उद्योगमा काम गर्ने कामदारहरुको श्रम सम्वन्धी विवाद समाधानका लागि सहजिकरण गरिनेछ ।<br>६. स्थानीय उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा हुने बाल श्रमलाई पूर्ण रुपमा बन्द गर्न विशेष कार्यक्रम गरिनेछ । |
| १.२ स्थानीय नागरिकमा उद्यमशीलता विकास गरी स्वरोजगारीमूलक घरेलु तथा साना उद्योगको स्थापनामा सहजिकरण गर्ने । | १. स्थानीय उद्यमशीलता विकास गर्न उद्यम विकास कार्यक्रम संचालनका साथै विभिन्न सीपमूलक तालिम दिइनेछ ।<br>२. सहकारितामा आधारित लघु, घरेलु र साना उद्योगको संचालनमा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>३. बचतको प्रवर्द्धन र परिचालन गर्न सहकारी तथा वित्तीय सस्थाहरूको उपयोग गरिनेछ ।<br>४. स्वरोजगारीमूलक लघु तथा घरेलु उद्योग स्थापना गर्न स्किमको आधारमा समूह जमानीमा ऋण दिने व्यवस्था गरिनेछ ।<br>५. वैदेशिक रोजगारीवाट फर्किएका युवाहरूलाई उनीहरूको सीप वमोजिमका घरेलु तथा साना उद्योग संचालनमा प्रोत्साहन गरिनेछ।<br>६. स्थानीय कच्चा पदार्थको उत्पादनलाई सस्थागत उद्योगको रूपमा विकास गरी व्यवसायीक उत्पादन र ब्राण्डिङ गर्ने व्यवस्थाका लागी व्यवसायीहरूलाई सहजिकरण गरिनेछ ।<br>७. रैथाने सीपमा आधारित उत्पादन तथा बजारिकरण गर्न आवस्यक सहयोग गरिनेछ । |
| १.३ वस्तु तथा सेवाको आपूर्ति र व्यापारमा सहजिकरण गर्ने । | १. बजारमा स्थानीय आवश्यकताका वस्तुहरूको नियमित आपूर्तिको व्यवस्था गर्न स्थानीय उद्योग बाणिज्य संघ तथा व्यापार संघ संग समन्वय गरिनेछ ।<br>२. वजारमा कालोवजारी हुन नदिन मूल्य सूची राख्न अनिवार्य गराउने, नियमित वजार अनुगमन र उपभोक्ता सचेतना कार्यक्रन संचालन गरिनेछ । |

### ३.३.६ प्रमुख कार्यक्रम

१. औधोगिक कारिडोर, औधोगिक ग्राम निर्माण
२. लगानी प्रोत्साहन कार्यक्रम
३. उद्यमशिलता प्रर्वद्धन कार्यक्रम
४. स्थानीय स्रोत साधन र सीपमा आधारित उद्योगलाई प्रत्साहन
५. बजार अनुगमन र नियमन

### ३.३.७ अपेक्षित उपलब्धि

औद्योगिक ग्राम निर्माण भएको हुने. १५ प्रतिशत जनसंख्या उद्योग व्यवसायमा संलग्न भएको हुने. साना तथा मझौला उद्योग संख्या १०५ वटा पुगेको हुने, स्थानीय रोजगारीमा यस क्षेत्रको योगदान १२ प्रतिशत पुगेको हुनेछ ।

## ३.४ पर्यटन तथा सस्कृति

### ३.४.१ पृष्ठभूमि

पर्यटन, शिवराज नगरपालिकाको समृद्धिको अर्को महत्वपूर्ण संभाव्य क्षेत्र हो । संविधानले नेपालको सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएकोछ । स्थानीय सरकार सञ्चालन ऐनले पर्यटन सम्वन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ ।

यस नगरपालिकाको पर्यटकीय अन्तरसम्बन्ध आन्तरिक (खासगरी छिमेकी जिल्ला र वरपरका क्षेत्र) र वाह्य (खासगरी भारतसँग) रहेको छ । शान्तिका अग्रदुत भगवान गौतम बुद्धको गृह जिल्ला कपिलवस्तुमा अवस्थित शिवराज नगरपालिका अन्तर्गत विभिन्न स्थलहरूमा गौतम बुद्ध संग सम्बन्धित विभिन्न पर्यटकीय क्षेत्रहरू रहेका छन् । ऐतिहासिक शिवराज क्षेत्र तथा प्रसिद्ध धार्मिक स्थल शिवगढी मन्दिर लगायतका क्षेत्रहरू छन् । त्यसैगरी सोनवागढी मन्दिर, उमरी गुफा, शिवराज उद्यान, स्वर्गद्धारी आश्रम, शिवगढी किल्ला र मजिस्द लगायतका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका १७ वटा प्रमुख पर्यटकिय क्षेत्रहरू रहेका छन् ।

यस क्षेत्रका पर्यटकीय स्थलहरू वरपरवाट वार्षिक रूपमा करिब ११ लाख भन्दा बढीले अवलोकन वा दर्शन गर्ने र घुम्न आउने-जाने गर्दछन् भने भनें वार्षिक करिव १३४७० स्वदेशी र ४२०२ विदेशीले रात विताउने गर्दछन् । यस क्षेत्रमा एउटा सुविधा सम्पन्न रिसोट, २१ वटा ननस्टार होटल तथा रेष्टुरेण्टहरू सञ्चालनमा रहेका छन् र ती होटल तथा रेष्टुरेण्टहरूमा कूल १३४ कोठा र २१० बेड संख्या रहेका छन् ।

### ३.४.२ प्रमुख समस्या

पर्यटन पूर्वाधारको कमी, पर्यटन सम्वन्धी स्थानीय नीति नहुनु, पर्यटकीय क्षेत्रको प्रचार प्रसारको कमी, पर्यटन उद्यमशिलताको कमी, स्थानीय भाषा सस्कृतिको समुचित विकास नहुनु, मौलिक सस्कृतिलाई पर्यटनसंग आवद्ध गर्न नसक्नु आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ३.४.३ चुनौति र अवसर

**(क) चुनौति**

पर्यटन पूर्वाधारको विकास गर्नु, पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्नु, पर्यटकको बसाइ र खर्च गराई वृद्धि गर्नु, पर्यटकीय उपजको विविधिकरण गर्नु, यस क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सास्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसंग आवद्ध गर्नु आदि प्रमुख चुनौतिहरू हुन ।

**(ख) अवसर**

पर्यटन सम्वन्धी योजना कार्यान्वयनको अधिकार नगरपालिकामा हुनु, बिभिन्न धार्मिक, सास्कृतिक र प्राकृतिक पर्यटकीय स्थलको अवस्थिति रहनु, गौतम बुद्ध संग सम्बन्धित विभिन्न पर्यटकीय क्षेत्रहरू रहनु, देश भित्र र छिमेकी देशको सीमासम्म यातायातको सहज पहूँच हुनु, होटल रेष्टुरेण्ट लगायतका सेवा क्षेत्रको विस्तार हुँदै जानु, पर्यटन प्रति जनअभिरुची वढ्दै जानु आदि अवसरहरू रहेका छन् ।

## ३.४.४ उद्देश्य

१. पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नु ।

२. स्थानीय सास्कृतिक पहिचान स्थापित गर्नु ।

## ३.४.५ रणनीति र कार्यनीति

*तालिका ६ : पर्यटन तथा सस्कृतिको रणनीति र कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नु ।** | |
| १.१ पर्यटकीय आगमन र वसाईमा वृद्धि गर्ने | १. पर्यटकीय क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गरिनेछ । महत्वपूर्ण स्थलहरूलाई विकास गरी वेब-साइटमा अद्यावधिक राखिनेछ ।<br>२. पर्यटकको बसाई लम्याउन विभिन्न पर्यटन प्याकेज विकास गरिनेछ । होटलहरूको सुविधा विस्तार गर्दै लगिनेछ ।<br>३. पर्यटन प्रवर्द्धनको लागि निजीक्षेत्रसंग समन्वय गरिनेछ ।<br>४. पर्यटकीय गाइड, पर्यटकीय वस्तु उत्पादन र विक्रीमा स्थानीय जनशक्ति विशेष गरी आदिवासी, पछाडि परेका लिङ्ग, वर्ग तथा समुदायलाई प्रोत्साहित गरिनेछ ।<br>५. पर्यटकीय सेवा र सत्कार सम्वन्धि तालिम तथा अन्य क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । |
| १.२ पर्यटन उपजको विविधिकरण गर्ने | १. सास्कृतिक, धार्मिक, प्राकृतिक, कृषि, मनोरंजन आदि विविध पर्यटकीय उपजको विस्तार गरिनेछ ।<br>२. वातावरणमैत्री पर्या-पर्यटनको विस्तार गरिनेछ ।<br>३. पर्यटनको लाभ स्थानीयमा टुर गाइड, सांस्कृतिक नाचगान र मनोरञ्जन, स्थानीय पहिचान हुने सामाग्रीको उत्पादन र विक्री वितरण आदिमा स्थानीय जनताको संलग्नता वढाइनेछ ।<br>४. पर्यटन सम्वन्धी कामगर्ने संस्थाहरूको संस्थागत सुदृढीकरण र त्यसमा कामगर्ने जनशक्तिको क्षमता विकास गरिनेछ ।<br>५. पर्यटकीय पदमार्गहरूको विकास गरी पर्यापर्यटनको विस्तार गरिनेछ । |

| | |
|---|---|
| | ६. खेलकुद पर्यटनलाई विकास र विस्तार गरिनेछ। |
| १.३ स्थानीय सस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने। | १. स्थानीय पहिचान दर्शाउने भाषा, धर्म, कला एवं सस्कृति आदिको विकास गरी पर्यटनसंग आवद्ध गरिनेछ।<br>२. स्थानीय समुदायको कला सस्कृति आदि विशिष्ट पहिचान दर्शाउने खालका, स्थानीय रैथाने उत्पादनहरूको प्रवर्द्धन गरी पर्यटकहरूमा विक्री वितरण गर्न प्रमुख पर्यटकीय गन्तव्यमा कोशेली घरको स्थापना गरिनेछ।<br>३. स्थानीय धार्मिक तथा सास्कृतिक स्थल र पार्कहरू सम्म पुग्ने वाटोघाटो एवं पर्यटकीय पदमार्गहरूको स्तरोन्नति गरी पूर्ण सरसफाइ राख्ने व्यवस्था गरिनेछ। |

### ३.४.६ प्रमुख कार्यक्रम

१. पर्यटन पूर्वाधार विकास
२. गन्तव्य स्थलको विकास
३. पर्यटन उपजको विस्तार
४. पर्यटन सम्बन्धि तालिम
५. निजीक्षेत्रलाई प्रोत्साहन र समन्वय
६. स्थानीय भाषा सस्कृतिमा आधारित
७. कोशेली घर स्थापना
८. मौलिक कला सस्कृतिको संरक्षण

### ३.४.७ अपेक्षित उपलब्धी

प्रमुख १७ वटा पर्यटकीय स्थलको स्तरोन्तनी भएको हुने, आन्तरिक र वाह्य पर्यटक आगमनमा १० प्रतिशत वृद्धि हुने, कम्तिमा ३ वटा तारे होटल, पर्यटकीय स्तरका होटल संख्या २५, कोठा ५०० र बेड संख्या ८०० पुगेको हुने, एउटा  कोशेली घर, कम्तिमा २ वटा मौलिक तथा विशिष्ट पहिचान झल्कने कला सस्कृतिको संरक्षण केन्द्रको स्थापना तथा संचालन भएको हुनेछ।

## ३.५ सहकारी तथा वित्तीय क्षेत्र

### ३.५.१ पृष्ठभूमि

वित्तीय परिचालन विकास र सेवा प्रवाहको अपरिहार्य आधारशीला हो। नेपालको संविधानले सार्वजनिक, निजी तथा सहकारीक्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गरी राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने नीति लिएको छ। संविधानले सहकारी सस्थालाई स्थानीयतहको अधिकार सूचीमा राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले सहकारी सम्वन्धि नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन गर्ने, आफ्नो क्षेत्रभित्र सहकारीको दर्ता अनुमति र खारेजी र परिचालन, सहकारी सस्थाको क्षमता विकास, ऋण तथा सहकारी सस्थाको मापदण्ड निर्धारण र नियमन लगायत सहकारीताको प्रवर्द्धन सम्वन्धी महत्वपूर्ण अधिकार दिएको छ।

हाल नगरपालिकामा ४८ वटा सहकारी ९ बाणिज्य बैंक, ६ विकास बैंक र ९ वटा लघु वित्त संस्थाहरू सञ्चालनमा रहेका छन्। वाणिज्य बैकहरूको निक्षेप कारोबार करिब १९ अरब २२ करोड बढीको रहेको छ

भने सहकारी संस्थाहरूको वार्षिक कारोबार करिब ३४ करोड ५० लाख र २८ करोड ५४ लाखको हाराहारीमा लगानी रहेको छ ।

यसका अतिरिक्त विप्रेषण सम्बन्धी कारोवार गर्ने रेमिट्यान्स कम्पनीहरू पनि रहेका छन् । एनआइसी एसिया, सिदार्थ, एनएमवि, जनता, एभरेष्ट, नेपाल बंगालादेश, नेपाल एसविआई, प्रभु आदि बैकहरूले नगरपालिकामा रेमिट्यान्स लगायतका सेवा उपलब्ध गराएका छन् ।

## ३.५.२ प्रमुख समस्या

सहकारी क्षेत्रको प्रभावकारी अनुगमन र नियमन गर्न नसक्नु, सहकारीहरूलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु, महंगो व्याजदर हुनु, विपन्न वर्गको बैंक तथा वित्तीय सस्था एवं सहकारीमा ऋणको पहुँच नपुग्नु, सहकारीहरूमा संकलित महिला वचतलाई आर्थिक व्यवसायमा परिचालन गर्न नसक्नु आदि समस्याका रूपमा रहेका छन् ।

## ३.५.३ चुनौति र अवसर

### (क) चुनौति

बैंकहरूको लगानी उत्पादनशील र प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्नु, सहकारी सम्बन्धी नीति, कानूनलाई समय सान्दर्भिक बनाउनु, सहकारीहरूलाई ससाना वचत परिचालनको माध्यम वनाउनु, सहकारीलाई उत्पादित वस्तुहरूको वजारीकरणमा आवद्ध गर्नु, सहकारी सस्थाहरूमा वित्तीय सुशासन कायम गर्नु, सहकारीमा विपन्न वर्गलाई समेटी आय आर्जन र स्वरोजगारीमा आवद्ध गर्नु आदि चुनौतिका रूपमा देखा परेका छन् ।

### (ख) अवसर

वैक तथा सहकारीहरूको राम्रो उपस्थिति हुनु, वचत र ऋण परिचालनको राम्रो सम्भावना रहनु, विभिन्न उत्पादन समूहलाई सहकारीमा आवद्ध गर्नु, सहकारी उद्योग, सहकारी खेती आदिमा जन अभिरुची वढ्दै जानु, महिला तथा विपन्न वर्गको वित्तीय पहुंच बढ्नु, ससाना बचतवाट पूँजी निर्माणको सम्भावना, रोजगारी वृद्धि आदि प्रमुख अवसर हुन् ।

## ३.५.४ उद्देश्य

वित्तीय पहुंच वढाई आर्थिक अवसरमा वृद्धि गर्नु ।

## ३.५.५ रणनीति र कार्यनीति

*तालिका ७ : सहकारी तथा वित्तिय क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वित्तीय पहुंच वढाई आर्थिक अवसरमा वृद्धि गर्नु ।** | |

| | |
|---|---|
| १.१ वचत र ऋण प्रवाहलाई प्रभावकारी बनाउने | १. बचतलाई प्रोत्साहन गरी पुंजी निर्माण गर्न सहजीकरण गरिनेछ ।<br>२. बैंक तथा वित्तीय क्षेत्रको लगानीलाई वढी उत्पादनशील र प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ ।<br>३. हरेक नगरबासीलाई बैंक तथा वित्तीय सस्थामा खाता खोल्न प्रोत्साहन गरिनेछ ।<br>४. बचत तथा ऋण सहकारीको लगानीको व्याजदर र वचतको व्याजदरको फरकमा कमी गर्न पहल गरिनेछ । |
| १.२ सहकारीलाई आय आर्जन, स्वरोजगारी र गरिवी न्यूनीकरण क्षेत्रमा उपयोग गर्ने। | १. सहकारी सम्बन्धी नीतिगत एवं कानूनी व्यवस्थामा समयानुकुल परिमार्जन गरिनेछ ।<br>२. सहकारीमा विविध वचतका स्किम ल्याई ससाना बचत संकलनलाई घरघरमा अभियानको रूपमा संचालन गरिनेछ ।<br>३. महिला वचत, वाल वचत, विपन्न वचत, ज्येष्ठ नागरिक वचत आदि विभिन्न स्किमहरूवाट सम्वन्धित वर्गको वचत गर्ने क्षमताको विकास गरिनेछ ।<br>४. सहकारीको लगानीलाई निम्न तथा विपन्न, महिला तथा पिछडिएका वर्गमा लक्षित गरिनेछ ।<br>५. सहकारी सस्थालाई कृषि, पर्यटन, साना तथा घरेलु उद्योग आदि जस्ता वढी उत्पादनशील र स्वरोजगार मूलक क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।<br>६. सहकारी कृषि, पशुपालन, सहकारी उद्योग आदिलाई प्रोत्साहन गरिनेछ ।<br>७. सहकारी सस्थालाई उत्पादित वस्तुहरूको वजारीकरण गर्न प्रोत्साहन गरिनेछ ।<br>८. सहकारीमा आवद्ध किसान तथा मजदुरहरूलाई समूह जमानीमा सहुलियत ऋण दिने व्यवस्था मिलाइनेछ ।<br>९. युवा वर्ग तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उनीहरूको ज्ञान सीपमा आधारित व्यवसाय संचालन गर्न सहुलियत ऋण प्रदान गरिनेछ ।<br>१०. सहकारी सस्थाहरूको नियमित अनुगमन गरिनेछ र उनीहरूको कार्यका आधारमा प्रोत्साहन र दण्डको व्यवस्था गरिनेछ ।<br>११. सहकारी सस्थाको व्यवस्थापन क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।<br>१२. सहकारीलाई नियमित अनुगमन तथा नियमन गरिनेछ । साथै प्रविधिमा आधारित निर्णय, कारोवार, अभिलेख राख्न अनिवार्य गरिनेछ । |

### ३.५.६ प्रमुख कार्यक्रम

१. प्राथमिकता क्षेत्रमा लगानी गर्न वित्तीय सस्थासँग समन्वय

२. बहुउद्देश्यीय सहकारी स्थापना
३. सहकारीहरूको प्रभावकारी अनुगमन र नियमन
४. सहकारी सस्थाहरूको क्षमता विकास

### ३.५.७ अपेक्षित उपलब्धि

बाणिज्य बैंक तथा वित्तीय सस्थाको संख्यामा बृद्धि भएको हुने, सहकारी सस्थाहरू गाभिई ३५ को संख्यामा झरेको हुने, बैंक तथा वित्तीय सस्था र सहकारीको लगानी वढी उत्पादनशील क्षेत्रमा प्रवाह भएको हुनेछ ।

## ३.६ श्रम तथा रोजगार (वैदेशिक रोजगारी)

### ३.६.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । देशको ५६ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको (नेपाल जनस्तर सर्भे, २०११) सन्दर्भमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरूले समेट्न नसकेको यथार्थ हो । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई नगरपालिकाले आफनो योजनामा समेट्न आवश्यक रहेको छ ।

नगर वस्तुस्थिती विवरण २०७६ अनुसार यस नगरपालिका कुल जनसंख्या मध्ये करिब ५२ प्रतिशत आर्थिक रूपले सक्रिय जनसंख्या रहेका छन् । उक्त जनसंख्यालाई उमेर समूहको आधारमा नियाल्दा १९–४९ वर्ष समूहका ४५.६३ प्रतिशत र ४९–५९ वर्ष उमेर समूहका ६.१३ प्रतिशत रहेका छन् ।

शिवराज नगरपालिकाको कुल जनसंख्या मध्ये वैदेशिक रोजगारी रहेका जनसंख्या ६.०२ प्रतिशत रहेको छ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस नगरपालिकाबाट बैदेशिक रोजगारीमा ४४१७ जना गएका छन् । जसमध्ये सबै भन्दा वढी खाडी मुलुक जाने करिब ४६.८४ प्रतिशत र छिमेकी देश भारत जानेको संख्या करिब ३३.४२ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले औषत मासिक १५ हजारका दरले वार्षिक करिब ७९ करोड ५० लाख रूपैया हाराहारीमा विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ ।

### ३.६.२ प्रमुख समस्या

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । नगर क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

### ३.६.३ चुनौति र अवसर

**क) चुनौति**

अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनः एकिरकणका

सवालहरू सम्बोधन नहुनु, वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु आदि नगरपालिकाको लागि चुनौति देखिन्छ ।

**ख) अवसर**

आर्थिक रूपले जानसाख्यिक लाभ लिनसकिने जनसंख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत नगरपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो संख्या आफैमा एउटा महत्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने अवसर देखिन्छ ।

## ३.६.४ उद्देश्य

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु

## ३.६.५ रणनीति तथा कार्यनीति

*तालिका ८ : श्रम तथा रोजगारको रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु** | |
| १.१ वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि गर्नुका साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ संचालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. नगरपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।<br>४. वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>५. मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तरगत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ । |

### ३.६.६ प्रमुख कार्यक्रम

१. रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा संचालन
२. सचेतना मुलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिङबोर्ड/जानकारीमुलक पर्चा विकास तथा वितरण) कार्यक्रम संचालन
३. आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन,
४. व्यवसायिक सीप विकास तालिम सञ्चालन,
५. वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा
६. विप्रेषणको उत्पादनमूलक (उद्यमशीलता) उपयोगको लागि कार्यक्रम संचालन
७. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धिका सेवाहरू प्रवाहमा सहजिकरण गर्ने
८. ठगी लगायतका समस्याहरूमा न्यायमा पहुँचका लागि आवश्यक सहजिकरण गर्ने
९. वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम

### ३.६.७ अपेक्षित उपलब्धि

सुरक्षित वैदेशिक रोजगारीमा रहेको जनसंख्या ९ प्रतिशत हुने, शीपमुलक तालिम लिएर बैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि हुने, खाडी मुलुकको तुलनामा युरोप लगायतका विकसित देशमा जानेको संख्यामा वृद्धि हुने, बैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स १ अर्ब २० करोड पुग्ने, बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरू आय आर्जन मुलक व्यवसायमा लागेका हुने ।

# परिच्छेद : ४ सामाजिक विकास

समग्र नगर विकासका विभिन्न आधारहरू मध्ये सामाजिक विकास एक महत्वपूर्ण आधार हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकूद, खानेपानी, सरसफाइ तथा फोहरमैला व्यवस्थाप र सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाई) संग सम्बन्धित छ । सामाजिक विकासको सन्दर्भमा शिवराज नगरपालिकाले निर्धारण गरेको उद्देश्य ***नगरवासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्यायपूर्ण समाजको निर्माण*** गर्ने रहेको छ । यस नगरपालिकाले विगतमा संचालन गर्दै आएका सफल सामाजिक विकासका कार्यहरूलाई निरन्तरता दिदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाईनेछ । यस सामाजिक विकास क्षेत्रमा पर्ने अन्य विषयहरूलाई तल प्रस्तुत गरिएको छः

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमी

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंग हो र शिक्षाको विकासले नै समग्र नगरपालिकाको विकासलाई टेवा पुर्‍याउँछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हक प्रदान गरेको छ । राज्यका नीतिले शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक र रोजगारमूलक बनाउँदै सक्षम प्रतिस्पर्धी र नैतिक बनाउने कुरा उल्लेख गरेको छ । संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारक्षेत्रमा राखेको छ भने स्थानीय सरकार संचालन ऐन २०७४ ले यी अधिकारलाई विस्तृत व्याख्या गर्दै थप व्यवस्थित गरेको छ । अत्तः पालिका स्तरमा शिक्षाको समग्र विकासको लागि यस नगरपालिकाले स्पष्ट दिशानिर्देश लिई योजनावद्ध रूपमा अगाडी बढ्न जरुरी छ ।

शिवराज नगरपालिकाको औषत साक्षरता ७५.२३ प्रतिशत रहेको छ भने यसमध्ये पुरुषको साक्षरता ८१.१७ प्रतिशत र महिला साक्षरता ६८.८ प्रतिशत रहेको छ । यस नगरपालिकाको माध्यमिक तहमा कूल भर्नादर ७२.७ प्रतिशत र आधारभूत तहमा खुदभर्ना दर ७८ प्रतिशत रहेको छ भने विद्यालय छाड्ने विद्यार्थीको दर ११.६७ प्रतिशत रहेको छ ।

यस नगरपालिकामा दुईवटा सामुदायिक क्याम्पस, ११ वटा सामुदायिक माध्यामिक विद्यालय, आधारभूत (१-८) तह १२, आधारभूत (१-५) तह ४१, बाल विकास केन्द्र ६२, प्राविधिक धारका विद्यालय २, सिटिभिटी अन्तर्गतको TSLC तथा डिप्लोमा कक्षा संचालन १ तथा सामुदायिक सिकाई केन्द्र २ रहेका छन् । त्यसैगरी, नगर क्षेत्रमा अनुमती प्राप्त धार्मिक विद्यालय, प्राथमिक तहमा संचालित मदरसा १२ तथा आधारभूत तहमा संचालित गुरुकुल तथा संस्कृत विद्याश्रम एउटा रहेका छन् ।

### ४.१.२ प्रमुख समस्या

शिक्षाको क्षेत्रमा यस नगरपालिकाले भोग्नु परेका मूख्य समस्याहरूमा विद्यार्थी अनुपातमा शिक्षक व्यवस्थापन (१:७८ नि.मा.वि.तह), बाल, लैंङ्गिक र अपाङ्गमैत्री पूर्वाधारको अभाव, व्यवसायिक शिक्षाका लागि पूर्वाधार र जनशक्तिको अभाव, विद्यालयमा विद्यार्थीहरूको निरन्तरता हुन नसक्नु, शिक्षामा सूचना र प्रविधिको प्रयोग हुननसक्नु, शिक्षाप्रति अभिभावकको लगनशीलता प्रयाप्त नहुनु हुन् ।

### ४.१.३ चुनौति र अवसर

**(क) चुनौति**

प्राविधिक एवं जीवनोपयोगी शिक्षाको विस्तार गर्नु, नैतिक शिक्षा दिनु, विद्यालयमा बाल, महिला र अपाङ्गतामैत्री पूर्वाधार विकास गर्नु, भर्नादर सतप्रतिशत पुऱ्याउनु, कक्षा छोड्ने दर शुन्य बनाउनु, नीजि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको फरकमा कमी ल्याउनु, बाल विकास केन्द्रहरूलाई विद्यालय शिक्षामा एकिकृत गर्नु आदि यस पालिकाको प्रमुख चुनौति हुन् ।

**(ख) अवसर**

अभिभावकहरूले शिक्षाको महत्व बुझी आफ्ना सन्तानको शिक्षाप्रति संवेदनशील हुनु, माध्यमिक शिक्षासम्म स्थानीय तहको अधिकार हुनु, विद्यालय शिक्षा नि:शुल्क हुनु, जनप्रतिनिधिहरू विद्यालय शिक्षाप्रति जागरुक हुनु, संघीय, प्रादेशिक सरकार र अन्य निकायहरू सहयोगी हुनु, पालिकामा शिक्षाका न्यूनतम पूर्वाधारहरू तयार हुनु आदि शिक्षाको विकासमा यस नगरपालिकाको अवसरहरू हुन् ।

## ४.१.४ उद्देश्य

१. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु,
२. .रोजगारमूलक प्राविधिक तथा व्यवसायिक जनशक्तिको उत्पादन गरिनेछ ।

## ४.१.५ रणनीति र कार्यनीति

*तालिका ९ : शिक्षा क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु,** | |
| १.१ विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चितता गर्ने | १. आधारभूत तहको शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न नागरिक समाज, गैरसरकारी संस्था, बालक्लव, स्थानीय सामुदायिक संघसंस्था, विद्यालय शिक्षक, स्थानीय अगुवा तथा वुद्धिजीविहरूको समन्वयमा भर्ना अभियान संचालन गरिनेछ ।<br>२. बालिका, पिछडिएको वर्ग, अपाङ्ग र अति विपन्न बालबालिकालाई विद्यालयमा भर्ना गराउन र टिकाउन छात्रवृत्ति, दिवाखाजा लगायत अन्य प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।<br>३. विद्यालयको वातावरणलाई बालमैत्री बनाइनेछ ।<br>४. विद्यालयको भौतिक संरचना तथा पठन पठानमा अपाङ्गता तथा किशोर किशेरीमैत्री बनाइनेछ । |
| १.२ शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने | १. विद्यार्थीको सिकाई स्तर र नतिजामा आधारित भई शिक्षकको वृत्ति विकासको आधार बनाईनेछ ।<br>२. शिक्षण सिकाई अभिवृद्धि गर्न शिक्षक तालिमको विस्तार, विद्यार्थी कक्षाकोठा सन्तुलन र कमजोर विद्यार्थीहरूको लागि विद्यालयमा विशेष कक्षा संचालनको व्यवस्था गरिनेछ ।<br>३. विद्यालयमा डिजिटल कन्टेन्ट सहितको सूचना प्रविधिको प्रयोगबाट शिक्षण प्रणालीको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय र शिक्षकहरूलाई प्रोत्साहित कार्यक्रमको व्यवस्था गरिनेछ ।<br>५. सबै लिङ्ग, वर्ग र छुटेका समूहहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न महिला शौचालयको व्यवस्था, बालिकाहरूलाई विद्यालयमा निःशुल्क स्यानिटरी प्याडको व्यवस्था, छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री वितरण, दिवाखाजा लगायत अभिभावकका लागि आयआर्जनका कार्यक्रमसंग जोड्ने व्यवस्था गरिनेछ ।<br>६. सिकाईको स्तर वृद्धि गर्न आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम विकास गरी शिक्षा दिने नीति अवलम्वन गरिनेछ ।<br>७. विद्यालय छाड्ने विद्यार्थी दर कम गर्नका लागि अभिभावकसंग अन्तर्क्रिया गरिनेछ ।<br>८. विद्यालयलाई बालमैत्री, लैंङ्गिकमैत्री र अपाङ्गमैत्री पूर्वाधारको व्यवस्था गरिनेछ ।<br>९. सुस्त मनस्थिति, कमजोर श्रवणशक्ति, दृष्टिविहिन बालबालिका र अल्पसंख्यक समुदायका बालबालिकाहरूलाई विद्यालय अध्ययनका लागि विशेष व्यवस्था गरिनेछ । |
| **उद्देश्य २:** रोजगारमूलक प्राविधिक तथा व्यवसायिक जनशक्तिको उत्पादन गर्नु । | |
| १.२ रोजगारमूलक प्राविधिक, व्यावसायिक र उच्च शिक्षाको विस्तार गर्ने । | १. माध्यमिक तह उत्तीर्ण गरेका र उच्च शिक्षामा नगएका विद्यार्थीहरूका लागि प्राविधिक तथा व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।<br>२. माध्यमिक तहमा जीवन उपयोग सीप, नैतिक र योग शिक्षा समेटिएको पाठ्यक्रम समावेश गर्न संघीय, प्रादेशिक सरकार र शिक्षाको क्षेत्रमा कार्यरत सहयोगी संस्थाहरूसंग समन्वय गरिनेछ ।<br>३. प्राविधिक र व्यवसायिक तालिम केन्द्रको स्थापनाका लागि प्रात्साहन गरिनेछ ।<br>४. नगरपालिकामा कम्तिमा एउटा कृषि, ईन्जिनियरिङ, सूचना प्रविधि विषयको प्राविधिक विद्यालय स्थापना गर्न प्रदेश र संघीय सरकारसंग सहकार्य गरिनेछ ।<br>५. उच्च शिक्षाको विकास लागि नियमित अनुदान, छात्रबृति तथा भौतिक पूर्वाधार को व्यवस्था गरिनेछ । |

## ४.१.६ प्रमूख कार्यक्रम

१. विद्यालयहरूको भौतिक निर्माण तथा मर्मत सम्भार,

२. शिक्षक व्यवस्थापन तथा पुरस्कार,
३. विद्यालयहरूमा सूचना र प्रविधि मार्फत कक्षा संचालनका लागि सामग्रीहरूको जडान,
४. विद्यालय तथा नगर स्तरीय अतिरिक्त क्रियाकलाप,
५. शिक्षकहरूको लागि गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि तालिम तथा अभिमुखीकरण,
६. सुस्त मनस्थिति, कमजोर श्रवणशक्ति, दृष्टिविहिन बालबालिका र अल्पसंख्यक समुदायका बालबालिकाहरूलाई विद्यालय अध्ययनका लागि विशेष व्यवस्था,
७. दिवा खाजा कार्यक्रम,
८. विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघको क्षमता विकास ।

### ४.१.७ अपेक्षित उपलब्धी

यस शिवराज नगरपालिकाको साक्षरता दर ९० प्रतिशत पुग्ने, आधारभूत तहको खुद भर्नादर ९५ प्रतिशत पुगेको हुने, ५० प्रतिशत विद्यालयहरू बालमैत्री, अपाङ्गमैत्री र लैंङ्गिकमैत्री भएको हुने, ५० प्रतिशत विद्यालयहरूमा सूचना र प्रविधिको प्रयोगबाट शिक्षण कार्य संचालन भएको हुने, विद्यालय छोड्ने दर क्रमिक रूपमा घटि ३ प्रतिशतमा झरेको हुने, स्थानीय भाषामा आधारभूत विद्यालयहरूमा कक्षा संचालन भएको हुने, विद्यालय अध्ययन पश्चात उच्च शिक्षा अध्ययन नगरेका युवाहरूको लागि व्यवसायिक र सीपमूलक कार्यक्रमहरू संचालन भएको हुने ।

## ४.२ स्वास्थ्य

### ४.२.१ पृष्ठभूमी

संघीय संरचना अनुसार आएको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक प्रदान गरेको छ । राज्यका नीतिमा स्वास्थ्य क्षेत्रमा लगानी बढाउने, सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, बैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र संवर्द्धन गर्ने, स्वास्थ्य सेवालाई गुणस्तरी बनाउने उल्लेख गरेको छ । यसले पनि राज्यले स्वास्थ्य विकासको क्षेत्रलाई महत्व दिएको र संविधानको अनुसूचीमा आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी कार्यजिम्मेवारी स्थानीय तहको अधिकार सूचीमा राखेको छ । यसलाई स्थानीय सरकार संचालन ऐनमा व्याख्या गरिएको छ ।

यस नगरपालिकामा एउटा सामुदायिक अस्पताल, एउटा सामुदायिक स्वास्थ्य क्लिनिक, एउटा शहरी स्वास्थ्य केन्द्र र ८ वटा स्वास्थ्य चौकी रहेका छन् । स्वास्थ्य संस्थामा स्वीकृत दरबन्दी ४८ रहेकोमा हाल ५८ जना कार्यरत रहेका छन् । सबै स्वास्थ्य संस्था मध्ये शहरी स्वास्थ्य केन्द्र र सामुदायिक अस्पताल सहित २ वटामा बाहेक सबैमा सुरक्षित मातृत्व सेवा र पोषण सेवा उपलब्ध रहेको छ । विसुनपुर स्वास्थ्य चौकीमा मात्र आँखा उपचार सेवा उपलब्ध रहेको र सामुदायिक अस्पताल र सामुदायिक स्वास्थ्य क्लिनिकमा मात्र फार्मेसी सेवा उपलब्ध रहेको छ । अस्पतालसम्म पुग्न लाग्ने समयलाई हेर्दा २०.३२ घरपरिवारमा १५ मिनेट भित्र पुग्न सकिने, ४५.२९ प्रतिशत घरपरिवारमा १५ देखि ३० मिनेटमा पुग्न सकिने, १९.०५ प्रतिशत घरपरिवारमा ३० मिनेट देखि १ घण्टा भित्र पुग्न सकिने र १५.३३ घरपरिवारमा १ घण्टाभन्दा बढी समय लाग्ने गरेको देखिन्छ । नगरपालिका भित्र देखा पर्ने रोगहरू मध्ये सबैभन्दा उच्च संख्यामा ग्यास्ट्रीक वा अल्सर रहेको छ भने त्यसपछि क्रमशः झाडा पखाला, निमोनिया, स्वासप्रश्वास, रक्तचाप, मधुमेह, प्रसुतिजन्य, मलेरिया र क्षयरोग रहेका छन् ।

### ४.२.२ प्रमुख समस्या

यस नगरपालिकाले स्वास्थ्य क्षेत्रमा रहेको प्रमुख समस्याहरूमा प्रयाप्त स्वास्थ्य उपकरण सहितको स्वास्थ्य संस्था नहुनु, रक्त संचार सेवा उपलब्ध नहुनु, निःशुल्क औषधीको कमी हुनु, प्रयाप्त मात्रमा दक्ष स्वास्थ्य जनशक्तिको कमी हुनु रहेका छन् ।

### ४.२.३ चुनौति र अवसर

**(क) चुनौति**

सबैलाई स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याउन जनसंख्या अनुसार अस्पतालको वेड क्षमता बढाउनु, उपकरण र दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्नु, प्रसुति सेवालाई प्रभावकारी बनाउनु, वैकल्पिक स्वास्थ्य सेवाको विस्तार गर्नु, समुदाय तहमा स्वास्थ्य चेतना विस्तार जस्ता विषयहरू मूख्य चुनौतिको रूपमा रहेका छन् ।

**(ख) अवसर**

यस नगरपालिकाको लागि स्वास्थ्य क्षेत्र विकासका लागि अवसरहरूमा समुदायको स्वास्थ्य क्षेत्रमा चासो राख्नु, स्वास्थ्य सेवा प्रदानका लागि नीजि पहल हुनु, आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार स्थानीय तहमा आउनु रहेका छन् । सडक विस्तारले आपतकालिन स्वास्थ्य सेवा वस्तीसम्म पुऱ्याउन सम्भव हुनु, विश्वव्यापी रूपमा आएको कोरोना महामारीले स्वास्थ्य क्षेत्रलाई संवेदनशील क्षेत्रको रूपमा बुझ्नुले पनि यस क्षेत्रको विकासका लागि अवसर सृजना गरेको छ ।

### ४.२.४ उद्देश्य

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गराउनु,

२. वैकल्पिक स्वास्थ्य सेवाको विस्तार गर्नु ।

### ४.२.५ रणनीति र कार्यनीति

*तालिका १० : स्वास्थ्य क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गराउनु,** | |
| १.१ रोगको निरोधात्मक उपायको विषयमा जनचेतना अभिवृद्धि गर्ने | १. व्यक्तिगत स्वास्थ्य अन्तर्गत स्वस्थ खानपान, पोषण, योग, ध्यानको प्रयोगको सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ ।<br>२. रोगको प्राथमिक उपचारको सन्दर्भमा जनचेतनामूलक श्रव्य, दृश्य सामग्री तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।<br>३. स्थानीय पोषणयुक्त खाद्य उत्पादनको प्रयोग गरी पोषणको गुणस्तर अभिवृद्धि गरिनेछ ।<br>४. सरुवा रोग, पानीजन्य रोग, लामखुट्टेको टोकाईबाट लाग्ने रोग, सर्पदंश तथा विश्वव्यापी रूपमा आईपर्ने महामारीबाट बच्ने उपाय सम्वन्धी जनचेतना अभियान संचालन गरिनेछ ।<br>५. नगरपालिकालाई पूर्ण खोपयुक्त बनाईनेछ ।<br>६. रोगको निरोधात्मक उपायका लागि स्वास्थ्य क्षेत्रमा कार्यरत संघसंस्थासंगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ । |
| १.२ आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने | १. वडास्तरीय एक स्वास्थ्य संस्था र नगरपालिकामा कम्तिमा १५ वेडको अस्पतालको व्यवस्था गरिनेछ ।<br>२. नि:शुल्क उपलव्ध हुने औषधीहरूको व्यवस्थालाई नियमित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. स्वास्थ्य वीमालाई विस्तार गरिने र अति विपन्न घरपरिवारलाई बीमा प्रिमियममा अनुदान दिईनेछ ।<br>४. नगरपालिका आफैले र समन्वयमा दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गरिनेछ ।<br>५. दलित, जनजाति र पिछडिएको वस्तीहरूमा आवश्यकता अनुसार घुम्ती स्वास्थ्य सेवा प्रदान गरिनेछ ।<br>६. नवजात शिशु र ५ वर्ष मुनीका बालबालिकाको मृत्यु दर न्युनीकरणका लागि गर्भवति महिलाहरूको नियमित स्वास्थ्य चेकजाँच गरिनेछ ।<br>७. नीजि स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवाहरूको गुणस्तरीयता र सेवा वापत लिईने रकमहरूको विषयमा प्रभावकारी अनुगमन र नियमन गरिनेछ । |
| **उद्देश्य २: बैकल्पिक स्वास्थ्य सेवा विस्तार गर्नु ।** | |
| २.१ बैकल्पिक स्वास्थ्य सेवालाई स्वास्थ्य उपचार प्रणालीमा एकिकृत गर्ने | १. आयुर्वेद, प्राकृतिक चिकित्सा पद्धतिलाई उपचार प्रणालीको मूल प्रवाहमा समावेश गरिनेछ ।<br>२. स्वास्थ्य सेवा केन्द्रहरूमा आयुर्वेदिक, प्राकृतिक चिकित्सा पद्धति र फिजियोथेरापी जस्ता सेवाहरू विस्तार गरी उपयुक्त उपचार पद्धतिको छनोट गर्न सकिने व्यवस्था गरिनेछ । |

### ४.२.६ प्रमूख कार्यक्रम

१. रोग निरोधात्मक उपायहरू सम्वन्धी जनचेतनामूलक कार्यक्रम,
२. स्वास्थ्य सम्वन्धी जनचेतना अभिवृद्धिका लागि श्रव्य, दृश्य सामग्री निर्माण र प्रचारप्रसार,
३. स्वास्थ्य संस्था स्थापना र भएका स्वास्थ्य संस्थाहरूको मर्मतसम्भार,
४. स्वास्थ्य बीमा,
५. दक्ष जनशक्ति र उपकरणहरूको व्यवस्था,
६. बैकल्पिक स्वास्थ्य सेवा पद्धति स्थापना र संचालन,
७. नि:शुल्क उपलव्ध हुने औषधीहरूको व्यवस्थापन र प्रभावकारी वितरण प्रणालीको स्थापना ।

### ४.२.७ अपेक्षित उपलव्धी

सवै नगरवासीलाई नि:शुल्क आधारभूत स्वास्थ्य सुविधा पुगेका हुने, स्वास्थ्य बीमामा ५० प्रतिशत नगरवासी आवद्ध भएको हुने, सबै वडामा प्रसुति सेवा सहितको स्वास्थ्य संस्था भएको हुने, शतप्रतिशत सुत्केरी संस्थागत दायरामा आएको हुने, शतप्रतिशत बालबालिकाले खोप प्राप्त गरेको हुने ।

## ४.३ खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन

### ४.३.१ पृष्ठभूमी

नेपालको कानूनले खानेपानी तथा सरसफाइको क्षेत्रमा नागरिकको पहुँच हुने हक प्रदान गरेको छ । स्वस्थ मानव जीवनका लागि खानेपानी र सरसफाइ अनिवार्य हुने भएकोले संघीय व्यवस्था लागू भएपछि यस सम्बन्धी अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रमा राखिएको छ । यसका साथै नेपाल सरकारले खानेपानी तथा सरसफाइ क्षेत्रलाई महत्व दिई विभिन्न रणनीति र कार्यनीति बनाई कार्यक्रमहरू संचालन गर्दै आएको छ । यस नगरपालिकामा माथिल्लो चुरे वा पहाडी क्षेत्र बाहेक यस क्षेत्रमा भूमिगत पानी नै खानेपानीको श्रोतको रूपमा रहेको छ । भुमिगत पानीलाई घरमै ट्युवेल राखेर खानेपानीको उपयोग गर्ने घरपरिवार १,१७६९ वा ८६.८ प्रतिशत रहेको छ भने सार्वजनिक धाराबाट खानेपानी उपयोग गर्ने घरपरिवार ८.८६ प्रतिशत रहेको छ । सरसफाइको सन्दर्भमा कूल १३,५५८ घरपरिवार मध्ये ४७.७९ प्रतिशत घरपरिवारमा सामान्य शौचालय रहेको छ भने ४४.७६ प्रतिशत घरपरिवारमा फल्स भएको शौचालय रहेको छ । हालसम्म शौचालय नभएको घरपरिवार संख्या १,४९४ वा ७.०५ प्रतिशत रहेको छ । फोहोरमैला व्यवस्थापनका सन्दर्भमा नगरपालिकाको ढल व्यवस्थापन भएको छैन । प्लाष्टिकजन्य फोहोरमैलालाई डढाउने, बाटोमा फोहोर जथाभावी फाल्ने, पुनःप्रयोग गर्न सकिने सामानहरूको पुनःप्रयोग नभएको अवस्था रहेको छ ।

### ४.३.२ प्रमुख समस्या

भूमिगत पानीलाई नै खानेपानीको रूपमा प्रयोग गरिनु, भूमिगत पानीमा आर्सेनिक पाईनु, करीव ५० प्रतिशत घरधुरीमा अझै सामान्य शौचालय हुनु, अहिलेपनि ७ प्रतिशत घरपरिवारमा शौचालय नहुनु, सरसफाइ सम्वन्धी जनचेतनाको कमी, बजार क्षेत्रबाट निस्कने फोहरको उचित व्यवस्थापन हुन नसक्नु, प्लाष्टिकजन्य फोहोर निष्काशन आदि प्रमुख समस्या हुन् ।

### ४.३.३ चुनौति र अवसर

**(क) चुनौति**

स्वस्थ खानेपानीको व्यवस्था, फोहर र ढलको व्यवस्था गर्नु, व्यक्तिगत र सामुदायिक सरसफाइ सम्वन्धी चेतना अभिवृद्धि गर्नु, प्लाष्टिकजन्य पदार्थहरू डढाउने प्रवृति, वस्ती तथा बाटोमा फोहोर फाल्ने परिपाटी, फोहोरको रूपमा निस्कने प्लाष्टिकजन्य तथा बोतलहरूको मात्रा बढ्दै जानु जस्ता चुनौतिहरू हुन् ।

**(ख) अवसर**

शुद्ध खानेपानी र सरसफाइको सन्दर्भमा जनप्रतिनिधि र अगुवाहरूको चासो बढ्दै जानु, खानेपानीको लागि स्रोत प्रशस्त हुनु, यो विषय राष्ट्रिय प्राथमिकतामा पर्नु र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नु, फोहोरमैला व्यवस्थापनमा जनप्रतिनिधि र समुदाय विस्तारै संवेदनशील हुँदै जानु, खानेपानी, सरसफाई र फोहोरमैला व्यवस्थापनमा सहयोगी संस्था र समुदायको सहकार्य हुनु आदि अवसरहरू हुन् ।

### ४.३.४ उद्देश्य

१. सबै नगरवासीलाई शुद्ध खानेपानी र सरसफाइको सुविधा पुऱ्याउनु,
२. नगर क्षेत्रबाट निस्कने सबै प्रकारका फोहोरहरूको प्रभावकारी व्यवस्थापन गर्नु ।

### ४.३.५ रणनीति र कार्यनीति

*तालिका ११ : खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य : सबै नगरवासीलाई शुद्ध खानेपानी र सरसफाइको सुविधा पुऱ्याउनु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने | १. स्वच्छ खानेपानीको व्यवस्था गर्न संघीय र प्रदेश सरकार लगायत खानेपानीको क्षेत्रमा काम गर्ने संस्थाहरू र समुदायसंग समन्वय र सहकार्य गरिनेछ ।<br>२. खानेपानीको गुणस्तर मापन गरी आवश्यक उपचार पद्धति अवलम्वन गरिनेछ ।<br>३. समुदाय तहमा शुद्ध खानेपानीको प्रयोग र पानीजन्य रोग बारे जनचेतना अभिवृद्धि गरिनेछ ।<br>४. खानेपानी आयोजनाको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाईनेछ । |
| १.२ नगरका बजार र बस्ती क्षेत्रमा सरसफाइको उचित व्यवस्थापन गर्ने | १. व्यक्तिगत र समुदाय तहको सरसफाइ सम्बन्धी जनचेतना अभियान संचालन गरिनेछ ।<br>२. शौचालय नभएका घरपरिवारलाई शौचालय निर्माणका लागि वडा कार्यालय र वडाका जनप्रतिनिधिको सहभागितामा घरधुरी भेटघाट गरिनेछ ।<br>३. अति विपन्न र पिछडिएका वर्गको लागि शौचालय निर्माणमा अनुदानको व्यवस्था गरिनेछ ।<br>४. घर, सार्वजनिक स्थान, बजार क्षेत्रको सरसफाइको लागि स्वयंसेवी अभियान संचालन गरिनेछ ।<br>५. आवश्यकता अनुसार बजार क्षेत्रमा सार्वजनिक चर्पी निर्माण गरिनेछ । |
| **उद्देश्य २: नगर क्षेत्रबाट निस्कने सबैप्रकारका फोहोरहरूको प्रभावकारी व्यवस्थापन गर्नु ।** | |
| २.१ सरसफाइको लागि ढल निकासको व्यवस्था गर्ने | १. नवनिर्मित सडकहरूमा अनिवार्य ढल निकासको व्यवस्था गरिनेछ ।<br>२. मूख्य सडकहरूमा ढल निकासलाई प्रभावकारी बनाईनेछ ।<br>३. प्रदेश सरकार र सहयोगी संस्थाहरूको समन्वयमा ढल निर्माण गरिनेछ । |
| २.२ फोहोरमैला व्यवस्थापनका लागि बैज्ञानिक पद्धति अवलम्वन गर्ने | १. सार्वजनिक स्थल र सडक फोहोरमैला व्यवस्थापन नीति तयार गरिनेछ ।<br>२. फोहोरमैला व्यवस्थापनका लागि टोल विकास संस्था र स्थानीय समूहहरूलाई परिचालन गरिनेछ ।<br>३. कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी फोहोर व्यवस्थापन गरिनेछ ।<br>४. फोहोरमैला व्यवस्थापनका लागि 3R (Reduce, Reuse & Recycle) को नीति अवलम्वन गरिनेछ ।<br>५. फोहोरमैलाबाट वायो ग्याँस उत्पादन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ६. शहरी क्षेत्रमा कौसीखेतीलाई प्रवर्द्धन गरिनेछ ।<br>७. फोहोरमैला व्यवस्थापनका लागि सामग्री वितरण गरिनेछ । |

### ४.३.६ प्रमुख कार्यक्रम

१. सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण,
२. खानेपानीको शुद्धता जाँच,
३. खानेपानी सुरक्षा योजना कार्यक्रम निरन्तरता,
४. सरसफाइ सम्बन्धी जनचेतना अभियान,
५. खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरूलाई संस्थागत विकास सम्वन्धी क्षमता विकास,
६. खुल्ला दिसापिसावमुक्त कार्यक्रमलाई निरन्तरता,
७. फोहोरमैला व्यवस्थापन सम्वन्धी जनचेतना र सामग्री वितरण
८. फोहर मैला व्यवस्थापन विसर्जन केन्द्र अध्ययन

### ४.३.७ अपेक्षित उपलब्धी

५० प्रतिशत घरधुरीहरूमा स्वच्छ खानेपानीको सुनिश्चिता भएको हुने, सबै बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण भएको हुने, मूख्य सडक र सहायक सडकहरूमा ढल निर्माण भएको हुने, नगरपालिका स्तरीय सरसफाइ नीति तर्जुमा भई कार्यान्वयन भएको हुने, खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरूका लागि संस्थागत विकास सम्बन्धी तालिम संचालन भएको हुने, फोहोरमैला व्यवस्थापन भएको हुनेछ ।

## ४.४ महिला तथा बालबालिका

### ४.४.१ पृष्ठभूमी

नगरमा रहेका सबै वर्ग वा समूहले विकासको प्रत्याभूति सुनिश्चित गर्न सकेमा मात्र नगर विकास भएको मान्न सकिन्छ । संविधानमा लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायलाई लोककल्याणकारी राज्य वयवस्था स्थापनाको एउटा आारको रूपमा लिई सामाजिक र आर्थिक रूपले पिछडिएका लिङ्ग, वर्ण, वर्ग, समुदाय र क्षेत्रको नागरिकहरूको अधिकार संरक्षण गर्दै ती समूहहरूको विकास र सहभागिता बढाउन विशेष व्यवस्था गर्ने विषय उल्लेख गरिएको छ । यस संबैधानिक व्यवस्थाले महिला र बालबालिकाको विकासका लागि सबै तहका सरकारहरूले विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ ।

यस नगरपालिकामा कूल महिला जनसंख्या ३५४३६ रहेको छ भने लैङ्गिक अनुपात ९९.४० रहेको छ । यसैगरी महिला साक्षरता दर ६८.८ प्रतिशत रहेको छ ।

नगरपालिका भित्र सामुदायिक बाल क्लवहरूको कुल संख्या ७२ रहेको छ । यी क्लबहरूमा १,२१८ बालक र १,०५५ बालिका गरी कुल २,२७३ जना बालबालिकाहरू आवद्ध भएका छन् । वडागत रूपमा हेर्दा सबैभन्दा उच्च संख्यामा वडा नं. १० र ११ मा १० वटा बाल क्लबहरू रहेका छन् भने सबैभन्दा न्यून संख्यामा वडा नं. ३ मा ३ वटा रहेको देखिन्छ । नगरपालिकाले बाल समूह गठन र संरक्षणका लागि बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७५ र बाल संरक्षण नीति, २०७५ तर्जुमा गरी कार्यान्वयन गरेको छ ।

### ४.४.२ प्रमुख समस्या

महिला तथा बालबालिकाको सन्दर्भमा यस नगरपालिकामा रहेको मूख्य समस्याहरूमा महिलाप्रति लैङ्गिक विभेद हुनु, घरेलु तथा लैंगिक हिंसा र मानव बेचविखनका घटनाहरू हुनु, बालमैत्री शासन प्रक्रिया अवलम्बन हुन नसक्नु, बाल विवाह आदि प्रमुख समस्या हुन् ।

## ४.४.३ चुनौति र अवसर

**(क) चुनौति**

महिला तथा बालबालिकाहरूको समतामूलक विकास गर्नु, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, महिला तथा बालबालिकाहरूको क्षमता विकास गर्नु र समाजमा महिला र बालबालिकाको पहिचान स्थापित गराउनु जस्ता विषयहरू मूख्य चुनौतिहरू हुन् ।

**(ख) अवसर**

महिला र बालबालिकाको हकअधिकारको सन्दर्भमा सरकारहरूबाट विभिन्न अभियान र कार्यक्रमहरू संचालन भईरहनु, संविधान र अन्य कानूनहरूले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नु, जनप्रतिनिधि र समाजका अगुवाहरू यस विषयमा संवेदनशील हुनु, महिला संजाल र बालक्लवहरू गठन भई क्रियाशिल हुनु, महिला तथा बालबालिकाको क्षेत्रमा विभिन्न दातृ निकायहरूबाट कार्यक्रम संचालन हुनु अवसरहरू हुन् ।

## ४.४.४ उद्देश्य

१. महिला तथा बालबालिकाहरूको आर्थिक, राजनीतिक र सामाजिक विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

## ४.४.५ रणनीति र कार्यनीति

*तालिका १२ : महिला तथा बालबालिका क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य: महिला तथा बालबालिकाहरूको आर्थिक, राजनीतिक र सामाजिक विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु** | |
| १.१ महिला र बालबालिकारुको सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बृद्धि गर्ने | १. महिला र बालबालिकाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्न सकारात्मक विभेदको नीतिगत व्यवस्था गरिनेछ ।<br>२. नगरपालिकाबाट हुने सार्वजनिक नियुक्ति, गठन हुने सबै समिति तथा उपसमितिहरूमा महिलाको प्रतिनिधित्व गरिनेछ ।<br>३. बालमैत्री नगरपालिका बनाईनेछ । |
| १.२ महिला र बालबालिकाहरूको क्षमता विकास गर्ने | १. महिला र बालबालिकाहरूका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।<br>२. लक्षित र पिछडिएको समुदायका बालबालिकाहरूलाई शैक्षिक छात्रवृत्तिको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. महिला र बालबालिकाको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्थाहरूलाई सक्रिय रूपमा परिचालन गरिनेछ ।<br>४. बालविवाह अन्त्यका लागि अभियान संचालन गरिनेछ । |
| १.३ महिला र बालबालिकाहरूको मानवअधिकार संरक्षण गर्ने | १. महिला र बालबालिकाको हक अधिकार बारे सजग बनाउन सचेतना अभियान संचालन गरिनेछ ।<br>२. बालअधिकार सुनिश्चित गर्नका लागि बालक्लव र बालबालिकाको क्षेत्रमा क्रियाशिल संस्थाहरूलाई सक्रिय बनाईनेछ ।<br>३. महिला र बालअधिकार हनन भएको अवस्थामा पिडकबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।<br>४. एकल महिला र टुहुरा बालबालिकाहरूको जीवनयापनका लागि सुनिश्चित व्यवस्था गरिनेछ । |

### ४.४.६ प्रमूख कार्यक्रम

१. न्यायिक समिति सुदृढिकरण
२. महिला आयआर्जन कार्यक्रम
३. महिला र बालबालिकाको क्षमता विकास कार्यक्रम
४. महिला हिंसा, मानव बेचविखन, बालविवाह, छुवाछुत र दाईजोप्रथा अन्त्यको लागि अभियान संचालन
५. हिंसा पिडित महिला र टुहुरा बालबालिकाका लागि सहयोग कोष स्थापना र परिचालन
६. दलित, विपन्न र पिछडिएका बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम
७. महिला बिकासको क्षेत्रमा कार्यरत संस्था र बालक्लवहरूको परिचालन
८. बालमैत्री शासन स्थानीय शासन कार्यक्रम संचालन ।

### ४.४.७ अपेक्षित उपलब्धी

महिला साक्षरता ८० प्रतिशत पुग्ने, बालविवाह शुन्यमा झर्ने, बालक्लवहरूको थप स्थापना भई आफ्ना क्रियाकलापहरूमा तिव्रता दिने, बालमैत्री नगरपालिका घोषणा भएको हुने, नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी कार्यान्वयन भएको हुने ।

## ४.५ दलित र उत्पीडित वर्ग उत्थान

### ४.५.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ४० मा दलितको हक सम्बन्धी व्यवस्था गरेको छ । यस अन्तर्गत राज्यका सबै निकायमा दलितलाई राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था र सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने किटान गरिएको छ । दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिने र दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक सुनिश्चित

गरिएको छ । यसका साथै राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्ने समेतको संवैधानिक व्यवस्था रहेको छ ।

यस नगरपालिकाको जातिगत विवरण हेर्दा कूल घरपरिवार संख्या १३,५५८ रहेको यस नगरपालिकामा ४ घरपरिवार लोपउन्मुख जाति पथ्थरकट्टाको समेत रहेको छ भने पहाडी दलित र तराई दलित क्रमशः ७.९४ र ६.५५ प्रतिशत र मुस्लिम १२.१० प्रतिशत रहेको छ । यसैगरी जनसंख्यायिक विवरणमा पहाडी दलित र तराई दलित क्रमशः ७.१२ र ६.९८ प्रतिशत र मुस्लिम १३.९० प्रतिशत रहेको छ । यसरी समग्रमा हेर्दा दलित र मुस्लिमको जनसंख्या २८ प्रतिशत रहेको छ ।

## ४.५.२ प्रमुख समस्या

आर्थिक र सामाजिक अवस्थामा दलित र उत्पीडित वर्ग पछाडि पर्नु, चेतनाको अभाव, छुवाछुत, शिक्षा र स्वास्थ्यको क्षेत्रमा पछाडि पर्नु आदि प्रमुख समस्या हुन् ।

## ४.५.३ चुनौति र अवसर

**(क) चुनौति**

दलित र उत्पीडित वर्गको समतामुलक विकास गर्नु, आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, संख्यात्मक प्रतिनिधित्वलाई अर्थपूर्ण सहभागिता गराउनु, दलित र उत्पीडित समुदायलाई संगठित गरी परिचालन गराउनु आदि चुनौति रहेकाछन् ।

**(ख) अवसर**

कानूनी रूपमा समावेशी र सहभागिताको प्रावधान, जनप्रतिनिधि र समाजका अगुवाहरू यस विषयमा संवेदनशील हुनु, दलित र उत्पीडित वर्गको मानवअधिकारको सुरक्षा र समावेशीकरणको लागि कानूनी सुनिश्चितता हुनु, यस क्षेत्रमा सहयोगी निकायहरूले कार्यक्रमहरू संचालन गर्नु आदि यस विषयको सन्दर्भमा अवसरहरू हुन् ।

## ४.५.४ उद्देश्य

दलित र उत्पीडित वर्गको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

## ४.५.५ रणनीति र कार्यनीति

*तालिका १३ : दलित र उत्पीडित क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः दलित र उत्पीडित वर्गको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।** | |
| १.१ दलित र उत्पीडित वर्गको सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बृद्धि गर्ने | १. दलित र उत्पीडित वर्गको आर्थिक, सामाजिक तथा राजनीतिक अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्न सकारात्मक विभेदको नीतिगत व्यवस्था गरिनेछ ।<br>२. नगरपालिकाबाट हुने सार्वजनिक नियुक्ति, गठन हुने सबै |

| रणनीति | कार्यनीति |
|---|---|
| | समिति तथा उपसमितिहरूमा जनसंख्यालाई आधार मानी दलित र उत्पीडित वर्गको प्रतिनिधित्व गरिनेछ । |
| १.२ दलित र उत्पीडित वर्गको क्षमता विकास गर्ने | १. दलित र उत्पीडित वर्गका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।<br>२. दलित र उत्पीडिते समुदायका बालबालिकाहरूलाई शैक्षिक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>३. दलित र उत्पीडित समुदायको विकासको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्थाहरूलाई सक्रिय रूपमा परिचालन गरिनेछ ।<br>४. छुवाछुत अन्त्यका लागि अभियान संचालन गरिनेछ ।<br>५. दलित र उत्पीडित वर्गको बसोवास रहेको समुदायहरूमा बाल विकास केन्द्रहरू स्थापना र परिचालन गरिनेछ । |
| १.३ दलित र उत्पीडित समुदायको मानवअधिकार संरक्षण गर्ने | १. दलित र उत्पीडित समुदायको हक अधिकार बारे सजग बनाउन सचेतना अभियान संचालन गरिनेछ ।<br>२. दलित र उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्नका लागि यस क्षेत्रमा क्रियाशिल संस्थाहरूलाई सक्रिय बनाईनेछ ।<br>३. दलित र उत्पीडित समुदायको अधिकार हनन भएको अवस्थामा पिडकबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।<br>४. असहाय दलित र उत्पीडित व्यक्तिहरूको जीवनयापनका लागि सुनिश्चित व्यवस्था गरिनेछ । |

### ४.५.६ प्रमूख कार्यक्रम

१. दलित र उत्पीडित वर्गको लागि आयआर्जन कार्यक्रम
२. दलित र उत्पीडित वर्गको क्षमता विकास कार्यक्रम
३. दलित र उत्पीडित वर्गको अधिकार र छुवाछुत विरुद्ध अभियान संचालन
४. असहाय दलित र उत्पीडित व्यक्तिका लागि सहयोग कोष स्थापना र परिचालन
५. दलित र उत्पीडित समुदायका बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम
६. दलित र उत्पीडित समुदायको विकासमा कार्यरत संस्थाहरूको परिचालन

### ४.५.७ अपेक्षित उपलब्धी

नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी कार्यान्वयन भएको हुने, दलित र उत्पीडित समुदायको साक्षरता दर वृद्धि हुने, दलित र उत्पीडित समुदायहरूले आफनो सीप र दक्षता अनुसार व्यवसायिक पेशामा संलग्न भएको हुने, दलित र उत्पीडित समुदायमाथि गरिने विभेद र छुवाछुत न्यून हुने, जनसंख्याको आधारमा नगरपालिका स्तरीय समिति, उपसमिति लगायत अन्य संरचनाहरूमा दलित र उत्पीडित समुदायको समानुपातिक प्रतिनिधित्व भएको हुने ।

## ४.६ आदिवासी जनजाति विकास

### ४.६.१ पृष्ठभूमी

नेपालको संविधानको धारा १८ को समानताको हकमा आदिवासी जनजातिको विकासको लागि विशेष व्यवस्था गर्न सकिने प्रावधान राखिएको छ । यसैगरी धारा ४२ मा आदिवासी जनजाति लगायत अन्य पछाडि परेका समुदायहरूलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुने अधिकार सुनिश्चित गरेको छ । साथै संविधानले आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने समेत संवैधानिक व्यवस्था रहेको छ ।

यस नगरपालिकाको जातिगत विवरण हेर्दा कूल घरपरिवार संख्या १३,५५८ रहेको यस नगरपालिकामा पहाडी आदिवासी जनजाति र तराई आदिवासी जनजाति क्रमशः ९.९९ र १६.४० प्रतिशत रहेको छ । यसैगरी जनसंख्यायिक विवरणमा पहाडी आदिवासी जनजाति र तराई आदिवासी जनजाति क्रमशः ९.२० र १७.१२ प्रतिशत रहेको छ ।

### ४.६.२ प्रमुख समस्या

आर्थिक र सामाजिक अवस्था पछाडि पर्नु, चेतनाको अभाव, शिक्षा र स्वास्थ्यको क्षेत्रमा पछाडि पर्नु आदि प्रमुख समस्या हुन् ।

### ४.६.३ चुनौति र अवसर

**(क) चुनौति**

आदिवासी जनजाति समुदायको समतामुलक विकास गर्नु, आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, संख्यात्मक प्रतिनिधित्वलाई अर्थपूर्ण सहभागिता गराउनु, यस वर्गका समुदायलाई संगठित गरी परिचालन गराउनु आदि चुनौति रहेकाछन् ।

**(ख) अवसर**

कानूनी रूपमा समावेशी र सहभागिताको प्रावधान, जनप्रतिनिधि र समाजका अगुवाहरू यस विषयमा संवेदनशील हुनु, आदिवासी जनजाति समुदायको मानवअधिकारको सुरक्षा र समावेशीकरणको लागि कानूनी सुनिश्चितता हुनु, यस क्षेत्रमा सहयोगी निकायहरूले कार्यक्रमहरू संचालन गर्नु आदि यस विषयको सन्दर्भमा अवसरहरू हुन् ।

### ४.६.४ उद्देश्य

आदिवासी जनजाति समुदायको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

### ४.६.५ रणनीति र कार्यनीति

*तालिका १४ : आदिवासी जनजाति क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः आदिवासी जनजाति समुदायको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरूमा** | |

| रणनीति | कार्यनीति |
|---|---|
| **समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।** | |
| १.१ आदिवासी जनजाति समुदायको सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बृद्धि गर्ने | १. आदिवासी जनजाति समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्न सकारात्मक विभेदको नीतिगत व्यवस्था गरिनेछ ।<br>२. नगरपालिकाबाट हुने सार्वजनिक नियुक्ति, गठन हुने सबै समिति तथा उपसमितिहरूमा जनसंख्यालाई आधार मानी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व गरिनेछ । |
| १.२ आदिवासी जनजाति समुदायको क्षमता विकास गर्ने | १. आदिवासी जनजाति समुदायका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।<br>२. आदिवासी जनजाति समुदायका बालबालिकाहरूलाई शैक्षिक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>३. आदिवासी जनजाति समुदायको विकासको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्थाहरूलाई सक्रिय रूपमा परिचालन गरिनेछ ।<br>४. आदिवासी जनजाति समुदाय बसोवास रहेको समुदायहरूमा बाल विकास केन्द्रहरू स्थापना र परिचालन गरिनेछ । |
| १.३ आदिवासी जनजाति समुदायको मानवअधिकार संरक्षण गर्ने | १. आदिवासी जनजाति समुदायको हक अधिकार बारे सजग बनाउन सचेतना अभियान संचालन गरिनेछ ।<br>२. आदिवासी जनजाति समुदायको अधिकार सुनिश्चित गर्नका लागि यस क्षेत्रमा क्रियाशिल संस्थाहरूलाई सक्रिय बनाईनेछ ।<br>३. आदिवासी जनजाति समुदायको अधिकार हनन भएको अवस्थामा पिडकबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।<br>४. असहाय आदिवासी जनजाति समुदायका परिवार वा व्यक्तिहरूको जीवनयापनका लागि सुनिश्चित व्यवस्था गरिनेछ । |

## ४.६.६ प्रमुख कार्यक्रम

१. आदिवासी जनजाति समुदाय केन्द्रीत आयआर्जन कार्यक्रम
२. आदिवासी जनजाति समुदायको क्षमता विकास कार्यक्रम
३. असहाय आदिवासी जनजाति व्यक्तिका लागि सहयोग कोष स्थापना र परिचालन
४. आदिवासी जनजाति समुदायका बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम
५. आदिवासी जनजाति समुदायको विकासमा कार्यरत संस्थाहरूको परिचालन

## ४.६.७ अपेक्षित उपलब्धी

नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी आदिवासी जनजातिको विकासका लागि कार्यान्वयन भएको हुने, आदिवासी जनजाति समुदायको साक्षरता दर वृद्धि हुने, आदिवासी

जनजाति समुदायहरूले आफनो सीप र दक्षता अनुसार व्यवसायिक पेशामा संलग्न भएको हुने, जनसंख्याको आधारमा नगरपालिका स्तरीय समिति, उपसमिति लगायत अन्य संरचनाहरूमा आदिवासी जनजाति समुदायको समानुपातिक प्रतिनिधित्व भएको हुने ।

## ४.७ अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक

### ४.७.१ पृष्ठभूमी

नेपालको संविधान र यस अन्तर्गत बनेका कानूनहरूले राज्यमा रहेको अपाङ्ग, जेष्ठ नागरिक र अल्पसंख्यकहरूको हक र अधिकार सुनिश्चित गरेको छ । संवैधानिक व्यवस्थामा अपाङ्ग, अल्पसंख्यक लगायत पछाडि परेका समुदायको विकासको लागि विशेष व्यवस्था गर्न सकिने प्रावधान राखिएको छ । यसैगरी पछाडि परेका समुदायहरूलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुने अधिकारका साथै पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरहेको छ । नेपालको संविधानले धारा ३०६ मा रहेको परिभाषा र व्याख्यामा अल्पसंख्यक भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ भनी परिभाषित गरिएको छ ।

यस नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको कूल जनसंख्या ७३१ जना रहेको देखिन्छ । जसअनुसार शारीरिक अपाङ्गता भएकाहरूको जनसंख्या सबैभन्दा अधिक ३८२ वा ५२.२६ प्रतिशत रहेको छ भने बहिराको संख्या ८८ जना, स्वर बोलाइ सम्बन्धी अपाङ्गता भएका ५० जना, बौद्धिक अपाङ्गता ६० जना र दृष्टिविहिन ५२ जना रहेका छन् । यसैगरी ६० बर्षभन्दा माथीको उमेर समूहमा कूल जनसंख्या ५,८५१ अर्थात करीव ८ प्रतिशत जनसंख्या रहेको छ भने सामाजिक सुरक्षावृत्ति अन्तर्गत २,६६३ ज्येष्ठ नागरिकहरूले सुविधा प्राप्त गरिरहेका छन् । नगरपालिकाले अपाङ्ग व्यक्तिहरूको पहिचान गर्नका लागि अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ तयार गरी कार्यान्वयन गरिरहेको छ ।

### ४.७.२ प्रमुख समस्या

अपाङ्गमैत्री पूर्वाधार नहुनु, समावेशी रोजगारी नहुनु, अनुभवी जनशक्तिको सम्मान र अवसर नहुनु, समावेशी नीति र व्यवस्थाहरू कार्यान्वनमा नआउनु आदि प्रमुख समस्या हुन ।

### ४.७.३ चुनौति र अवसर

**(क) चुनौति**

अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको समतामुलक विकास गर्नु, आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, संख्यात्मक प्रतिनिधित्वलाई अर्थपूर्ण सहभागिता गराउनु, यस वर्गका समुदायलाई संगठित गरी परिचालन गराउनु आदि चुनौति रहेकाछन् ।

**(ख) अवसर**

कानूनी रूपमा समावेशी र सहभागिताको प्रावधान, जनप्रतिनिधि र समाजका अगुवाहरू यस विषयमा संवेदनशील हुनु, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको मानवअधिकारको सुरक्षा र समावेशीकरणको लागि कानूनी सुनिश्चितता हुनु, यस क्षेत्रमा सहयोगी निकायहरूले कार्यक्रमहरू संचालन गर्नु आदि यस विषयको सन्दर्भमा अवसरहरू हुन् ।

### ४.७.४ उद्देश्य

अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

## ४.७.५ रणनीति र कार्यनीति

*तालिका १५ : अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरूमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।** | |
| १.१ अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बृद्धि गर्ने | १. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्न सकारात्मक विभेदको नीतिगत व्यवस्था गरिनेछ ।<br>२. नगरपालिकाबाट हुने सार्वजनिक नियुक्ति, गठन हुने सबै समिति तथा उपसमितिहरूमा जनसंख्यालाई आधार मानी अपाङ्ग र अल्पसंख्यक समुदायको प्रतिनिधित्व गरिनेछ । |
| १.२ अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको क्षमता विकास गर्ने | १. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।<br>२. अपाङ्ग र अल्पसंख्यक समुदायका बालबालिकाहरूलाई शैक्षिक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>३. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको विकासको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्थाहरूलाई सक्रिय रूपमा परिचालन गरिनेछ । |
| १.३ अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको मानवअधिकार संरक्षण गर्ने | १. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको हक अधिकार बारे सजग बनाउन सचेतना अभियान संचालन गरिनेछ ।<br>२. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको अधिकार सुनिश्चित गर्नका लागि यस क्षेत्रमा क्रियाशिल संस्थाहरूलाई सक्रिय बनाईनेछ ।<br>३. ज्येष्ठ नागरिकहरूको अनुभव सुन्ने र सम्मान गरिनेछ ।<br>४. ज्येष्ठ नागरिकको उचित व्यवस्थापनका लागि घरपरिवारलाई जिम्मेवार बनाईनेछ ।<br>५. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको अधिकार हनन भएको अवस्थामा पिडकबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।<br>६. बाबुआमाको सम्मान नगर्ने र उचित हेरचाह नगर्ने सन्तानको लगत राख्ने, सार्वजनिक गर्ने र नगरपालिकाले दिने सेवा सुविधा कटौति गर्ने तथा कानूनी कारवाही गर्ने व्यवस्था गरिनेछ ।<br>७. असहाय अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायका परिवार वा व्यक्तिहरूको जीवनयापनका लागि सुनिश्चित व्यवस्था गरिनेछ । |

### ४.७.६ मूख्य कार्यक्रम

१. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको लागि विशेष कार्यक्रम
२. अपाङ्ग र अल्पसंख्यक समुदायको क्षमता विकास कार्यक्रम
३. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक व्यक्तिका लागि सहयोग कोष स्थापना र परिचालन
४. अपाङ्ग र अल्पसंख्यक समुदायका बालबालिकाहरूका लागि छात्रवृत्ति कार्यक्रम
५. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम
६. अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको विकासमा कार्यरत संस्थाहरूको परिचालन

### ४.७.७ अपेक्षित उपलब्धी

नगरपालिकाले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक समुदायको विकासका लागि कार्यान्वयन भएको हुने, नगरपालिका स्तरीय समिति, उपसमिति लगायत अन्य संरचनाहरूमा अपाङ्ग र अल्पसंख्यक समुदायको प्रतिनिधित्व भएको हुने, अपाङ्ग, अल्पसंख्यक र ज्येष्ठ नागरिकले सम्मानपूर्वक जीवनयापन गरेको हुने ।

## ४.८ युवा तथा खेलकूद

### ४.८.१ पृष्ठभूमी

नगर विकासको लागि युवा वर्गको महत्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ ।

यस नगरपालिकाको उमेरगत जनसंख्यालाई विश्लेषण गर्दा १९ देखि २४ वर्षको उमेर समूहमा २४,८९५ रहेका छ भने २५ देखि ४९ वर्ष उमेर समूहमा ८,६६९ रहेको छ । कूल जनसंख्याको अनुपातमा युवा समूहको जनसंख्या यतिको हुनु समग्र आर्थिक र सामाजिक विकासका लागि राम्रो हो । यस नगरपालिकामा ९ जना राष्ट्रिय र क्षेत्रियस्तरका खेलाडीहरू रहेका छन् । यस नगरपालिका क्षेत्र भित्र ३६ वटा युवा क्लवहरू रहेका छन् । यस्ता क्लवहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहेको देखिन्छ । यस नगरपालिका भित्र खेल मैदान, पिकनिक स्थल र मनोरञ्जन स्थल गरी कुल १५ वटा स्थानहरू रहेका छन् ।

### ४.८.२ प्रमुख समस्या

युवा समूहलाई उचित परिचालन हुन नसक्नु, सीपमूलक र प्राविधिक युवाशक्ति उत्पादन गर्न नसक्नु, आन्तरिक रोजगारीको अवसर श्रृजना हुन नसक्नु, वैदेशिक रोजगारीबाट फर्केका युवाको ज्ञान, सीप र अनुभवलाई प्रयोग गर्न नसक्नु, खेलकूदका लागि उपयुक्त पूर्वाधार विकास हुन नसक्नु, खेलकूदको सामग्री उपलब्ध हुन नसक्नु र दक्ष प्रशिक्षकको व्यवस्था गर्न नसक्नु, खेलकूदमा लगानी गर्न नसक्नु आदि प्रमुख समस्याहरू हुन् ।

### ४.८.३ चुनौति र अवसर

**(क) चुनौति**

युवालाई रोजगारीको व्यवस्था गर्नु, युवा जनशक्तिको प्राविधिक क्षमताको विकास गर्नु, युवा पलायन रोक्नु, खेलकूदको लागि बजेट विनियोजन गरी नियमित प्रतियोगिता आयोजना गर्नु, युवाहरूलाई आर्थिक र सामाजिक क्षेत्रमा परिचालन गर्नु, नगरको नाम राख्ने खेलाडीहरूलाई सम्मान र नगरपालिका तहमा रोजगारीको व्यवस्था गर्नु आदि प्रमुख चुनौति रहेका छन् ।

**(ख) अवसर**

युवाशक्ति परिचालनको लागि कानूनी व्यवस्था हुनु, युवा उमेर समूहको जनसंख्या उच्च रहनु, स्थानीय सरकार संचालन ऐनले स्थानीय खेलकूद विकासको जिम्मेवारी स्थानीय सरकारलाई दिनु, खेलकूद प्रति चासो वृद्धि हुँदै जानु, युवाक्लवहरू गठन भई परिचालन हुनु, खेलकूदका सामान्य पूर्वाधार हुनु आदि प्रमुख अवसर हुन ।

## ४.८.४ उद्देश्य

१. युवा जनशक्तिलाई आर्थिक र सामाजिक विकास क्षेत्रमा परिचालन गर्नु ।

२. युवा समूहको समग्र विकास गर्नु ।

## ४.८.५ रणनीति र कार्यनीति

*तालिका १६ : युवा तथा खेलकूद क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: युवा जनशक्तिलाई आर्थिक र सामाजिक विकास क्षेत्रमा परिचालन गर्नु ।** | |
| १.१ युवा समूहको पहिचान र संगठित गर्ने | १. नगरपालिका भित्र रहेका युवा शक्तिको तथ्यांक अपडेट गरिनेछ ।<br>२. युवा शक्तिलाई युवा क्लव, नागरिक समाज लगायत अन्य संगठनहरूमा आवद्ध गरिनेछ । |
| १.२ युवाको क्षमता विकास गरी प्रभावकारी परिचालन गर्ने | १. युवाहरूको रुची र आवश्यकता पहिचान गरी स्वरोजगार एवं रोजगार सम्बन्धी सीप विकास तालिम उपलव्ध गराईनेछ ।<br>२. युवा क्लव र युवाको क्षेत्रमा काम गर्ने संस्थाहरूसंग समन्वय गरी सामाजिक जागरण, विपद् व्यवस्थापन, सांस्कृति स्थानहरूको सम्वर्द्धनमा परिचालन गर्न अभिप्रेरित गरिनेछ ।<br>३. आर्थिक विपन्न र अपाङ्ग युवाहरूलाई लक्षित गरी सरकार र सहयोगी संस्थाहरूसंग समन्वय र सहकार्य गरी सीपमूलक तालिम संचालन गरिनेछ ।<br>४. विदेशबाट फर्केका युवाहरूको सीप र दक्षतामा आधारित भई व्यवसाय गर्न ईच्छुक युवाहरूको समूह मार्फत विशेष कार्यक्रम संचालन गरिनेछ । |
| **उद्देश्य २: युवा समूहको समग्र विकास गर्नु ।** | |
| २.१ विद्यालय र क्याम्पस तहमा | १. विद्यालय र क्याम्पस तहमा युवाहरूलाई सामाजिक |

| रणनीति | कार्यनीति |
|---|---|
| अध्ययनरत युवाहरूलाई सामाजिक उत्तरदायित्व सम्बन्धी सचेतना अभिवृद्धि गर्ने | उत्तरदायित्व सम्वन्धी कक्षा संचालनको व्यवस्था गर्ने ।<br>२. विद्यालय र क्याम्पसका युवा विद्यार्थीहरूको संलग्नतामा सामजिक कुरीति कुसंस्कार विरुद्ध अभियान संचालन गर्ने । |
| २.२ खेलकूदको विकास र विस्तार गर्ने | १. विद्यालय तहमा खेलकूद विकासका लागि पूर्वाधार तयारी र विकास गर्दै लगिनेछ ।<br>२. विद्यमान खेलमैदानहरूको स्तर उन्नति गरिनेछ ।<br>३. राष्ट्रिय र अन्तराष्ट्रिय तहमा भाग लिई पदक प्राप्त गर्ने नगरका युवालाई सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।<br>४. सरकारी र अन्य निकायहरूसंग समन्वय गरी युवाहरूको परिचालनमा खेलकूद कार्यक्रम संचालन गरिनेछ ।<br>५. युवा क्लवहरूलाई योगदानको आधारमा नगरपालिकाले युवा परिचालन र खेलकूदको क्षेत्र गरेको योगदानको कदर गर्दै पुरस्कृत गरिनेछ । |

### ४.८.६ प्रमुख कार्यक्रमहरु

१. युवा लक्षित स्वरोजगार एवं रोजगार सम्बन्धी सीप विकास तालिम
२. बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित विशेष कार्यक्रम
३. खेलकूद पूर्वाधार निर्माण र मर्मत सम्भार
४. नगरक्षेत्रका ख्यातिप्राप्त खेलाडीहरूको सम्मान र पुरस्कार
५. विद्यालय स्तरीय बार्षिक खेलकूद कार्यक्रम
६. युवा परिचालित सामाजिक कार्यक्रम
७. जिवन उपयोगी सीप प्रर्वद्धनात्मक कार्यक्रम (१० उपयोगी सीप)

### ४.८.७ अपेक्षित उपलब्धी

बार्षिक रूपमा १५० जना युवाहरूले व्यवसायिक र सीपमूलक तालिम प्राप्त गरेको हुने, बार्षिक रूपमा १०० जना युवाहरू मार्फत उद्यम संचालन गरेको हुने, बैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या तुलनात्मक रूपमा कमी भएको हुने, बार्षिक २० जना बैदेशिक रोजगारबाट फर्केका युवाहरूले आफूले सिकेका सीप र दक्षता अनुसार व्यवसाय संचालन गरेको हुने, विद्यालय स्तरीय खेलकूद कार्यक्रम संचालन भएको हुने, युवाहरूको नेतृत्वमा सामाजिक विकासका कार्यक्रमहरू संचालन भएको हुने ।

## ४.९ सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन

### ४.९.१ पृष्ठभूमी

नेपालको संविधानले धार्मिक स्वतन्त्रताको हक प्रत्याभूति गर्दै धारा २६ मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने भनिएको छ । साथै प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी संचालन र संरक्षण गर्ने हक प्रदान गरेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐनले विकास कार्य अन्तर्गत स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने भनिएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र

बहुसांस्कृतिक राष्ट्रको रूपमा विश्वमै सुपरिचित छ । हाम्रा सम्वृद्ध मूर्त तथा अमूर्त सम्पदाहरू राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रूपमा रहेका छन् । असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव सुदृढ गर्न आवश्यक छ । परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र विकास गर्ने दायित्व बढेको छ ।

शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनीको निकट पश्चिममा अवस्थित ऐतिहासिक स्युराज क्षेत्र तथा प्रसिद्ध धार्मिक स्थल शिवगढीका नामबाट नै नामाकरण गरिएकोले पनि यस नगरपालिकाको धार्मिक तथा सांस्कृतिक महत्व रहेको छ । जातजातिगत हिसाबले मिश्रित बसोबास रहेको यस क्षेत्रमा हिन्दु तथा मुस्लिम धर्मालम्बी र थारु, मधेसी, पहाडी र मुस्लिम समुदायका बीचको युगौं पुरानो सहिष्णुतायुक्त सम्बन्ध रहेको छ । चाडपर्वका सन्दर्भमा हिन्दु धर्मालम्बीहरूले मुख्यतया दुर्गा पुजा, दिवाली, छठ र होली मनाउँछन् भने मुस्लिमहरूमा इद तथा रमजान जस्ता चाडपर्व र थारुहरूमा हिन्दु चाडका अतिरिक्त माघी पर्व धुमधामसँग मनाउने परम्परा रहेको छ । यस नगरपालिका क्षेत्रमा धार्मिक स्थलका रूपमा १६६ वटा मन्दिर तथा २८ वटा मस्जिदको रहेका छन् ।

## ४.९.२ **प्रमुख समस्या**

धार्मिक तथा सांस्कृतिक महत्व बोकेका स्थलहरूको ऐतिहासिक महत्व विर्सदै जानु, प्राचीन सांस्कृतिक सम्पदा एवं तिनिहरूको स्वामित्वमा रहेको सम्पतिको वैज्ञानिक अभिलेखको अभाव हुनु, सम्पदाहरू माथि अव्यवस्थित शहरीकरणद्धारा सिर्जित अतिकमण हुनु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको व्यवस्थापन सम्बन्धि नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्न प्रयाप्त स्रोत साधन नहुनु, सम्पदाको दिगो संरक्षण तथा सञ्चालनका लागि स्थानीय तह र समुदायमा स्वामित्वको अनुभूति दिलाउनु नसकिनु, भाषा, संस्कृति संरक्षण, प्रवर्द्धन तथा अभ्यास गर्ने विभिन्न क्षेत्रका स्रष्टा तथा समुदायलाई उचित सम्मान तथा प्रोत्साहनमा समेट्न नसक्नु, भाषा र संस्कृतिको क्षेत्रमा प्रयाप्त मात्रामा अध्ययन अनुसन्धान हुन नसक्नु र ऐतिहासिक महत्व बोकेका स्थलहरूको प्रचारप्रसार हुन नसक्नु मुख्य समस्या रहेका छन् ।

## ४.९.३ **चुनौति र अवसर**

**(क) चुनौति**

ऐतिहासिक महत्व बोकेका स्थलहरूको दस्तावेजीकरण गर्नु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धी नीति, कानुन् एवं अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गर्नु, विश्व व्यापीकरणको प्रभावबाट मौलिक संस्कृतिलाई जोगाइराख्नु, विविधतामा एकता ल्याउने सशक्त माध्यम भाषा र संस्कृति भएकोले सबै भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु र संस्कृतिलाई राज्यको प्राथमिकतामा समावेश गरी प्रयाप्त स्रोत साधनको व्यवस्था मिलाउनु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

**(ख) अवसर**

संविधानमा भाषा आयोगको प्रावधान रहनु तथा भाषा र संस्कृतिको हकलाई मौलिक हकको रूपमा प्रत्याभूती हुनु, स्थानीय सरकार संचालन ऐनको विकास कार्य अन्तर्गत स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने किटान गरिनु, स्थानीय समुदायमा धार्मिक तथा सांस्कृतिक सहिष्णुता कायम हुनु र वाह्य पर्यटकहरूलाई आकर्षण गर्न सकिने अवसर रहेको छ ।

## ४.९.४ **उद्देश्य**

१. सबै जाति/समुदायको संस्कृति र परम्पराको जगेर्ना गर्दै सम्पदाहरूको संरक्षण र प्रभावकारी व्यवस्थापन गरी स्थानीय मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धिमा सहयोग पु-याउनु ।
२. भाषा, भेषभुषा, साहित्य, लिपि, संगीत, नाट्य कला र ललितकला क्षेत्रको वृहत्तर विकास र प्रवर्द्धन गर्नु ।

### ४.९.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सबै जाति/समुदायको संस्कृति र परम्पराको जगेर्ना गर्दै सम्पदाहरूको संरक्षण र प्रभावकारी व्यवस्थापन गरी स्थानीय मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धिमा सहयोग पु-याउनु ।** | |
| १.१ स्थानीय संस्कृति र परम्पराको जगेर्ना गर्ने | १. संस्कृति र परम्परासंग सम्बन्धित स्थान, भेषभुषा संरक्षणका लागि नीति तयार गरिनेछ ।<br>२. स्थानीय संस्कृति र परम्पराहरूको अभिलेखीकरण गरिनेछ ।<br>३. स्थानीय संस्कृति र परम्परामा रहेको सकारात्मक पक्षहरूलाई जानकार व्यक्तिहरूबाट युवापुस्तालाई जानकारी गराईनेछ ।<br>४. संस्कृति र परम्परा प्रवर्द्धनमा संलग्न व्यक्ति र संस्थाहरूलाई आवश्यक सहयोग गरिनेछ । |
| १.२ स्थानीय सम्पदाहरूको संरक्षण र प्रभावकारी व्यवस्थापन गर्ने | १. स्थानीय सम्पदाहरूको जिर्णाद्वार गरिनेछ ।<br>२. पुरातात्विक विभागसंग समन्वय गरिनेछ ।<br>३. पालिका स्तरमा स्थानीय सम्पदाहरूको संरक्षण र व्यवस्थापनका लागि उपसमिति गठन गरिनेछ । |
| **उद्देश्य २: भाषा, भेषभुषा, साहित्य, लिपि, संगीत, नाट्य कला र ललितकला क्षेत्रको वृहत्तर विकास र प्रवर्द्धन गर्नु ।** | |
| २.१ भाषा, भेषभूषा, साहित्य, लिपीको संरक्षण गर्ने | १. सांस्कृतिक संग्राहलय निर्माण गरिनेछ ।<br>२. भाषा, भेषभूषा, लिपीको संरक्षणको क्षेत्रमा कार्यरत व्यक्ति र संस्थालाई सहयोग गरिनेछ ।<br>३. स्थानीय भाषा, भेषभूषा र लिपीको संरक्षण गरिनेछ । |
| २.२ स्थानीय सांस्कृतिक, धार्मिक र ऐतिहासिक पहिचानको प्रवर्द्धन गर्ने | १. स्थानीय सांस्कृति, धार्मिक र ऐतिहासिक महत्व बोकेका स्थल र सम्पदाहरूको ब्रुसर, डकुमेन्ट्री तयार गरिनेछ ।<br>२. स्थानीय सांस्कृति, धार्मिक र ऐतिहासिक महत्व बोकेका स्थल र सम्पदाहरूको प्रचार प्रसार गरिनेछ ।<br>३. साहित्यिक महोत्सव आयोजना गरिनेछ । |

### ४.९.६ प्रमुख कार्यक्रमहरु

१. सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, र संरक्षण
२. भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराहरूको प्रचार प्रसार
३. धार्मिक तथा साँस्कृतिक संस्था वा समूहहरूको संस्थागत विकास
४. सांस्कृति, धार्मिक, ऐतिहासिक सम्पदाहरूको सौन्दर्यकरण
५. साहित्यक महोत्सव तथा प्रकाशन
६. सास्कृतिक संग्रालय निर्माण तथा व्यवस्थापन

### ४.९.७ अपेक्षित उपलब्धी

नगर क्षेत्रको सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, संरक्षण, सम्वर्द्धन र विकास भएको हुनेछ । भाषा, कला, साहित्य र संस्कृति क्षेत्रका संस्थाहरूको स्थापना भई क्रियाशील हुनेछ । नगर क्षेत्रमा बहुसांस्कृतिक संग्रहालयको स्थापना र विकास भएको हुनेछ । धार्मिक सांस्कृतिक पहिचान बोकेको ऐतिहासिक सम्पदाहरूको सौन्दर्यकरण भएको हुनेछ ।

# परिच्छेद ५: भौतिक पूर्वाधार विकास क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दीगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा, लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (सहरहरू र समुदायहरूको दीगोपना) यस क्षेत्रसंग प्रत्यक्ष रूपमा दीगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन् ।

## ५.१ सडक तथा यातायात

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानलेयातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । शिवराज नगरपालिका भित्र कालो पत्रे, पिसीसी, ग्राभेल र कच्ची गरी कूल ३५६.१ कि.मि. सडक रहेको छ । जस मध्ये ४९.७ कि.मि. कालोपत्रे, १३१.४ कि.मि. ग्राभेल र ७८.९ कि.मि. कच्ची सडक रहेको देखिन्छ । यहाँ रहेका सडक मार्ग वा सञ्जालबाट करिब ५३१६०५ जनसंख्या लाभान्वित हुने गरेको देखिन्छ । हालसम्म १३१ घरधुरीमा सडक संजाल पुगेको छैन भने ७८३ घरधुरी गोरेटो बाटो मात्र छ । यस नगरपालिका क्षेत्रमा जम्मा ६१ वटा पुल पुलेसाहरू विद्यमान छन् जसमा ५६ वटा पक्की पुल, ३ वटा झोलुङ्गे पुल र एउटा ट्रष्ट पुल छ । यस मध्ये ३ वटा पक्की पुल र एउटा झोलुङ्गे पुल निमाणाधिन छ् । त्यसै गरी १२ वटा पक्की पुल र २ वटा कर्ल्भट मर्मत गर्नु पर्ने देखिएको छ ।

### ५.१.२ प्रमुख समस्या

शिवराज नगरपालिकाको प्रमुख समस्या सबै समुदायलाई सडक संजालमा जोडन नसक्नु, बस पार्क नहुनु, मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको संख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.१.३ चुनाति र अवसर

**(क) चुनौति**

सबै घरधुरीमा सडक संजाल पऱ्याउनु नसक्नु र भएका बाटोहरूको स्तरउन्नति गर्न नसक्नु प्रमुख चुनौतिको रूपमा देखिन्छ । नगरपालिका क्षेत्र भित्रका बिभिन्न खोलाहरूमा पुल तथा कल्भर्ट निमार्ण गर्नु अति जरुरी देखिएको छ । वर्षायाममा पानीको व्यवथापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु चुनौति छ । व्यापार, ब्यवसाय तथा उत्पादन बढाउन मद्दत पुराउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा ब्यवस्थापन कार्यलाई दीगो बनाउनु आदि यस क्षेत्रका चुनौतिहरू हुन् ।

**(ख) अवसर**

यस नगरपालिकाका अधिकांस भूभाग समथर भएको कारण सडक संजाल विस्तार गर्न सहज देखिन्छ । स्थानीय सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दीगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

### ५.१.४ उद्देश्य

१. नगरको सवै वडा केन्द्र, प्रमुख वजार केन्द्र र पर्यटक स्थलहरूसम्म बाह्रै महिना संचालन हुने सडक तथा यातायात पूर्वाधार विकास गर्नु ।

### ५.१.५ रणनीति तथा कार्यनीतिहरु

*तालिका १७ : सडक तथा यातायात क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरको सवै वडा केन्द्र, प्रमुख वजार केन्द्र र पर्यटक स्थलहरूसम्म बाह्रै महिना संचालन हुने सडक तथा यातायात पूर्वाधार विकास गर्नु ।** | |
| १.१ शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, यातायात सेवाको गुणस्तरिय पूर्वाधारको विकास र विस्तार गर्ने । | १. निर्माणाधिन सडकहरूको यथाशिघ्र सम्पन्न गर्दै अन्य सडकहरूको स्तरोन्नति तथा मर्मत संभार गरिनेछ ।<br>२. ग्रामीण क्षेत्रका वडाहरूमा रहेका सडकहरूलाई शहरी क्षेत्रको सडकसंग जोड्ने सडकहरूको स्तरोन्नती गरिनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन क्षेत्रको विकासका लागि गुणस्तरिय पूर्वाधारको निर्माण गरिनेछ । |
| १ सडक निर्माण मापदण्ड प्राथमिकताक्रमका आधारमा गर्ने । | १. ट्र्याक नखुलेका टोल तथा स्थानहरूको सूची बनाइ प्राप्त सूचीको आधारमा योजना कायान्वयन गरिनेछ ।<br>२. सडक बनाउँदा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>३. बस पार्क निर्माण तथा संचालन गरिनेछ । मठ, मन्दिर, मस्जीद, गुम्वा, चर्च र पर्यटकीय स्थलमा जाने सडक मरमत तथा स्तरोन्नति गरिनेछ । |
| २.२ सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने । | १. सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाका लागि निजी क्षेत्र तथा सहकारी संस्थालाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ ।<br>२. वाह्य क्षेत्रका प्रमुख गन्तव्य सम्म पुग्न दैनिक तथा नियमित रूपमा सार्वजनिक यातायात संचालन गरी सहजता ल्याइनेछ । |

### ५.१.६ प्रमुख कार्यक्रम

१. नयाँ ग्रामिण सडक निर्माण (११ कि.मी)

२. सडक कालोपत्रे (वीरपुर सडवा देविपुर ३ कि.मी, मोतिपुर कोटहवा लक्ष्मणघाट ४ कि.मी, वालापुर तिलहवा पकडी ६.५ कि.मी, मोतिनगर मौलिगाउँ खरैचा १ कि.मी, कुदखेटवा मझगैया वीरपुर मोतिनगर निविहवा ५ कि.मी लगायतका सडकहरू),
३. सडक स्तरोन्नति,
४. पक्की पुल निर्माण (जवई खोला, कन्चनिया नदी, मैनार खोला, गँधौली खोला, मझगौवा विसनपुर, विरपुर सडवा, सुरहीखोला, चैनपुर विसनपुर, धोला खोला)
५. झोलुंगे पल (देविपुर सुरई खोला, विसनपुर पश्चिम, वडा नं ११ लगायतका स्थानमा)
६. बस पार्क र यात्रु प्रतिक्षलय निर्माण,
७. नगर यातायात संचालन तथा व्यवस्थापन ।

### ५.१.७ अपेक्षित उपलब्धि

नगरपालिकाका सबै वडाका वस्तीहरूमा सडक सञ्जाल पुगेको हुनेछ । सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत सम्भारमा प्राथमिकता दिइ चक्रपथ, मुख्य सडक सञ्जालमा रहेका सडकहरूमा बाह्रै महिना यातायात सञ्चालन भएको हुनेछ । पक्की सडकमा पुग्न लाग्ने औषत समय १५ मिनेट भन्दा कम हुनेछ । सडक संरचनाहरूको मर्मत सम्भार तथा पुनर्निर्माण र पुलहरू मर्मत सम्भार भएको हुनेछ । स्थानीय सडकहरूको आवश्यकता अनुसार मर्मत तथा सुधार गरी आवागमनमा सहज भएको हुनेछ । यातायात क्षेत्रको व्यवस्थापनबाट यात्रुले सहज, सरल र भरपर्दो सेवा पाएका हुनेछ । नगरक्षेत्रमा एउटा बस पार्क तथा ६ वटा यात्रु प्रतिक्षालय निर्माण हुनेछ । जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक संजालसंग जोडिने गरी सडक विस्तार गरी वाह्य क्षेत्रसंगको सम्बन्धलाई सुदृढ बनाइएको हुनेछ ।

## ५.२ आवास, भवन तथा शहरी विकास

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, बातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । शिवराज नगरपालिका क्षेत्र भित्र आवासिय घरको जगका आधारमा हेर्दा सबैभन्दा उच्च ६४.९३ प्रतिशत घरपरिवार सिमेण्टको जगभएको घरमा बसोवास गर्ने गरेको देखिन्छ । माटो वा ढुङ्गाको जग भएको र काठको खम्बा भएको घरमा वसोवासगर्ने घरपरिवार क्रमशः २०.०४ र १४.६९ प्रतिशत रहेको छ । फ्रेम स्ट्रक्चरको जग भएको घरमा वस्ने घरपरिवार संख्या ०.३३ प्रतिशत मात्र रहेको छ । त्यसैगरी आरसिसी गरिएका घर ६६.५७ प्रतिशत, जस्ता पाताले छाएको घर १३.६७ प्रतिशत, टायल तथा ढुङ्गाले छाएका घर २.६६ प्रतिशत, काठको छाना भएका घर १.५८ प्रतिशत र अन्य घर ०.१ प्रतिशत छन् ।

भुकम्प प्रतिरोधी घर २०.३८ प्रतिशत र भुकम्प प्रतिराधी नभएका घर ७९.६२ प्रतिशत रहेका छन् त्यसैगरी १८.४७ प्रतिशत घर मापदण्ड अनुसार निर्माण गरिएका छन् भने ८१.५३ प्रतिशत घर मापदण्ड अनुसार निर्माण नगरिएका छन् । त्यसैगरी आवासिय स्वामित्वका आधारमा घरपरिवारको वर्गिकरण गर्दा आफ्नै घरमा वसोवास गर्ने ८३.६६ प्रतिशत र भाडामा वस्ने ५.१ प्रतिशत घरपरिवार रहेको देखिन्छ । त्यसैगरी, अन्य स्वामित्वमा रहेकाको संख्या ११.०३ प्रतिशत रहेको देखिन्छ ।

त्यसैगरी यस नगरपालिकामा सरकारी तथा सामुदायिक/सावजनिक भवनहरू ४७ वटा रहेका छन् जसमा १३ वटा सार्वजनिक भवन, १० वटा वडा भवन, ५ वटा प्रहरी कार्यालयहरू, ११ वटा स्वास्थ्य चौकी, ३ वटा बन कार्यालय, सडक डिभिजन कार्यालय, कृषि कार्यालय, नारी सिल्प कला कार्यालय, सिंचाई कार्यालय, नेपाल विद्युत कार्यालय, हुलाक लगाएत आमा समूह, युवा समूह/क्लव भवन रहेका छन् । नगर क्षेत्रमा ३२ वटा शव दाह स्थल तथा समाधि स्थलहरू रहेका छन् ।

### ५.२.२ प्रमुख समस्या

शिवराज नगरपालिका पनि अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरणको चपेटामा छ । शहरी विकास तथा पूर्वाधार विकासको लागि जग्गा खरिद वा जग्गा अधिग्रहण कार्य कठिनाई छ । बढ्दो जनसंख्या, मानिसहरूको समय सापेक्ष आवश्यकताहरू र जग्गाको बढ्दो कारोबारले गर्दा अन्य क्षेत्रहरूमा जस्तै यस नगरपालिकाको विभिन्न स्थानमा समेत अव्यवस्थित रूपमा बसोबासको विकास र अव्यवस्थित कित्ताकाट भइरहेको छ । ग्रामीण पूर्वाधार विकासमा पर्याप्त लगानी हुन नसक्नु, निर्माण भएका पूर्वाधारको दीगो ब्यवस्थापन हुन नसक्नु, छरिएर रहेका बस्तीहरूमा आवश्यक सेवा तथा सुविधा पुऱ्याउन खर्चिलो हुनु, ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.२.३ चुनौति र अवसर

**(क) चुनौति**

यस नगरपालिकाबाट पूर्व पश्चिम राजमार्ग गएतापनि हालसम्म व्यवस्थित आवास क्षेत्र निर्माण हुन सकेको छैन । भु-उपयोग योजना नभएकोले व्यवस्थित रूपमा वस्ती बसाउने कार्य हुन सकेको छैन । भवन निर्माण आचारसंहिता अनुसार भवनहरू निर्माण कम भएको र अव्यवस्थित रूपमा भवनहरू निर्माण भइरहेको छ । सहज रूपमा उत्पादित वस्तुहरूको निर्यात गर्न सक्ने वातावरण वनाउनको लागि हाल रहेका सडकहरूको स्तरोन्नती गर्नुपर्नेछ । नगरपालिकाको प्रशासनिक भवन निर्माण विवादले रोकिएकोछ । वडा कार्यालयको भवन निर्माणका लागि जग्गा उपलब्ध नहुँदा सबै वडा कार्यालयको भवन निर्माण गर्न सकिएको छैन । एकीकृत बस्ती विकास, पर्याप्त गुणस्तरीय खानेपानी, छरिएर रहेका ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार तथा सेवाहरूको ब्यवस्थापन गर्नु, अनाधिकृत रूपमा बसोबास गर्ने घरपरिवारको स्थानान्तरण गर्नु, सुरक्षित आवास निर्माण गर्नु, गरिवीको रेखामुनी रहेका, पिछडिएका, दलित, अति सीमान्तकृत र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई आवासको व्यवस्थापन चुनौतिको रुपमा देखिएका छन् ।

**(ख) अवसर**

पूर्व पश्चिम राजमार्ग यस नगरपालिका भई गएकोले यहाँ बजार बस्ने सम्भावना छ । संघ र प्रदेश सरकारसँगको सम्बन्ध सौहार्दपूर्ण रहनु, नगरपालिका क्षेत्र भित्र लगानीमैत्री वातावरण निर्माण गर्न स्थानीय सरकार प्रतिबद्ध देखिन्छ । पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना छ । स्थानीय सरकार जनताको नजिक रहँदा वास्तविक सूचना प्राप्तिमा सहजता हुनु, अति सीमान्तकृत, दलित, अति विपन्नका लागि जनता आवास कार्यक्रम संचालन गरी पूर्वाधार विकास गर्न सकिने सम्भावनाहरु रहेका छन् ।

### ५.२.४ उद्देश्य

१. आधारभूत सवै प्रकारका शहरी सुविधाहरूको व्यवस्था गर्दै आवास, वस्ती विकास एवं सार्वजनिक निर्माणहरू व्यवस्थित र सुरक्षित गर्नु ।

### ५.२.५ रणनीति तथा कार्यनीतिहरु

*तालिका १८ : आवास, भवन तथा शहरी विकासको लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आधारभूत सवै प्रकारका शहरी सुविधाहरूको व्यवस्था गर्दै आवास, वस्ती विकास एवं सार्वजनिक निर्माणहरू व्यवस्थित र सुरक्षित गर्नु ।** | |
| १.१ सुरक्षित, व्यवस्थित आवास तथा एकीकृत | १. सार्वजनिक तथा ऐलानी जग्गा खोजविन गरी आवश्यक |

| | |
|---|---|
| वस्तीको विकास गर्ने | प्रक्रियाबाट उक्त जग्गाहरू प्राप्त गरी सार्वजनिक कामको लागि उपयोग गरिदै लगिनेछ ।<br>२. उपयुक्त स्थानमा वनभोज स्थल, मनोरञ्जन पार्क र खेलकुद मैदान निर्माण गरिदै लगिनेछ ।<br>३. अवस्थित रूपमा बसोबास गर्ने अतिविपन्न गरीब र दलित समुदायको लागि आवास निर्माणका लागि पहल गरिनेछ ।<br>४. जोखिमयुक्त स्थानको पहिचान गरि ती ठाउँमा हुने सक्ने बस्ती विस्तार कार्यलाई निरुत्साहित गरिनेछ ।<br>५. विकास निर्माणका कार्यहरू गर्दा हुने वातावरणीय प्रभावहरूको न्यूनीकरणका उपाय अबलम्बन गरिनेछ । |
| १.२ नगरपालिकाको प्रशासनिक भवन निर्माणको निरन्तरताको लागि पहल गर्ने साथै बाँकी वडाहरूको लागि भवन निर्माण गर्ने । | १. नगरपालिकाको प्रशासनिक भवन निर्माणको निरन्तरताको लागि पहल गर्ने ।<br>२. जग्गाको व्यवस्थापन भएका वडाहरूमा आगामी वर्षमा वडा कार्यालय भवन निर्माण गरिनेछ |
| १.३ नगरपालिकाका विभिन्न स्थानहरूमा बजार व्यवस्थापन गर्ने । | १. कृषि बजारको निरन्तरता तथा व्यापारिक तथा कृषि प्रदर्शनी केन्द्र स्थापना गर्न स्थान छनौट गरिनेछ र व्यवस्थापन गरिने छ । |

### ५.२.६ प्रमुख कार्यक्रम

१. व्यवस्थित आवास तथा एकीकृत वस्तीको विकास
२. सुख्खा वन्दरगाहा सम्भाव्यता अध्ययन, विस्तृत परियोजना निर्माण र स्थापना
३. संयुक्त आवसमा  लगानीको सहजिकरण
४. वडा कार्यालय भवन निर्माण (वडा नं. ६ र ७, पुनःनिर्माण मर्मत वडा नं. ११)
५. बजार व्यवस्थापन (कृषि बजार), व्यापारिक तथा कृषि प्रदर्शनी केन्द्र,
६. सार्वजानिक शौचालयको निर्माण,
७. पिकनिक क्षेत्र, मनोरञ्जन स्थल, खेल मैदान निर्माण ।

### ५.२.७ अपेक्षित उपलब्धि

आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना एवं एकीकृत जग्गा विकास आयोजना कार्यान्वयन भएको हुनेछ । नगरपालिकाको न्यून आय वर्गका लागि एकिकृत वस्ती निर्माण भएको हुनेछ । नगर क्षेत्रमा एउटा वस पार्क निर्माण, ६ वटा स्थानमा बस स्टेसन तथा प्रतिक्षालय निर्माण, वडा नं. ७ र ६ मा वडा भवन निर्माण, कृषी वजार निर्माण गरिएको हुनेछ । सार्वजनिक शौचालयको निर्माण, ग्रामीण तथा शहरी जग्गा र बस्ती विकास भएको हुनेछ । सुरक्षित, भुकम्प प्रतिरोधी आवास निर्माणको माहोल सिर्जना भै सामुहिक आवासको व्यवस्था भएको हुनेछ । सार्वजनिक संरचनाहरू बालमैत्री, आपङ्गतामैत्री, महिलामैत्री एवं वातावरणमैत्री निर्माण हुनेछन ।

## ५.३ विद्युत तथा उर्जा

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दीगो र भरपर्दो विद्युत्को पहुँच सबै नागरिकमा पुगिनसकेको र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जलविद्युत् विकास र व्यवस्थापनमा प्रदेश सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश उर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत उर्जालाई लिने गरिन्छ ।

## ५.३.१ पृष्ठभूमि

शिवराज नगरपालिका क्षेत्रमा खाना पकाउने इन्धनको प्रमुख श्रोतका रूपमा दाउराको उपयोग सबैभन्दा अत्यधिक रहेको छ । जसअनुसार ६७.०३ प्रतिशत घरपरिवारले खाना पकाउने प्रमुख श्रोतका रूपमा दाउराको उपयोग गर्नेगरेको देखिन्छ । एलपी ग्याँसको उपयोग २७.५३ प्रतिशत घरपरिवार र बायोग्याँसको प्रयोग ५.१९ प्रतिशत घरपरिवारले गर्ने गरेको देखिन्छ । अन्य इन्धन सौर्य उर्जा, गुँइठा आदिको उपयोग सामान्य रूपमा रहेको छ । त्यसै गरी बत्तिको लागि अधिकांस घरधुरीमा विद्युत लाइन विस्तार भएको छ । नगरपालिकामा बत्ति बाल्न विद्युत प्रयोग गर्ने घरपरिवार ९८.८८ प्रतिशत रहेको देखिन्छ । सोलार बत्तीको उपयोग गर्ने घरपरिवार संख्या १.५२ प्रतिशत रहेको छ ।

## ५.३.२ प्रमख समस्या

सबै क्षेत्रमा विद्युत् प्रसारण लाइन तथा सब स्टेसनको विस्तार हुन नसक्नु, विद्युत् वितरण प्रणालीको गुणस्तर खाना पकाउन तथा उद्योग संचालन गर्नलाई समेत मिल्ने गरी विस्तार हुन नसक्नु, विद्युतीय सवारी साधन प्रबर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेसनहरूको निर्माण नहुनु, उर्जा सुरक्षामा वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारको लागि सहुलियत ऋण, जोखिम व्यवस्थापन र बीमाको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत रूपमा आकर्षित हुन नसक्नु, स्थानीय तहमा वैकल्पिक ऊर्जाको प्रर्द्धधन, विकास र व्यवस्थापन दक्षता उपलब्ध नहुनु आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

## ५.३.३ चुनौति र अवसर

### (क) चुनौति

उर्जाको रूपमा ठुलो हिस्सा दाउराको प्रयोग हुने गरेको हुनाले वन विनास भइरहेको छ । सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन । उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । उच्च गुणस्तरका प्रसारण लाइन विस्तार गर्नु, बत्ती बाल्नको लागि निर्माण गरिएका पुराना वितरण प्रणालीलाई खान पकाउन, विद्युतीय सवारी साधन चलाउन र उद्योगमा खपत गर्न पनि उपयुक्त हुने गरी संरचनानको स्तरोन्नति गर्नु, विद्युतीय सवारी साधनको लागि चार्जिङ्ग केन्द्रहरूको विस्तार गर्नु, खानेपानी र सिंचाई आयोजनाहरूमा पानी तान्न सौर्य उर्जाको प्रयोग वृद्धि गर्नु, सौर्य उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु आदि यस क्षेत्रका चुनौतिहरू हुन् ।

### (ख) अवसर

प्रसारण लाइन तथा सब स्टेसन जस्ता भौतिक पूर्वाधारहरू निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, विद्युतीय सवारी साधन तथा चुलो प्रयोगलाई प्रोत्साहन गर्दै लैजाने नीति लिनु, नवीकरणीय ऊर्जाका प्रविधिहरू द्रुत गतिमा सस्तो हुँदै जानु, स्वच्छ उर्जाको विकास र प्रयोगमा लहर आउनु, सौर्य उर्जा उत्पादनको सम्भावना भएको क्षेत्र हुनु, नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता बढ्दै जानु नवीकरणीय उर्जा क्षेत्रका अवसरहरू हुन् ।

## ५.३.४ उद्देश्य

१. विद्युत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण-मैत्री, दीगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्नु ।

## ५.३.५ रणनीति तथा कार्यनीति

*तालिका १९ : उर्जा विकासको लागि रणनीति तथाकार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: विद्युत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण-मैत्री, दीगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्नु ।** | |
| १.१ नगरपालिकाक्षेत्रका सबै घर तथा सार्वजनिक स्थानहरूमा भरपर्दो विद्युत सेवाको पहुँच अभिवृद्धि गर्ने । | १. नगर क्षेत्रका सबै घरधुरीहरूमा विद्युत पहूँच विस्तार गरिनेछ ।<br>२. विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाइनेछ ।<br>३. उच्च क्षमताका प्रसारण लाईन तथा सब-स्टेशन निर्माण गरिने छ ।<br>४. विद्युत् वितरण लाइनका काठेपोलहरू हटाइ अव्यवस्थित तारलाई सम्बन्धित सरोकारवालासँग समन्वय गरी व्यवस्थित गरिनेछ । |
| १.२ प्रविधिमैत्री विद्युत व्यवस्थापन गरिने । | १. कम्पुटराईर रिडिङ तथा विलिङ पद्धतिबाट विद्युतिय विल भुक्तानी, भोल्टेज सुधार र नेट पेमेन्ट प्रणालीको ब्यवस्था गरिने छ ।<br>२. विद्युतीय सवारी साधन प्रबर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेसन निर्माण गरिनेछ । |
| २.३ नवीकरणीय उर्जाको स्रोतलाई उत्पादन वृद्धि र ब्यावसायिक उर्जाको रूपमा विकास गर्ने । | १. बायोग्यास प्लान्ट विस्तार तथा प्रवर्द्धन र सौर्य उर्जाको उपयोगमा अनुदान उपलब्ध गरिने छ ।<br>२. सौर्य उर्जाद्वारा संचालित सडक वत्ति विस्तार गरिने छ ।<br>३. सिंचाई गर्न पानी तान्न सौर्य उर्जाको प्रयोग गरिने छ । |

## ५.३.६ प्रमुख कार्यक्रम

१. उर्जा विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तर्जुमा,
२. विद्युत् प्रसारण तथा वितरण लाइन विस्तार,
३. उच्च क्षमताका प्रसारण लाइन विस्तार,
४. विद्युत् वितरण लाइनका सम्पूर्ण काठेपोलहरू प्रतिस्थापन,
५. सौर्य उर्जा प्रवर्द्धनमा अनुदान सहयोग,

६. वायोग्यॉस प्रवर्द्धनको लागि अनुदान सहयोग,
७. विद्युतीय चुलो प्रयोगको लागि अनुदान सहयोग,
८. सडक बत्तिमा सोलार प्रविधि जडान ।

### ५.३.७ अपेक्षित उपलब्धि

उच्च क्षमताका प्रसारण लाईन तथा सब-स्टेशन संजालहरू निर्माण भएको हुने, विद्युत् चुहावट रोकिने र खाना पकाउन बायोग्यास, सौर्य तथा विद्युत्को प्रयोग वृद्धि भएको हुने, सुधारिएको चुलोको प्रयोग हुनु, विद्युतीय सवारी साधन प्रबर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेसन निर्माण जस्ता कार्यमा उल्लेखनीय रूपमा वृद्धि भएको हुनेछ ।

## ५.४ सूचना तथा संचार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाका हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । आर्थिक विकासको संवाहक एवं उत्प्रेरकको रूपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सक्षम र सवल बनाउने दायित्व र जिम्मेवारीका साथ अगाडि बढ्नु पर्ने खाँचो छ । दीगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन सञ्चार र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु पर्दछ । आधुनिक प्रविधि तथा सुविधामा पहुँचको अवस्था हेर्दा शिवराज नगरपालिका क्षेत्रमा मोवाइल वा टेलिफोन सुविधा उपभोग गर्ने घरपरिवार ८५.१५ प्रतिशत, टेलिभिजन हुने घरपरिवार संख्या ४४.०६ प्रतिशत र रेडियो हुने घरपरिवार संख्या १५.८७ प्रतिशत छ । कम्प्युटर ५.८६ प्रतिशत र इन्टरनेट ५.२३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी नगरपालिका क्षेत्रमा ८ वटा हुलाक, ४ वटा पत्रपत्रिका, एउटा नेपाल दूर संचार कार्यालय, १३ वटा दूर संचार टावर तथा ३ वटा एफ.एम. रेडियो स्टेशनहरू रहेका छन् ।

### ५.४.२ प्रमख समस्या

पर्याप्त नीतिगत र कानुनी व्यवस्था नहुनु, विद्यमान सञ्चार तथा सूचना प्रविधि सम्बन्धमा नगरपालिका भित्रको एकीकृत तथ्याङ्कको अभाव हुनु, सञ्चार संस्थाहरूको संख्यात्मकसँगै गुणात्मक विकास हुन नसक्नु, पोलमा झुण्डिने तारयुक्त सञ्चार-प्रविधि वातावरण र शहरी सौन्दर्यका लागि चुनौतिपूर्ण बन्दै जानु, मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर हुनु, टेलिसेन्टरहरूका सञ्चालनका लागि स्पष्ट मार्गचित्र नहुनु तथा यसको सेवामा विविधीकरण गर्न नसक्नु, सबै विद्यालयमा इन्टरनेटको अभावमा अनलाईन कक्षा सञ्चालन गर्न असमर्थ हुनु, विज्ञापन एजेन्सीलाई सशक्त र सक्षम बनाउन नसक्नु, प्रकाशन गृहको क्षमता प्रभावकारी नहुनु आदि यस क्षेत्रका मुख्य समस्याका रूपमा रहेका छन् ।

### ५.४.३ चुनौति र अवसर

**(क) चुनौति**

सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवं कानुनी रिक्तता पूरा गर्नु, नगरपालिका भित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार पार्नु, सञ्चार माध्यमहरूलाई ग्रामीण भेगसम्म विस्तार गर्नु, नगरपालिका भित्रका पर्यटकीय क्षेत्रहरूमा तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिको प्रयोगलाई बढावा दिनु, सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदायकका रूपमा विकास गर्नु, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, टेलिसेन्टरहरूलाई व्यवस्थित गर्नु, विज्ञापन उत्पादनलाई यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्दै यस सम्बन्धी संस्थाहरूलाई व्यवस्थित गर्नु, श्रमजीवी पत्रकारहरूको हकहित संरक्षण गर्नु आदि यस क्षेत्रमा चुनौतिका रूपमा रहेका छन् ।

**(ख) अवसर**

सूचना तथा सञ्चार सम्बन्धी अधिकारलाई संविधानमा नै मौलिक हकका रूपमा लिपिबद्ध हुनु, पालिकालाई प्राप्त सूचना र सञ्चार सम्बन्धमा प्रशस्त अधिकारहरू संविधानद्वारानै संरक्षित हुनु, सञ्चार क्षेत्रको विकासका लागि स्थानीय तहसँगको सहकार्य गर्ने अवसर प्राप्त हुनु, ग्रामीण क्षेत्रसम्म सञ्चार माध्यमहरूको पहुँचमा क्रमश वृद्धि हुदै जानु,स्थानीय तहको केन्द्रसम्म इन्टरनेट सेवा पुग्नु, इन्टरनेट सेवा प्रदायकहरूको संख्या बढ्द जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, उल्लेख्य रूपमा एफ एम रेडियोको विस्तार हुनु र बहुसंख्यक जनताको हातमा मोवाइल सेवा पुग्नु यसक्षेत्रका अवसरहरू हुन् ।

## ५.४.४ उद्देश्य

१. सूचना प्रविधि व्यवसायलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु ।
२. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउदै नगरपालिकाभरी सञ्चारको पहुँच बृद्धि गर्नु ।

## ५.४.५ रणनीति तथा कार्यनीति

*तालिका २० : सूचना तथा संचार प्रविधिको रणनीति र कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सूचना तथा आमसञ्चार प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउनु ।** | |
| १.१ इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने । | १. नगरपालिकाका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था लगायतका सार्वजनिक संस्थाहरूमा सूचना प्रविधिको पहूँच र क्षमता विस्तार गरिनेछ ।<br>२. सार्वजनिक चोक, वनभोज स्थल, मनोरञ्जन पार्क तथा धार्मिक स्थलहरूमा निःशुल्क वाइफाईको व्यवस्था गरिनेछ । |
| १.२ सूचना तथा सेवा प्रवाहलाई आधुनिक सूचना प्रविधियुक्त बनाउने । | १. संचार सेवा प्रदायक संस्थाहरूसंग समन्वय तथा सहकार्य गरी गुणस्तरीय भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाको सुनश्चितता गरिनेछ ।<br>२. विद्यालय लगायत सरकारी कार्यालयहरूमा सूचना प्रविधिमैत्री बनाइनेछ ।<br>३. नगरपालिकाको कार्यालयमा डाटा सेन्टरको स्थापना तथा डाटा अद्यावधिक गरिनेछ ।<br>४. कृषि, वन, स्वास्थ्य, कर सङ्कलन लगायतका कार्यहरूमा स्मार्ट प्रविधि लागू गरिनेछ । |
| १.३ सूचनाको हक प्रत्याभूति गर्न आवश्यक व्यवस्था मिलाउने । | १. नगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरूको पारदर्शीताको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गरिनेछ ।<br>२. स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी नगरलाई मिडियामैत्री बनाइने छ ।<br>३. नगरपालिका स्तरमा विकास तथा खोजमूलक पत्रकारितता तथा आम सूचनाको माध्यम ( सामुदायिक एफ.एम.रेडियो)को क्षमता विकास तथा सहयोग गरिनेछ । |

### ५.४.६ प्रमुख कार्यक्रम

१. नगरपालिकाको कार्यालयमा डाटा सेन्टरको स्थापना तथा डाटा अद्यावधिक,
२. अनलाईन सेवा प्रर्वद्धन, (विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय आदि)
३. डिजिटल सूचना पाटी,
४. अप्टिकल फाइबर बिस्तार,
५. टेलिफोन तथा केबलतारहरू व्यवस्थित,
६. आम संचारमा सुचना प्रविधिको विकास,
७. सार्वजनिक स्थलहरूमा निशुल्क वाईफाई ।

### ५.४.७ अपेक्षित उपलब्धि

सूचना प्रविधि तथा संचार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन भएको हुनेछ । सामुदायिक विद्यालय, सरकारी कार्यालयहरूको सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग भएको हुनेछ । सूचना संचार प्रविधि सेवालाई सरल र सुलभ बनाउन भरपर्दो टेलिफोन नेटवर्कको व्यवस्था गर्दै दूरसंचार सेवामा आम नागरिकहरूको पहुँचमा सहजता आएको हुनेछ । प्रभावकारी व्यवस्थापनका लागि शिक्षा क्षेत्रमा आइसिटिको उचतम प्रयोग भएको हुनेछ । सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षा एवं आधुनिक प्रविधिहरूको प्रयोगवाट पठनपाठनमा सहजता आएको हुनेछ । सार्वजनिक सेवाहरूमा अनलाईन मार्फत सेवा प्रवाह तथा आइसिटि प्रयोग गर्दै चुस्त तथा प्रभावकारी भएको हुनेछ । आम नागरिकले आफ्नो र सार्वजनिक सरोकारको सूचना माग्न सक्षम भएको हुने ।

## ५.५ सिंचाई

### ५.५.१ पृष्ठभूमि

कृषि योग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा पुर्‍याई कृषिको उत्पादकत्व बढाउन सिंचाईको दीगो व्यवस्थापन गर्न आवश्यक छ । परम्परागत सिंचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार भैरहेको छ । शिवराज नगरपालिकामा खेती योग्य र उर्वर फाँटहरू प्रसस्त रहेका छन् । यी स्थानहरूमा खोला, नदीका साथै बोरिङबाट सिंचाइ हुने गरेको छ । नगरपालिका क्षेत्र भित्र कूल ४१ वटा सिंचाई आयोजनाले ३४२.०६ हेक्टर जग्गामा सिंचाई सुविधा उपलब्ध भएको छ । जसबाट ३७८६ घरपरिवार लाभान्वित रहेका छन् । कुलो वा नहरको कूल लम्बाई करिब ४०.१३ किमी छ । वर्षैभरी सिंचाई सुविधा उपलब्ध हुने जग्गाको क्षेत्रफल १४९.५५ हेक्टर रहेको छ ।

### ५.५.२ प्रमख समस्या

नगरपालिका क्षेत्र भित्र रहेका उर्वर भूमिमा कृषि कार्यका लागि पर्याप्त मात्रामा सिंचाई सुविधा उपलब्ध हुन सकेको छैन । साविक कुलोहरूको मर्मत सम्भार गर्न स्थानीय जागरूकताको कमि देखिन्छ । अव्यवस्थित बस्ती विकास, जथाभावी सडक निर्माण, जलाधार क्षेत्रको संरक्षणको अभाव र सतही पानीका मुहानहरू सुक्दै गएको, भूमिगत पानीको लेवल घट्दोक्रम, खेतीयोग्य जमिनमा सिंचाई सुविधा क्रमशः घट्दै गइरहेको छ । सिंचाई सुविधा पुगेको वा पुग्न सक्ने भूमिमा खण्डीकरण र अव्यवस्थित शहरीकरण हुनु, उपलव्ध पानीको स्रोतमाथि चाप बढ्नु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुन जाँदा बेड लेभेल घट्दै जानु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ५.५.३ चुनौति र अवसर

**(क) चुनौति**

संचाइको अभावमा कृषि उत्पादकत्व कम हुँदा कृषकहरूलाई कृषि पेशामा आकर्षित गर्न नसक्नु, सिंचाई आयोजना/प्रणालीहरूको विकास, विस्तार एवं उचित मर्मत सम्भार तथा व्यवस्थापन हुन नसक्नाले उपभोक्ता कृषकहरूलाई भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउन सकिराखेको अवस्था छैन । बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउनका लागि सिंचाई नहर तथा डिप बोरिङ संचालन गर्नु, जमिन मुनीको पानीको सतह घट्दै जाने क्रमलाई रोकथाम गर्नु यस क्षेत्रका चुनौति हुन् । बजार केन्द्र नजिकका खोला नालाहरूबाट नदीजन्य निर्माण सामग्रीको अत्यधिक प्रयोगबाट खोलाको सतह गहिरिदै जाँदा सतह सिंचाइका सम्भावना भएका खेतीयोग्य जमिनमा समेत योजनाहरू जोखिममा पर्नु नगरका चुनौतिहरू हुन् ।

**(ख) अवसर**

सतह र भूमिगत जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिंचाई विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिंचाईको भरपर्दो र दीगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु, साविकका स्रोतहरू तथा कुलोहरू मर्मत संभार गर्नु, नगरपालिका स्तरीय तथा प्रदेश स्तरीय ठूला सिंचाइ योजना सञ्चालनमा रहेको अवस्था हुनुको साथै थप सिंचाइका स्रोतहरूको पहिचान भएको स्थानहरूमा आवश्यक सिंचाई आयोजना निर्माण गर्न सकिने सम्भावना अवसरका रूपमा रहेका छन् ।

## ५.५.४ उद्देश्य

१. दीगो सिंचाई सेवा विस्तार गरी वर्षैभरी भरपर्दो सिंचाई सुविधा उपलव्ध गराउनु ।

## ५.५.५ रणनीति तथा कार्यनीति

*तालिका २१ : सिंचाईका लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ दीगो सिंचाई सेवा विस्तार गरी वर्षैभरी भरपर्दो सिंचाई सुविधा उपलव्ध गराउनु ।** | |
| १.१ नगरपालिकाका विभिन्न वडाहरूमा सिंचाइको व्यवस्था गर्ने । | १. बाह्रै महिना सिंचाई सेवा उपलव्ध गराउनको लागि सिंचाई सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा साना तथा ठुला सिंचाई पूर्वाधार आयोजनाहरूको निर्माण गरिनेछ ।<br>२. पुराना सिंचाई नहर, कुलो आदिलाई पुनर्निर्माण गरी नियमित रूपमा सिंचाइ योजना सञ्चालनमा ल्याइनेछ ।<br>३. नयाँ सतही सिंचाईका साथै डिप बोरिङ सिंचाई प्रणालीको विकास तथा विस्तार गरिनेछ ।<br>४. सौर्य उर्जामा आधारित नमुना सिंचाई आयोजना निर्माण गर्न प्रोत्साहित गरिनेछ ।<br>५. पुराना, पोखरी, नहर, कुलोहरू निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत कोषको स्थापना गरिने छ ।<br>६. साना सिंचाई कार्यक्रम सञ्चालनमा कृषकहरूलाई अनुदान सहयोग उपलब्ध गराइने छ । |

## ५.५.६ प्रमुख कार्यक्रम

१. सिंचाई आयोजनाको निर्माण र विस्तार,

२. सिंचाई संरचनाहरूको मर्मत संभार तथा स्तरोन्नति,
३. सौर्य उर्जामा आधारित नमुना सिंचाई आयोजना निर्माण,
४. सिंचाई आयोजना अनुदान ।

## ५.५.७ अपेक्षित उपलब्धि

नगरपालिकामा विभिन्न प्रकारका सिंचाई प्रणाली मार्फत सिंचाई हुने क्षेत्रफल ३४२ हेक्टरबाट बढेर ५०० हेक्टर पुगेको हुनेछ । वर्षैभरी सिंचाई सुविधा उपलब्ध हुने जग्गाको क्षेत्रफल १४९.५५ हेक्टरबाट बढेर २२० हेक्टर पुगेको हुनेछ । बाह्रै महिना सिंचाई सुविधा उपलब्ध भै व्यावसायिक खेती प्रणालीको विकास भएको हुनेछ । नयाँ प्रविधिमा आधारित सिंचाईको विकास र दक्षता अभिवृद्धि भएको हुनेछ । सिंचाई नहर तथा कुलोको मर्मत सम्भार कार्य समुदायको सहभागितामा भै दीगो रूपमा सञ्चालन भएको हुनेछ । फलफूल तरकारी तथा नगदेबालीको उत्पादनबाट गाउँ घरमै रोजगारी सिर्जना गरी आन्तरिक बसाइँसराइलाई न्यूनीकरण भएको हुनेछ । कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भई समुदायको आम्दानीमा बृद्धि भएको हुनेछ ।

# परिच्छेद ६ : वन, वातावरण तथा विपद्

नेपालको संविधानको भाग ३ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको छ। प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय राखी विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । स्थानीय सरकारको कार्यक्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै प्रकोप व्यवस्थापन पर्दछन् । यी विषयहरूको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय सरकारले अन्य संयन्त्रहरूसंग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ। वातावरणीय दीगोपनाको सन्दर्भमा दीगो विकास लक्ष्यहरू मध्ये लक्ष्य १२ (उपभोग र उत्पादनमा जिम्मेवारीपना), लक्ष्य १३ (जलवायु सम्वन्धी कार्य, लक्ष्य १४ (जमीन मुनीको जीवन) र लक्ष्य १५ (भूसतहको जीवन) यस क्षेत्रसंग जोडिएका छन् । वन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न वन पैदावरमा आधारित उद्योग, वन तथा जैविक विविधताको संरक्षण गर्दै भूसंरक्षण, जलाधार तथा विपद् व्यवस्थापन गरी स्वच्छ वातावरण निर्माण गर्ने विषयगत उद्देश्य तय गरिएको छ ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

शिवराज नगरपालिका क्षेत्र भित्र ३४ प्रतिशतवन क्षेत्र भएको हुँदा यसबाट जडिबुटी संकलन तथा प्रशोधन गरी प्रचुर आम्दानी गर्न सक्ने देखिन्छ । यस्ता वन क्षेत्रको अतिक्रमण तथा वन डडेलोका कारण वर्षेनी जडिबुटी लगायत जंगली जिवजन्तुको ठूलो क्षति पुगेको छ । यस नगरपालिकाको कुल ११ वटा सामुदायिक वन, २ वटा साझेदारी, २ वटा वैज्ञानिक र एउटा संरक्षित गरी कुल १६ वटा वन क्षेत्रहरू रहेका छन् । यी वनहरूले ९६६० हेक्टर क्षेत्रफल ओगटेको छ भने औषतमा एउटा वनमा २९५९८ घरपरिवार समावेश रहेको देखिन्छ । उष्ण क्षेत्रमा पाइने प्रायजसो जिव तथा वनस्पतिहरू यस क्षेत्रमा पाइन्छ । भूमिगत जलश्रोतलाई दैनिक उपयोगका रूपमा प्रयोग हुँदै आएको यस क्षेत्रमा, खोला र सिमसार क्षेत्र समेत रहेका छन् । सुरही, सुकवेल, बेल लगायतका १९ नदीनाला, २७ वटा सार्वजनिक ताल तथा पोखरीहरू र ३ वटा सिमसार क्षेत्र रहेको देखिन्छ ।

### ६.१.२ प्रमख समस्या

वन अतिक्रमण बढदै जानु, वन्यजन्तुको प्रकोप र मानव वन्यजन्तु द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण एवं व्यवस्थापन गर्न नसक्नु, वन पैदावारको चोरी निकासी, कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन् ।

### ६.१.३ चुनौति र अवसर

**(क) चुनौति**

स्थानीय स्तरमा उपलव्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्नु, वन्यजन्तु लगायत जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापनका कार्य र वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु, अव्यवस्थित ढल निकास तथा फोहरमैला व्यवस्थापन गर्नु, वातावरणमैत्री विकास हुन नसक्नु, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, प्रविधि विकास ईटाभट्टाको धुवासँगै

रेडियोधर्मी वस्तुको उत्पादन, भूक्षय, नागरिकस्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु आदि प्रमुख चुनौति हुन् ।सीमसार क्षेत्र संरक्षण उचित तवरले गर्न नसक्नु,जैविक विविधता संरक्षण, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन आदि प्रमुख चुनौति हुन् ।

**(ख) अवसर**

यहाँका खोलानालाबाट निर्मित सिमसार, ताल, पोखरीले गर्दा वातावरण सन्तुलनमा मद्दत पुगेको छ । यसलाई संरक्षण गरेमा जैविक विविधताको दृष्टिकोणले समेत धनी क्षेत्र भई पर्यापर्यटनको प्रवर्द्धन गर्ने अवसर छ । स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ । प्रकृतिमा आधारित पर्यापर्यटन सञ्चालन गर्नु, विकास निर्माणका कार्यमा वातावरणीय मूल्याङ्कनको व्यवस्था हुनु, सिमसार क्षेत्र, पोखरी र ताल आदि हुनु यहाँका अवसरहरू हुन् । आयआर्जन, रोजगारी, काष्ठ तथा गैर काष्ठ उत्पादन र निर्यात, वन, जल उपयोग तथा वातावरण व्यवस्थापन स्थानीय अधिकारको सूचीमा रहनु, प्रकृतिमा आधारित पर्यापर्यटन सञ्चालन गर्नु आदि अवसरहरू रहेका छन् ।

## ६.१.४ उद्देश्य

१. स्थानीयस्तरमा वन क्षेत्रको उत्पादकत्व, उत्पादन बृद्धि तथा यस क्षेत्रमा उद्यमशीलता विकास गर्नु ।
२. जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।

## ६.१.५ रणनीति तथा कार्यनीति

*तालिका २२ : वन, भूसंरक्षण तथा जैविक विविधताका लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १:स्थानीय स्तरमा वन क्षेत्रको उत्पादकत्व, उत्पादन बृद्धि तथा यस क्षेत्रमा उद्यमशीलता विकास गर्नु ।** | |
| १.१ राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन र नीजि वन व्यवस्थापन मार्फत् वनको संरक्षण तथा गुणस्तर वृद्धि गर्दै आम्दानीको स्रोतका रूपमा समेत स्थापित गर्ने । | १. वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन भएको हुनेछ ।<br>२. वनक्षेत्र पहिचान, कार्ययोजना निर्माण गरी सरोकारवाला निकाय/पक्षहरूसँगको समन्वयमा कार्य गरिनेछ ।<br>३. उत्पादनमा आधारित पर्यापर्यटन, काष्ठ फर्निचर लगायतका उद्योगमा लगाउने वातावरण निर्माण गरिने छ ।<br>४. वहुउद्देश्यीय वन नर्सरी निर्माण र विरुवा वितरण गरिनेछ ।<br>५. वन क्षेत्रमा जडीवुटी खेती र पर्यटन विकास गरी आयआर्जन गरिनेछ । |
| **उद्देश्य २ : जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।** | |
| २.१ जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्ने र जलाधार व्यवस्थापन गर्ने । | १. जैविक विविधतालाई संरक्षण गरी पर्यावरण संतुलन गर्न कार्यक्रमहरू गरिनेछ ।<br>२. स्थानीय यूवा तथा समूहलाई परिचालन गर्नेगरी नीति ल्याइनेछ । |

| | |
|---|---|
| | ३. जल, वायु, ध्वनि लगायत सवै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।<br>४. जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दीगो व्यवस्थापन गरिनेछ ।<br>५. सिमसार क्षेत्र संरक्षण गरिनेछ<br>६. शहरी पार्क, बगैचा निर्माण र बृक्षारोपण गरिनेछ |
| २.२ भू-संरक्षण कार्यक्रम लागु गर्ने । | १. सार्वजनिक, पर्ति जग्गामा बृक्षारोपण गरिनेछ ।<br>२. नदी किनारामा तटवन्ध निर्माण तथा पहिरो र कटान न्यूनीकरण गरिनेछ । |

### ६.१.६ प्रमुख कार्यक्रम

१. वहुउद्देश्यीय वन नर्सरी निर्माण र विरुवा वितरण,
२. शहरी पार्क, बगैचा निर्माण र बृक्षारोपण,
३. जैविक विविधताको अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने,
४. वन पैदावारको दीगो उपयोग कार्यकम,
५. वन तथा जैविक विविधता संरक्षण,
६. गैरकाष्ठ वन पैदावारको उत्पादन, संकलन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम,
७. हरियाली बृद्धि विकास कार्यक्रम,
८. नदी किनारा तथा पर्ति जग्गामा बृक्षारोपण तथा संरक्षण
९. प्रमुख खोला किनार तटबन्धन ।

### ६.१.७ अपेक्षित उपलब्धि

वन क्षेत्र ९६६० हेक्टरबाट वृद्धि भएर ९८०० हेक्टर भन्दा माथि पुगेको हुनेछ । निजी, सामुदायिक, साझेदारी वन उद्यम तथा वन पैदावरको व्यवसायीकरण भई आयआर्जनमा वृद्धि भएर जीविकोपार्जनमा सुधार आएको हुनेछ । भूसंरक्षण तथा जलाधार क्षेत्रको विकास भएको हुनेछ । संरक्षित तथा व्यवस्थित पोखरीहरूको संरक्षण गरिएको हुनेछ । किनारमा जलाधार संरक्षण गरिएको हुनेछ ।वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ । खाली जग्गामा वृहत वृक्षारोपण गरी हरियाली क्षेत्रमा वृद्धि भएको हुनेछ ।स्वच्छ हरियाली वातावरणको विकास भएको हुनेछ ।

## ६.२ वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन

### ६.२.१ पृष्ठभूमि

शिवराज नगर क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामिण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनकालागि दाउराको प्रचलन यथावतै छ । यो संख्या नगरपालिकाका घरधुरी संख्याको दुई तिहाई भन्दा बढि छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने एउटा संस्कृति नै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहर मैला

व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ । पानीका श्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ६.२.२ प्रमख समस्या

शिवराज नगरपालिकाले जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । नागरिक सचेतना कम हुनु, वन जँगलको अतिक्रमण तथा ह्रास हुनु, विषादिको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु, विभिन्न किसिमका प्रकोप आउनु, वनजंगलको विनाशका कारण जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्नु, वायु र पानीजन्य प्रदूषण हुनु यहाँका समस्याहरू हुन ।

### ६.२.३ चुनौति र अवसर

**(क) चुनौति**

नगर क्षेत्रको ढल निकासको व्यवस्था भएको नहुनु । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतलहरू जथाभावी फाल्ने प्रचलन रहनु र यस्तो फोहोरको मात्रा निरन्तर बढ्दै गएको छ । वस्ती तथा विभिन्न बाटोमा फोहोर जथाभावी फाल्ने गरिएको छ । प्लाष्टिकजन्य तथा बोतलहरूको मात्रा बढ्दै गएको छ । रासायनिक मलको प्रयोग अनियन्त्रित रूपमा बढ्दै गएको छ । शहरोन्मुख क्षेत्रमा धुलो तथा धुँवाले वायु प्रदूषण,कच्ची सडकमा सवारी संचालनको कारण धुलो भई वातावरण प्रदुषित भएको छ । प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरू डढाउने परिपाटी रहेको छ ।

**(ख) अवसर**

नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएकोछ । वन पैदावार, जलस्रोतको प्रयोग गर्ने, फोहरबाट जैविकमल उत्पादन गर्ने र रमणीय प्रकृतिमा आधारित पर्यापर्यटन सञ्चालन गर्नु, विकास निर्माणका कार्यमा वातावरणीय मूल्याङ्कनको व्यवस्था हुनु, एकीकृत बस्ती विकास आदि अवसरहरू रहेका छन् ।

### ६.२.४ उद्देश्य

१. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्नु ।

### ६.२.५ रणनीति तथा कार्यनीति

*तालिका २३ : वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलनका लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्नु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ वातावरण संरक्षण गर्ने । | १. नगरक्षेत्र ठूला भौतिक संरचना निर्माण गर्दा वातावरणमैत्री बनाइनेछ ।<br>२. नगर क्षेत्रका उद्योग कल कारखानाबाट हुने कार्वन उत्सर्गन कम गर्ने नीति अवलम्बन गरिनेछ ।<br>३. खाली जग्गाहरूमा रुख रोपी हरियाली विकास गरिनेछ । |
| २.२ जलवायु परिवर्तनका असरहरूको जोखिममा रहेका प्राकृतिक स्रोत संरक्षण गरिनेछ र वातावरण अनुकूलनसम्बन्धी कार्य गर्ने । | १. जलवायु परिवर्तनको जोखिममा रहेका क्षेत्र पहिचान गरिनेछ र न्यूनिकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>२. नगरलाई वातावरणमैत्री रूपमा विकास गरिनेछ ।<br>३. वडास्तरीय प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ । |

### ६.२.६ प्रमुख कार्यक्रम

१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन
२. हरियाली पार्क क्षेत्रहरू निर्माण र संरक्षण
३. वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (नगर तथा वडास्तरीय)
४. वातावरण तथा जलवायु सम्बन्धी सचेतना कार्यक्रम
५. मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र निर्माण
६. खोला किनारा उकास तथा हरियाली प्रर्वद्धन
७. प्रदुषण मापन केन्द्र स्थापना ।

### ६.२.७ अपेक्षित उपलब्धि

वातावरण संरक्षणसम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ, वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ, प्राकृतिक स्रोतको संरक्षण भएको हुनेछ । जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण, अनूकूलन तथा समानुकूलन भएको हुनेछ । स्थानीय तहहरूको जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयन भएको हुनेछ । जलवायुमैत्री गाउँ, हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा अनुकूलन तथा समानुकूलनका कार्यक्रम सञ्चालन भएको हुनेछ । स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण भएको हुनेछ ।

## ६.३ विपद् व्यवस्थापन

### ६.३.१ पृष्ठभूमि

शिवराज नगरपालिका विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण जस्ता कार्य पर्दछन् । विपत् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेकोछ । यस

नगरपालिका क्षेत्र विपद् जोखिम तथा व्यवस्थापनका दृष्टिकोणमा जोखिमपूर्ण रहेको पाइन्छ । यहाँ जलजन्य प्रकोपका साथै खडेरी, महामारी, शितलहर,असिना, हावाहुरी, चट्यांग, जंगली जनावर, आगलागी, बाढी र सडक दुर्घटना आदि रहेका छन् ।

### ६.३.२ प्रमख समस्या

यस नगरपालिकाको प्रमुख समस्या खडेरी हो । यसका साथै शितलहर, असिना, हावाहुरी, आगलागी, बाढी, डुवान, वन्यजन्तुको आक्रमण यहाँको समस्याको रूपमा देखापरेका छन् । जसको कारण यहाँका बासिन्दालाई जिविकोपार्जन गर्न समस्या हुने गरेको छ । यिनै विपद् जोखिमका कारण ठूलो मात्रामा जन धनको नोक्सानी हुन गईरहेको छ ।

### ६.३.३ चुनौति र अवसर

#### (क) चुनौति

विपद् प्रतिकार्यकालागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु,नदी किनारमा बस्ती हुनु, खडेरी, हावाहुरी, शितलहर, बाढी, महामारी, जनावर आतंकलगायत अन्य विभिन्न किसिमका प्रकोपहरू दोहोरिरहनु यस नगरपालिकाको चुनौति रहेका छन् । विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यकालागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन ।

#### (ख) अवसर

आयआर्जन, रोजगारी, काष्ठ तथा गैर काष्ठ उत्पादन र निर्यात, वन, जल उपयोग तथा वातावरण व्यवस्थापन स्थानीय अधिकारको सूचीमा रहनु, प्रकृतिमा आधारित पर्यापर्यटन सञ्चालन गर्नु, विकास निर्माणका कार्यमा वातावरणीय मूल्याङ्कनको व्यवस्था हुनु, विपद् उत्थानशील शहर तथा एकीकृत बस्ती विकास आदि अवसरहरू रहेका छन् ।

### ६.३.४ उद्देश्य

१. मानव सिर्जित तथा प्राकृतिक प्रकोपजन्य जोखिम तथा त्यसको क्षतिलाई न्यूनीकरण गर्नु ।

### ६.३.५ रणनीति तथा कार्यनीति

*तालिका २४ : विपद् व्यवस्थापनको लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : मानव सिर्जित तथा प्राकृतिक प्रकोपजन्य जोखिम तथा त्यसको क्षतिलाई न्यूनीकरण गर्नु ।** | |
| १.१ समुदाय तथा सरोकारवालाहरूसँगको साझेदारी तथा सहकार्यमा आधारित भई विपद् प्रतिकार्य गर्ने । | १. विपद् तथा प्रकोप व्यवस्थापनका लागि स्थानीय प्रशासन लगायत विभिन्न निकायसंग समन्वय गरी उद्धार, खोज, राहतका कार्यलाई एकीकृत ढंगले सञ्चालन गरी प्रभावकारी रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।<br>२. वडा तथा वस्तीस्तरीय विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू परिचालन गरिनेछ ।<br>३. नगरपालिका भित्र मौसम पूर्वामान, पूर्व सूचना |

| | |
|---|---|
| | प्रणाली स्थापना र विकास गर्ने । |
| १.२ नगरपालिकास्तरीय विपद् व्यवस्थापन समिति तथा स्थानीय अन्य समितिहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम गर्ने । | १. समिति तथा कार्यदलहरूलाई विपद् जोखिम, विपद्जन्य क्षति न्यूनीकरण खोज तथा उद्धार सम्वन्धी कार्यक्रमलाई निरन्तरता गरिनेछ ।<br>२. विद्यालय स्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरूलाई क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. प्राथमिक उपचार सम्बन्धि तालिमलाई निरन्तरता दिइनेछ । |
| १.३ विपद् व्यवस्थापन कोष तथा आश्रयस्थल निर्माण गर्ने । | १. आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ ।<br>२. विपद् व्यवस्थापन कोषको प्रभावकारी संचालन गरिनेछ । |

### ६.३.६ प्रमुख कार्यक्रम

१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यन्वयन,
२. विपद् राहत तथा पुनःस्थापना कोष,
३. आपत्कालीन खोज तथा उद्दार सामग्री भण्डारण तथा नियमित अद्यावधिकरण,
४. सामुदायिक आश्रयस्थल तथा सम्बन्धित पूर्वाधार निर्माण,
५. समिति तथा कार्यदलहरूलाई तालिम, कृत्रिम अभ्यासलगायत क्षमता अभिवृद्धिका,
६. सुरक्षित वस्ती विकास (दह्रो घर दीगो वस्ती) सचेतना तथा फुसको छानो मुक्त नगर अभियान,
७. बाढी, डुवान, नदी कटान रोकथाम तथा नदी नियन्त्रण,
८. चट्याङ्ग पर्ने स्थानको पहिचान र अर्थिंग लाइटिंग ।

### ६.३.७ अपेक्षित उपलब्धि

विपद् व्यवस्थापनसम्बन्धी तर्जुमा भएका योजनाहरूको कार्यान्वयन भएको हुनेछ । विपद व्यवस्थापनसम्बन्धी दीर्घकालीन नीति तथा योजना विकास गरी कार्यान्वयन भएको हुनेछ । मानवीय कारणले उत्पन्न हुने प्रकोप न्यून हुनेछ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको विकास हुनेछ । विपद् पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दीगो विकासमूलक पुनर्स्थापना र पुनर्निर्माणका लागि तयारी हालतमा रहने गरी व्यवस्था भएको हुनेछ । आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरूको व्यवस्थाका लागि स्थानीय संस्थासंग सहकार्य र पहल भएको हुनेछ । अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरूमा औषधी एवं उपकरणहरूको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचार सहज भएको हुनेछ ।

# परिच्छेदः ७ संस्थागत विकास तथा सुशासन

स्थानीय सरकारले आफनो सेवा प्रभावकारी र पारदर्शी रूपमा संचालन गर्नका लागि संस्थागत विकास र सुशासन अपरिहार्य हुन्छ । संघीय व्यवस्था अनुसार जनताको नजिकको सरकारको रूपमा स्थानीय सरकार स्थापित भएको छ । बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । जनआकांक्षालाई सम्बोधन गर्न बदलिदो परिवेशसँगै सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ । यस परिच्छेद अन्तर्गत संगठनात्मक स्वरूप तथा मानव संशाधन, सुशासनयुक्त सार्वजनिक सेवा प्रवाह र योजना तर्जुमा तथा तथ्यांक व्यवस्थापन विषय समेटिएको छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन् । यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ । संस्थागत विकास तथा सुशासनको सन्दर्भमा शिवराज नगरपालिकाले नगरवासीलाई सुशासनसहितको शिघ्र र प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्य लिई आफनो कार्यप्रणाली संचालन गरिरहेको छ ।

## ७.१ संगठनात्मक स्वरुप तथा मानव संशाधन

### ७.१.१ पृष्ठभूमी

लामो समयदेखि जनप्रतिनिधिविहिन भए पश्चात निर्वाचित स्थानीय सरकारसंग नागरिकले ठूलो अपेक्षा राखेका छन् । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउँदै राज्यबाट प्रदान हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूति गर्ने नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवा प्रवाह र विकास कार्यलाई विधिसम्मत ढंगले जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी प्रभावकारी बनाउने अहम् दायित्व रहेको छ ।

कूल ११ वटा वडा रहेको यस शिवराज नगरपालिकाको मूख्य संरचनामा नगरसभा रहेको छ भने नगरसभाबाट एउटा न्यायिक समिति, नगरकार्यपालिका र विषयगत समितिहरू गठन हुने प्रावधान रहेको छ । नगर कार्यपालिका अन्तर्गत वडा समिति र वडा कार्यालयका साथै विभिन्न विषयगत शाखाहरू रहने प्रावधान कायम गरेको छ । यस नगरपालिकामा विभिन्न ७ वटा विषयगत समिति (लेखा समिति, विधान समिति, सुशासन समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति) बनेको छ भने विभिन्न ८ वटा शाखाहरू मार्फत सेवा प्रदान गरिदै आएको छ । सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनका लागि शाखा अन्तर्गत विभिन्न १४ वटा उपशाखाहरू मार्फत कार्यसम्पादन हुँदै आएको छ । नगरपालिकाका विभिन्न शाखा र वडा कार्यालयमा गरी कूल ७३ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । नगर कार्यपालिकामा रा.प. द्वितीय श्रेणी देखि श्रेणी विहिन कर्मचारीहरू कार्यरत रहेका छन् । संगठन संचालनका लागि हालसम्म यस शिवराज नगरपालिकाले २६ वटा विभिन्न ऐन, नीति, कार्यविधि र निर्देशिका तयार गरी कार्यान्वयन गर्दै आएको छ ।

### ७.१.२ प्रमुख समस्या

आवश्यक मात्रामा दक्ष कर्मचारीहरू नहुनु, कर्मचारीहरूको सरुवा भईरहनु, आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक नीति नियम तर्जुमा भई नसक्नु, सबै तहगत कर्मचारीहरूको प्रष्ट कार्य विवरण तयार नहुनु, सबै वडा कार्यालयहरू पूर्वाधार र प्रविधियुक्त भईनसक्नु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्यांकन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

### ७.१.३ चुनौति र अवसर

**(क) चुनौति**
कर्मचारीको पदपूर्ति गर्नु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास, कार्यालय भवनहरू निर्माण र आवश्यक पूर्वाधारको व्यवस्था गर्नु, कार्य सम्पन्न समीक्षा गर्नु आदि चुनौति हुन् ।

**(ख) अवसर**

सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानून बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्यांकन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, सडक पूर्वाधार विकासले सेवा प्रवाहमा सहजता हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु आदि अवसर हुन् ।

### ७.१.४ उद्देश्य

१. नगरपालिकाका संस्थागत संगठन सुदृढ गर्नु,
२. दक्ष जनशक्तिको माध्यमबाट सेवा प्रवाहलाई उत्कृष्ट बनाउनु ।

### ७.१.५ रणनीति र कार्यनीति

*तालिका २५ : संगठनात्मक स्वरूप तथा मानव संशाधन*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकाका संस्थागत संगठन सुदृढ गर्नु ।** | |
| १.१ नगरपालिका स्तरीय गठन भएका सम्पूर्ण विषयगत समितिहरू सुदृढ गर्ने | १. विषयगत समितिहरूको काम, कर्तव्य र अधिकारका साथै समितिका पदाधिकारीहरूको भूमिका किटान सहितको कार्यविधि तयार गरिनेछ ।<br>२. विषयगत समितिका पदाधिकारीहरूलाई विषयगत समितिको काम, कर्तव्य र अधिकारका साथै सदस्यहरूको भूमिका सम्बन्धमा अभिमुखीकरण संचालन गरिनेछ ।<br>३. विषयगत समितिबाट भएका कामलाई कार्यपालिकामा समीक्षा गरिने व्यवस्था गरिनेछ ।<br>४. विषयगत समितिलाई पालिका स्तरीय विभिन्न तहको योजना तर्जुमा प्रक्रियामा सक्रिय बनाईनेछ । |
| १.२ सेवा प्रवाहका लागि गठन भएका शाखा र उपशाखाहरूलाई सवलीकरण गर्ने | ५. सम्पूर्ण शाखा र उपशाखाहरूको कार्यविधि र कर्मचारीहरूको कार्यविवरण तयार गरिनेछ ।<br>६. शाखा प्रमूखहरू र प्रमूख प्रशासकीय अधिकृत बीच कार्य सम्पादन सम्झौता गरिनेछ ।<br>७. क्षमता विकास योजना तयार भई वजेटको व्यवस्था गरिनेछ ।<br>८. न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउनका लागि दक्ष |

| रणनीति | कार्यनीति |
|---|---|
| | जनशक्ति, क्षमता विकास, इजालासको व्यवस्था गरिनेछ । |
| ९. उद्देश्य २: दक्ष जनशक्तिको माध्यमबाट सेवा प्रवाहलाई उत्कृष्ट बनाउनु । | |
| २.१ जनप्रतिनिधिहरूको क्षमता विकास गर्ने | १०. प्रभावकारी सेवा प्रवाह सम्बन्धी नीति, कानून तर्जुमा गरी प्रभाकारी कार्यान्वयन गरिनेछ ।<br>११. जनप्रतिनिधिहरूको भूमिका र क्षेत्राधिकारको सम्बन्धमा तालिम तथा अभिमुखीकरण संचालन गरिनेछ ।<br>१२. संघीय, प्रदेश र नगरपालिकाले तर्जुमा गरेका नयाँ कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण गरिनेछ । |
| २.२ कर्मचारीहरूको क्षमता विकास गर्ने | १३. जनप्रतिनिधिहरूको भूमिका र क्षेत्राधिकारको सम्बन्धमा तालिम तथा अभिमुखीकरण संचालन गरिनेछ ।<br>१४. संघीय, प्रदेश र नगरपालिकाले तर्जुमा गरेका नयाँ नयाँ कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण गरिनेछ ।<br>१५. प्रभावकारी सेवा प्रवाह सम्बन्धी नीति, कानून तर्जुमा गरी प्रभाकारी कार्यान्वयन गरिनेछ । |

### ७.१.६ प्रमूख कार्यक्रम

१. संस्थागत तथा व्यवस्थापन सर्भेक्षण,
२. क्षमता विकास योजना,
३. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका निर्माण,
४. विषयगत समितिहरूको कार्यविवरण निर्माण र अभिमुखीकरण,
५. जनप्रतिनिधि र कर्मचारीहरूको लागि विषयगत तालिम

### ७.१.७ अपेक्षित उपलब्धी

यस शिवराज नगरपालिकाको संस्थागत तथा व्यवस्थापन सर्भेक्षण भई सोही अनुसारको दक्ष जनशक्ति परिचालन भएको हुने, क्षमता विकास योजना अनुसार जनप्रतिनिधि र कर्मचारीहरूको लागि तालिम संचालन भएको हुने, आन्तरिक नियन्त्रण प्रणाली तयार भई कार्यान्वयन भएको हुने, विषयगत समितिका साथै शाखा र उपशाखाहरूले आफनो जिम्मेवारी र भूमिका अनुसार कार्य गर्न सक्रिय भएको हुने ।

## ७.२ सुशासन र सार्वजनिक सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, र कर्मचारी समायोजन ऐन लगायत विद्यमान प्रक्रियामा रहेका तथा प्रचलित ऐन, नीति, नियम र मापदण्डका प्रावधानलाई समेतले नगरपालिकालाई शासन सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममूखी र प्रभावकारी

बनाउन नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाहको अपेक्षा गरेकोछ । विद्यमान स्थितिको चित्रण गर्ने, सरोकारवाला तथा साझेदारहरू, अन्तर स्थानीय तह, निजी, गैर सरकारी र नागरिक) बीच समन्वय तथा साझेदारी विकास गर्ने विकासका आवश्यकता र संभावनाहरूका आधारमा नगरपालिकाको रणनीतिक ( आवधिक) तथा बार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढंगले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरूमा नगरपालिकाको प्रमुख दायित्व रहन्छ ।

यस नगरपालिकामा रहेका ८ वटा वडा कार्यालयहरूले आफ्नै भवनबाट र बाँकी वडा कार्यालयहरूले आधारभूत स्वास्थ्य कार्यालय भवनबाट सेवा प्रवाह गर्दै आएको छ । नगरपालिकाको कार्यसम्पादन नगरपालिकाको भवनबाट र अन्य सेवा प्रवाह गर्ने कार्यालयहरूले आफनो जिम्मेवारी अनुसारको सेवा प्रवाह गर्दै आएको छ । यस नगरपालिका क्षेत्रमा संघीय र प्रदेश स्तरीय कार्यालयहरूसमेत रहेका छन् । स्वास्थ्य संस्था अन्तर्गत अस्पताल, स्वास्थ्य केन्द्र र चौकीहरू, पशु सेवा केन्द्र, हुलाक, वन कार्यालय अन्तर्गत सवडिभिजन र डिभिजन वन कार्यालय, प्रहरी कार्यालय अन्तर्गत ईलाका प्रहरी, वडा प्रहरी, प्रहरी चौकी र सशस्त्र प्रहरी लगायत अन्य कार्यालयहरूमा सडक डिभिजन, मालपोत, नापी, ईलाका प्रशासन जस्ता कार्यालयहरू पनि यस नगरपालिकामा अवस्थित रहेका छन् ।

### ७.२.२ प्रमुख समस्या

व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, दक्ष कर्मचारीहरूको कमी, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतिय सेवा प्रवाहमा विविधता हुन नसक्नु र नगरवासीमा प्रविधि सम्वन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन् ।

### ७.२.३ चुनौति र अवसर

**(क) चुनौति**

सेवा प्रदायक सवै कार्यालय र कार्यालय अन्तर्गत रहेका शाखा र उपशाखाहरूलाई व्यवस्थित र प्रविधिमा आधारित बनाउन, डिजिटल साक्षरता, सार्वजनिक प्रशासनप्रति नागरिकको चेतना अभिवृद्धि, कर्मचारीहरूलाई नागकिप्रति बढीभन्दा बढी जवाफदेही बनाउनु आदि प्रमुख चुनौतिहरू हुन् ।

**(ख) अवसर**

नागरिकलाई सेवा दिनका लागि स्थानीय कानून बनाउने अधिकार हुन, जनप्रतिनिधि र कर्मचारीहरूबीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसर हुन् ।

### ७.२.४ उद्देश्य

१.नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,

२. भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूति गराउनु ।

## ७.२.५ रणनीति र कार्यनीति

*तालिका २६ : सुशासनयुक्त सार्वजनिक सेवा प्रवाह*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,** | |
| १.१ सार्वजनिक सेवालाई पारदर्शी गर्ने | १. नगरपालिका र यसका मातहतबाट प्रदान गरिने सेवाहरू समेटिएको क्षतिपूर्ति सहितको नागरिक वडापत्र तयार गरी उक्त कार्यालयहरूमा देखिने स्थानमा राखिनेछ ।<br>२. विद्युतिय सूचनापाटी स्थापना गरी सूचना प्रवाह गरिनेछ ।<br>३. सेवाप्रवाह सम्बन्धी नीति, कानून तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>४. नियमित रूपमा सामाजिक परीक्षण, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ । |
| १.२ सार्वजनिक सेवालाई परिणाममुखी र जवाफदेही बनाउने | १. सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा गुनासो लिखित रूपमा लिने व्यवस्था गरिनेछ ।<br>२. निश्चित समयावधिमा सेवाग्राहीहरूबाट प्रदान गरिएको सेवा र प्रक्रियाको विषयमा सन्तुष्टी सर्वेक्षण गरिनेछ ।<br>३. निर्माण र सेवाको गुणस्तर मापदण्ड निर्माण गरी अनिवार्य पालनाको व्यवस्था गरिनेछ ।<br>४. नागरिक तहमा डिजिटल साक्षरता कार्यक्रम संचालन गरिनेछ ।<br>५. सेवाप्रवाहको सरलता र दुरुस्ततालाई विचार गर्न सम्वन्धित कर्मचारीहरूबाट भएका कामकारवाहीलाई माथिल्लो तह (शाखा प्रमूख, प्रमूख प्रशासकीय अधिकृत, जनप्रतिनिधि) बाट सुपरिवेक्षण गरिनेछ । |
| **उद्देश्य २: भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूति गराउनु ।** | |
| २.१ वित्तिय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने | १. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. सेवाहरूलाई वढीभन्दा बढी अनलाईन प्रणालीबाट दिने व्यवस्था गरिनेछ ।<br>३. अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ र अनुगमन प्रतिवेदनलाई अनिवार्य गरिनेछ ।<br>४. आम्दानी र खर्चको विवरण चौमासिक रूपमा वेवसाइड, कार्यालयको सूचनापाटी र अन्य बैकल्पिक माध्यमबाट प्रसार गरिनेछ ।<br>५. नगरपालिकाका सबै आर्थिक कारोवारलाई करको दायरामा ल्याईनेछ ।<br>६. शुन्य वेरुजुको नीति अवलम्वन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २.२ भ्रष्टाचार नियन्त्रणको लागि संयन्त्र तयार गर्ने | १. सुशासन समितिलाई सक्रिय बनाईनेछ । <br>२. योजना कार्यान्वयन र सेवा प्रवाहमा अनियमितता र भ्रष्टाचारको गुनासो वा उजुरी आएमा सुशासन समितिको अगुवाईमा छानविन गरिनेछ । <br>३. सेवा प्रवाहमा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार गरिएमा सम्वन्धित व्यक्ति र पक्षलाई दण्ड सजाय दिईने नीति अवलम्वन गरिनेछ । |

### ७.२.६ प्रमूख कार्यक्रम

१. क्षतिपूर्ति सहितको नागरिक वडापत्र
२. विद्युतिय सूचनापाटी
३. सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई
४. सेवाग्राही सन्तुष्ठी सर्भेक्षण
५. सुशासन समितिको क्षमता विकास
६. डिजिटल साक्षरता
७. सेवा प्रदायक संस्थाहरूमा पूर्वाधार विकास र प्रविधि जडान

### ७.२.७ अपेक्षित उपलव्धी

सेवा प्रदायक कार्यालयहरूमा क्षतिपूर्ति सहित उल्लेख भएको नागरिक वडापत्र राखिएको हुने, सबै वडा कार्यालयहरू नगरपालिकको कम्प्युटर नेटवर्किङ्गमा जोडिएको हुने, सुशासन समिति सक्रिय भई भ्रष्टाचार नियन्त्रण नीति तयार गरी कार्यान्वयन गरेको हुने, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार भई कार्यान्वयन भएको हुने, डिजिटल साक्षरता अभियान संचालन भएको हुने, नगरपालिकाको आयव्यय विवरण मासिक रूपमा वेवसाईड, सूचनापाटीमा अपडेट भएको हुने, निश्चित समय अन्तरालमा सेवाग्राही सन्तुष्ठी सर्भेक्षण भएको हुने, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई भएको हुने ।

## ७.३ योजना तर्जुमा तथा तथ्यांक व्यवस्थापन

### ७.३.१ पृष्ठभूमी

स्थानीय सरकार संचालन ऐन र स्थानीय तहको योजना तजा बजेट तर्जुमा दिग्दर्शनले पालिकाको विकास र समृद्धिका लागि विभिन्न तहगत योजनाहरू बनाउन सकिने कुरा उल्लेख गरेको छ । पालिकाले अल्पकालिन र दीर्घकालिन योजनाहरू बनाई उक्त योजनाहरूले लक्षित गरेको उपलव्धीहरू प्राप्तिका लागि बार्षिक योजना बनाई अगाडी बढ्नुपर्ने देखिन्छ । योजना निर्माणका लागि तथ्यांकको महत्वपूर्ण भूमिका हुन्छ । वास्तविक तथ्यांकमा आधारित भएर पालिकाले आफनो योजना निर्माण र नीतिगत व्यवस्था गर्न सकेमा जनताले प्रत्यक्ष लाभ लिन सक्छन् । सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी गराउन वस्तुगत तथा तथ्यपरक योजना निर्माण गर्नुपर्ने र यसका लागि क्षेत्रगत तथा खण्डिकृत तथ्यांक जरुरी हुन्छ ।

यस शिवराज नगरपालिकाले वि.सं. २०७६ सालमा नगरपालिकाको बस्तुस्थिति झल्किने गरी नगर बस्तुस्थिति विवरण तयार गरेको छ । यसले नगरपालिकाको बस्तुस्थितिलाई देखाउन खोजेको छ भने अन्य क्षेत्रगत योजनाहरू तयार भएको छैन । नगरपालिकाले प्रत्येक वर्ष आफनो नीति तथा कार्यक्रम अन्तर्गत बार्षिक

योजना तर्जुमा गरी विकास गतिविधि संचालन गर्दै आएको छ । विभिन्न विषयगत क्षेत्रहरूलाई समेटी बनाईने यस बार्षिक योजनाहरू नै नगरपालिकाको विकास र समृद्धिको मार्गदर्शन बन्दै आईरहेको छ ।

## ७.३.२ प्रमुख समस्या

सहभागितामूलक योजना तर्जुमा हुन नसक्नु, नगरपालिकाको दीर्घकालिन र क्षेत्रगत योजनाहरू नहुनु, बार्षिक योजनामा बढी पूर्वाधारका योजनाहरू पर्नु, योजनाहरूको प्राथमिकिकरण गर्ने चलन नहुनु, योजना निर्माण गर्दा तथ्याकंको विश्लेषण प्रभावकारी रूपमा नगरिनु, टुक्रे योजनाहरू धेरै हुनु, खण्डीकृत तथ्यांकको अभाव, सम्पन्न योजनाको प्रतिफल मापन नहुनु, सुशासन प्रवर्द्धनका लागि बजेट विनियोजन न्यून हुनु प्रमुख समस्या हुन् ।

## ७.३.३ चुनौति र अवसर

### (क) चुनौति

दलित, विपन्न र पछाडि परेका समुदायलाई योजना तर्जुमा प्रक्रियामा समाहित गराउनु, दीर्घकालिन सोचमा केन्द्रीत योजना निर्माण गर्नु, रुचीका योजनाहरूभन्दा आवश्यकतामा आधारित योजनाहरू बनाउन, योजनाहरूको प्राथमिकिकरण गर्नु, तथ्यांक व्यवस्थापन गर्नु मूख्य चुनौति हुन् ।

### (ख) अवसर

नगरपालिकाको समग्र विकासका लागि आफनो योजना आफैले बनाउन पाईने अधिकार, योजनाहरूको अनुगमन गर्ने प्रणालीको विकास, लाभान्वित वर्गसंग प्रत्यक्ष सम्पर्क गर्न सकिनु, पालिका स्तरीय गौरवका योजनाहरू बनाउन सकिने, संघ प्रदेश र अन्य संघसंस्थाहरूसंग समन्वय गरी योजनाहरू ल्याउन सकिनु मूख्य अवसर हुन् ।

## ७.३.४ उद्देश्य

१. स्थानीय आवश्कताको आधारमा सहभागितामूलक योजना तर्जुमा गरी परिणाममुखी कार्यान्वयन गर्नु ।

२. तथ्यांक प्रणालीलाई सुदृढ गरी नगर विकासमा उपयोग गराउनु ।

## ७.३.५ रणनीति र कार्यनीति

*तालिका २७ : योजना तर्जुमा तथा तथ्यांक व्यवस्थापन*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय आवश्कताको आधारमा सहभागितामूलक योजना तर्जुमा गरी परिणाममुखी कार्यान्वयन गर्नु,** | |
| १.१ योजना तर्जुमा प्रक्रियालाई सहभागितामूलक र नतिजामुखी बनाउने | १. योजना तर्जुमालाई नतिजामुखी बनाईनेछ ।<br>२. टुक्रे योजनालाई निरुत्साहित गरिनेछ ।<br>३. सम्पन्न योजनाको दिगो व्यवस्थापका लागि मर्मत सम्भार कोष को प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>४. महिला, विपन्न र पछाडि पारिएका वर्गहरूसम्म योजनाको प्रतिफल पुऱ्याउने कुरालाई सुनिश्चित गरिनेछ । |
| १.२ कार्यान्वयनमा रहेको | १. नतिजा सूचकहरू निर्माण गरी सूचक एवं कार्यसम्पादनमा |

| रणनीति | कार्यनीति |
|---|---|
| योजनाहरूको अनुगमन गर्ने | आधारित सहभागितामूलक प्रक्रियाबाट अनुगमन गरिनेछ ।<br>२. अनुगमन समितिहरूको क्षमता विकास गरी नगरपालिकामा अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ । |
| **उद्देश्य २: तथ्यांक प्रणालीलाई सुदृढ गरी नगर विकासमा उपयोग गराउनु ।** | |
| २.१ व्यवस्थित सूचना तथा तथ्यांक प्रणालीको विकास गर्ने | १. नगरपालिकाका सम्पूर्ण तथ्यांकहरू एकिकृत तथ्यांक प्रणाली मार्फत व्यवस्थित गरिनेछ ।<br>२. तथ्यांकहरूलाई डिजिटलाईज्ड गरिनेछ ।<br>३. सफ्टवेयरमा आधारित तथ्यांक प्रणाली अवलम्वन गरिनेछ । |
| २.२ तथ्यांकको विश्लेषण गरी योजना तर्जुमा र नीति निर्माणमा उपयोग गर्ने | १. योजना निर्माण गर्दा तथ्यांक विश्लेषण गरिनेछ ।<br>२. योजना तथा नीति निर्माणमा तथ्यांकको प्रयोग गरिनेछ ।<br>३. तथ्यांकलाई बार्षिक रूपमा अद्यावधिक गरिनेछ । |

## ७.३.६ प्रमूख कार्यक्रम

१. योजना तर्जुमा प्रक्रियामा सबैको सहभागिता सुनिश्चितताका लागि अभियान संचालन,
२. क्षेत्रगत योजना तर्जुमा र कार्यान्वयन,
३. आन्तरिक आय सुधार,
४. योजनाहरूको बर्गीकरण र अनुगमन निर्देशिका निर्माण,
५. अनुगमन समितिहरूको क्षमता विकास,
६. सफ्टवेयरमा आधारित तथ्यांक प्रणाली ।

## ७.३.७ अपेक्षित उपलब्धी

योजना तर्जुमा प्रक्रियामा विपन्न र पछाडि पारिएका वर्गहरूको उपस्थिति बढ्नु, क्षेत्रगत योजनाहरू तयार हुनु, अनुगमन प्रतिवेदनहरू तयार हुनु, अनुगमन समितिहरूको क्षमता विकास भई अनुगमन प्रभावकारी हुनु, वेवसाइड लगायत तथ्यांकीय सूचनाहरू नियमिति अपडेट हुनु, सफ्टवेयरमा आधारित तथ्यांक प्रणाली संचालन हुनु ।

# परिच्छेद : ८ वित्तिय विश्लेषण

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तत्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्यर साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

## ८.१ वित्तीय स्रोत परिचालनको आधार

संविधानको अनुसूची ७ र ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूचीमा उल्लेख भएको सबै कर तथा शुल्कहरू र अनुसूची ९ मा संघ र स्थानीय तह बिच बाँडफाँड गर्नु पर्ने स्रोत लगायत आवश्यक वित्तीय हस्तान्तरणको समेत प्रावधान रहेको छ । यसैलाई आधार मानी नगरपालिकाले छनौट गरेका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आंकलन र नयाँ स्रोतहरूको पहिचान र परिचालन गरिने छ ।

अन्तर सरकारी वित्त व्यवस्था ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस नगरपालिकाले संघ र प्रदेशहरूबाट हुने वित्तीय स्रोतहरू हस्तान्तरणका रूपमा (क) सङ्घीय सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, विशेष अनुदान र समपूरक अनुदान, (ख) प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँट, विशेष अनुदान र समपूरक अनुदान, (ग) वैदेशिक अनुदानतर्फ अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम सङ्घीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम लगायत नगर विकास कोष जस्ता संस्थाबाट परिचालन हुने सहुलियत ऋण समेत परिचालन गरिने छ ।

यस बाहेक नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैर करका रकमहरू समेत परिचालन गर्नेछ । नगरपालिकाले बजेट संरचना भन्दा बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम र सङ्घीय तथा प्रदेश तहबाट कार्यक्रम सहित प्राप्त हुने रकम प्राप्त गरिने छ ।

## ८.२ राजस्व परिचालनको अवस्था

गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा शिवराज नगरपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत निम्न करहरू तथा शुल्कबाट (सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सिफारिस शुल्क) राजस्व संकलन हुने गरेको छ ।

आन्तरिक श्रोतको आय गत आ.व.मा कुल आयमा १३.३१ प्रतिशत योगदान रहेको छ । नगरपालिकाको आन्तरिक आय आ.व. ०७५।७६ भन्दा आ.व. ७६।७७ मा करिब २८.७ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यसै गरी बाह्य श्रोतबाट आएको अनुदान सहयोग तथा ऋण परिचालनबाट प्राप्त हुने रकमको कुल आयमा ८३.८१ प्रतिशत योगदान रहेको छ । बाह्य श्रोतको आय पछिल्लो बर्षहरूमा २२ प्रतिशतले बढ्दै गएको देखिन्छ । कुल आयको ०.१९ प्रतिशत लागत सहभागिताबाट र २.६८ प्रतिशत अन्य श्रोतबाट प्राप्त भएको छ । लागत सहभागिता भने विगतका वर्षहरूमा भन्दा क्रमशः घट्दै न्यून मात्रा रहने गरेको देखिन्छ ।

*तालिका २८ : राजस्व परिचालनको विवरण*

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ०७६/०७७ | रकम | १०४८२३ | ६५९८९६ | १५२३ | २१०८५ | **७८७३२७** |
| | प्रतिशत | १३.३१ | ८३.८१ | ०.१९ | २.६८ | **१००** |
| ०७५/०७६ | रकम | ७४७३० | ५१३७८० | ६७१६ | १४०७५४ | **७३५९८०** |
| | प्रतिशत | १०.१५ | ६९.८१ | ०.९१ | १९.१२ | **१००** |
| ०७४/ ०७५ | रकम | १७५८७ | ४९८८२४ | ३०४७२ | ४२९७४ | **५८९८५८** |
| | प्रतिशत | २.९८ | ८४.५७ | ५.१७ | ७.२९ | **१००** |

## ८.३ खर्चको अवस्था विश्लेषण

शिवराज नगरपालिकामा चालु खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७६/०७७ को व्यय विवरण अनुसार चालु खर्च कूल खर्चको ५३.५४ प्रतिशत रहेको छ भने पूँजीगत खर्च ४६४६ प्रतिशत रहेको छ । शिवराज नगरपालिकाको पछिल्लो ३ वर्षको व्यय विवरणको तुलना हेर्दा चालु खर्च क्रमश: बढेको अवस्थामा छ भने आ.व. ०७४/०७५ मा चालु खर्च अरू वर्षको तुलनामा कम रहेको छ । त्यसै गरी पूँजीगत तर्फ भने कुल खर्चको अनुपातमा यस आ.व.मा करिब ८.५३ प्रतिशत बढी रहेको छ ।

*तालिका २९ : खर्चको अवस्था विश्लेषण*

| आ.व. (रकम रु. हजारमा) | | चालु खर्चको जम्मा | पुंजीगतको जम्मा | कुल जम्मा |
|---|---|---|---|---|
| ०७६/०७७ | रकम | ३४८२९१ | ३०२१७९ | ६५०४७१ |
| | प्रतिशत | ५३.५४ | ४६.४६ | १०० |
| ०७५/०७६ | रकम | ३६२४७५ | ३२५४२४ | ६८७८९९ |
| | प्रतिशत | ५२.६९ | ४७.३१ | १०० |
| ०७४/०७५ | रकम | २०६९२२ | २४५५१७ | ४५२४४० |
| | प्रतिशत | ४५.७३ | ५४.२७ | १०० |

## ८.४ लागत अनुमान

यस आवधिक योजनामा विभिन्न ५ वटा विषयतगत क्षेत्रहरूका आफ्ना आफ्ना निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान नगरका सम्बन्धित शाखाँका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडास्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत नगरपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरूबाट हुन सक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

*तालिका ३० : आवधिक योजनको लागत अनुमान*

| क.सं | विषयगत क्षेत्र /उपक्षेत्र | आर्थिक वर्ष | | | | | कुल बजेट (रू.हजारमा) | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| **१** | **आर्थिक विकास** | **१५८४७५** | **१८४०४५** | **१९५४२२** | **२१२०८७** | **२२६७१०** | **९७६७३८** | **१६.६** |
| १.१ | कृषि विकास | ६४३०० | ७४३६० | ८०६६६ | ८५८५५ | ८७८५५ | ३९३०३६ | ६.७ |
| १.२ | पशुपंक्षी तथा मत्स्य विकास | २७९५० | ३४०५० | ३८२९५ | ४२१२५ | ४६३३७ | १८८७५६ | ३.२ |
| १.३ | उद्योग तथा वाणिज्य विकास | २११०० | ३२८२० | ३३०९२ | ३६४०१ | ४००४१ | १६३४५५ | २.८ |
| १.४ | पर्यटन तथा संस्कृति विकास | २१९०० | २२१०० | २०४०० | २२४४० | २४६८४ | १११५२४ | १.९ |
| १.५ | सहकारी तथा वितिय क्षेत्र विकास | १६००० | १३१४० | १५३९४ | १६९३३ | १८६२७ | ८००९४ | १.४ |
| १.६ | श्रम तथा रोजगार (वैदेशिक रोजगारी) | ७२२५ | ७५७५ | ७५७५ | ८३३३ | ९१६६ | ३९८७३ | ०.७ |
| **२** | **सामाजिक विकास** | **२१२७१०** | **२५२५७५** | **२६९४३७** | **२९६३८१** | **३२६०१९** | **१३५१५९६** | **२३.०** |
| २.१ | शिक्षा तथा सीप विकास | ८२५६० | ८६१८६ | १०६१८१ | ११६७९९ | १२८४७९ | ५२०२०५ | ८.८ |
| २.२ | स्वास्थ्य तथा पोषण | ६३७५० | ४९०४० | ४४५५९ | ४९०१५ | ५३९१६ | २५४७५५ | ४.३ |
| २.३ | खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन | १५३०० | ४११०० | २६२३० | २८८५३ | ३१७३८ | १४३२२१ | २.४ |
| २.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | २६८०० | २५२४९ | २५५९७ | २८१५७ | ३०९७२ | १३६७७५ | २.३ |
| २.५ | सांस्कृति, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन | १२९०० | १३४५० | ११७४० | १२९१४ | १४२०५ | ६५२०९ | १.१ |
| २.६ | युवा तथा खेलकुद | ११४०० | ३७५५० | ५५१३० | ६०६४३ | ६६७०७ | २३१४३० | ३.९ |
| **३** | **भौतिक पूर्वाधार** | **५२५५५०** | **५५४२००** | **५५५०३५** | **६१०५३९** | **६७१५९२** | **२९१६९१६** | **४९.६** |
| ३.१ | सडक | ३३९६०० | ३८२६०० | ३८७६५० | ४२६४१५ | ४६९०५७ | २००५३२२ | ३४.१ |
| ३.२ | सिँचाइ | ७३००० | ६४५०० | ६६००० | ७२६०० | ७९८६० | ३५५९६० | ६.१ |
| ३.३ | आवास, भवन तथा तथा शहरी विकास | ८३५०० | ७९७५० | ७३१५० | ८०४६५ | ८८५१२ | ४०५३७७ | ६.९ |
| ३.४ | विद्युत तथा नवीकरणीय उर्जा | १४४५० | १४९५० | १५६६५ | १७२३२ | १८९५५ | ८१२५१ | १.४ |
| ३.५ | सूचना र संचार | १५००० | १२४०० | १२५७० | १३८२७ | १५२१० | ६९००७ | १.२ |
| **४** | **वन वातावरण तथा विपद् व्यवस्थापन** | **८९२००** | **८७३२०** | **९३०१२** | **१०२३१३** | **११२५४५** | **४८४३९०** | **८.२** |
| ४.१ | वन, भूसंरक्षण तथा जैविक विविधता | ३१३०० | ३४९०० | ३६६३० | ४०२९३ | ४४३२२ | १८७४४५ | ३.२ |
| ४.२ | वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन | ७१०० | ९२७० | ९४५७ | १०४०३ | ११४४३ | ४७६७३ | ०.८ |
| ४.३ | विपद् व्यवस्थापन | ५०८०० | ४३१५० | ४६९२५ | ५१६१८ | ५६७७९ | २४९२७२ | ४.२ |
| **५** | **सुशासन तथा संस्थागत विकास योजना** | **२११६०** | **१६१९०** | **१८२०८** | **२००२९** | **२२०३२** | **९७६१८** | **१.७** |
| ५.१ | सेवा प्रवाह र सुशासन | ६५०० | ५७४० | ६००४ | ६६०४ | ७२६५ | ३२११३ | ०.५ |
| ५.२ | मानव संशाधन र संस्थागत क्षमता विकास | ७३१० | ८१५० | ९८०४ | १०७८४ | ११८६३ | ४७९११ | ०.८ |
| ५.३ | नगरपालिका तथ्याङ्क प्रणाली | ७३५० | २३०० | २४०० | २६४० | २९०४ | १७५९४ | ०.३ |
| **६** | **योजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन** | **१२३००** | **९२३०** | **९७०३** | **१०६७३** | **११७४१** | **५३६४७** | **०.९** |
| ६.१ | योजना तर्जुमा र कार्यान्वयन | ५६५० | ४३१० | ४५४१ | ४९९५ | ५४९५ | २४९९१ | ०.४ |
| ६.२ | आयोजना बैंक | १७०० | १२१० | १३३१ | १४६४ | १६११ | ७३१६ | ०.१ |
| ६.३ | अनुगमन तथा मूल्याङ्कन | ४९५० | ३७१० | ३८३१ | ४२१४ | ४६३६ | २१३४१ | ०.४ |
| | **जम्मा कुल बजेट** | **१०१९३९५** | **११०३५६०** | **११४०८१७** | **१२५२०२१** | **१३७०६३८** | **५८८०९०५** | **१००** |

नगर विकास योजना अवधिको लक्ष्य प्राप्तिका लागि कुल बजेट रू. **५ अर्ब ८८ करोड ९ लाख ५ हजार** अनुमान गरिएको छ । यस अन्तरगत सबै भन्दा बढी पूर्वाधार क्षेत्र विकासका लागि ४९.६ प्रतिशत भन्दा बढी बजेट आवश्यक पर्ने देखिन्छ भने योजना तर्जुमा कार्यन्यन र अनुगमन तथा मूल्याङ्कनका लागि १ प्रतिशत भन्दा कम बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी २३ प्रतिशत सामाजिक विकास, १६.६ प्रतिशत आर्थिक विकास, ८.२ प्रतिशत वन वातावरण तथा विपद् व्यवस्थापन र १.७ प्रतिशत सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गत खर्च हुने अनुमान गरिएको छ ।

## ८.५ अपुग स्रोत व्यवस्थापन

आवधिक नगर विकास योजना कार्यान्वयनका लागि कुल लगानी वजेट रू. **५ अर्ब ८८ करोड ९ लाख ५ हजार** अनुमान गरिएको छ । गत आ.व.२०७५/०७६ र २०७६/०७७ को यथार्थ र चालू आ.व.को अनुमानित र आ.व. २०७८/७९ को प्रस्तावित आयका आधारमा आगामी ५ वर्षको शिवराज नगरपालिकाको अनुमानित आय रू **४ अर्ब ६८ करोड ५२ लाख ३० हजार** देखिन्छ । यसरी कुल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट विच करिब रू. **१ अर्ब १९ करोड ५६ लाख ७५ हजार (२०.३३ प्रतिशत)** बजेट अपुग देखिन्छ ।

*तालिका ३१ : अपुग स्रोत व्यवस्थापन*

| क.सं. | शिर्षकहरू | आ.व. | | | | | बजेट (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | कूल स्रोत परिचालन | ८६८०६३ | ८९७३१८ | ९२६२०१ | ९७२५११ | १०२११३७ | ४६८५२३० |
| २ | कूल लगानी अनुमान | १,०१९,३९५ | १,१०३,५६० | १,१४०,८१७ | १,२५२,०२१ | १,३६५,११२ | ५८८०९०५ |
| **स्रोतको न्यूनता** | | **-१५१३३२** | **-२०६२४२** | **-२१४६१६** | **-२७९५१०** | **-३४३९७५** | **-११९५६७५** |

## ८.६ वित्तीय स्रोत परिचालनको अनुमान

शिवराज नगरपालिकाको ३ वर्षे आवधिक नगर विकास योजना (आ.व. २०७८/०७९ देखि २०८०/०८१ सम्म) को लागि विभिन्न स्रोहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । नगर कार्यपालिकाको कार्यालय, नीजि क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा नगरपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कुल रू. **५ अर्ब ८८ करोड ९ लाख ५ हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब रू **४ अर्ब ६८ करोड ५२ लाख ३० हजार** (७९.६७ प्रतिशत) विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब रू. **१ अर्ब १९ करोड ५६ लाख ७५ हजार** (२०.३३ प्रतिशत) बजेटका लागि यस नगरपालिकाले थप श्रोत परिचालन गर्नुपर्ने हुन्छ । सोका लागि शिवराज नगरपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ ।

१. यस आवधिक नगर विकास योजना अवधिमा नगरपालिकाले तर्जुमा गर्ने वार्षिक नगर विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक नगर विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।
२. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक नगर विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिने छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट नगरमा आउने रकमलाई नगरस्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिने छ ।

३. गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।
४. अन्तराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूवाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिने छ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी नगरपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइने छ ।
५. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।
६. सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपुरक अनुदान प्राप्त गरिने छ ।
७. नगर क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न नगरपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा नगरपालिकाको लगानी न्यूनीकरण गरिने छ ।
८. नगरपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी नगरपालिकाको स्रोत वृद्धि गरिने छ ।
९. मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिने छ ।
१०. स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिने छ ।
११. आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइने छ ।

*तालिका ३२ आवधिक योजना कार्यान्वयनको लागि शीर्षकगत राजस्व अनुमान (रकम रू.हजारमा)*

| राजश्व प्रक्षेपण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | शिर्षकहरू | आर्थिक वर्ष | | वार्षिक वृद्धिदर (प्रतिशत) | अनुमानित | आर्थिक वर्ष (प्रक्षेपण) | | | | | जम्मा |
| | | २०७५/७६ | २०७६/७७ | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | **आन्तरिक आय** | ७४,७३० | १०४,८२३ | २९ | **१३४,९१५** | **१४१,६६१** | **१४८,७४४** | **१५६,१८१** | **१६३,९९०** | **१७२,१९०** | **४४६,५८६** |
| २ | **राजश्व बाँडफाँड** | **११०,८८४** | **११३,४१४** | २ | **११५,९४५** | **११९,४२३** | **१२३,००६** | **१२६,६९६** | **१३३,०३१** | **१३९,६८२** | **३६९,१२५** |
| २.१ | क) संघिय सरकार | ११०,८८४ | ११३,४१४ | २ | ११५,९४५ | ११९,४२३ | १२३,००६ | १२६,६९६ | **१३३,०३१** | **१३९,६८२** | ३६९,१२५ |
| २.२ | ख) प्रदेश सरकार | - | - | | - | - | - | - | - | - | - |
| ३ | **संघिय सरकारबाट प्राप्त अनुदान** | **३८८,१४१** | **५०३,३०९** | २३ | **६१८,४७७** | **६४९,४०१** | **६८१,८७१** | **७१५,९६५** | **७५१,७६३** | **७८९,३५१** | २,०४७,२३८ |
| ३.१ | वित्तिय समानीकरण अनुदान | १७६,७०० | १७७,४०० | ० | १७८,१०० | १८७,००५ | १९६,३५५ | २०६,१७३ | **२१६,४८२** | **२२७,३०६** | ५८९,५३३ |
| ३.२ | सशर्त अनुदान | २११,४४१ | २९८,४०९ | २९ | ३८५,३७७ | ४०४,६४६ | ४२४,८७९ | ४४६,१२३ | **४६८,४२९** | **४९१,८५०** | १,२७५,६४७ |
| ३.३ | विशेष अनुदान | - | ७,५०० | १०० | १५,००० | १५,७५० | १६,५३८ | १७,३६४ | **१८,२३३** | **१९,१४४** | ४९,६५२ |
| ३.४ | समपुरक अनुदान | - | २०,००० | १०० | ४०,००० | ४२,००० | ४४,१०० | ४६,३०५ | **४८,६२०** | **५१,०५१** | १३२,४०५ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१४,७५५** | **४३,१७३** | ६६ | **७१,५९१** | **७५,१७१** | **७८,९२९** | **८२,८७६** | **८७,०१९** | **९१,३७०** | **२३६,९७५** |
| ४.१ | वित्तिय समानीकरण अनुदान | ५,२५३ | ५,१७३ | -२ | ५,०९३ | ५,३४८ | ५,६१५ | ५,८९६ | **६,१९१** | **६,५००** | १६,८५८ |
| ४.२ | सशर्त अनुदान | ७,८३० | ११,००० | २९ | १४,१७० | १४,८७९ | १५,६२२ | १६,४०४ | **१७,२२४** | **१८,०८५** | ४६,९०४ |
| ४.३ | विशेष अनुदान | - | ७,००० | १०० | १४,००० | १४,७०० | १५,४३५ | १६,२०७ | **१७,०१७** | **१७,८६८** | ४६,३४२ |
| ४.४ | समपुरक अनुदान | १,६७२ | २०,००० | ९२ | ३८,३२८ | ४०,२४४ | ४२,२५७ | ४४,३६९ | **४६,५८८** | **४८,९१७** | १२६,८७० |
| ५ | **अन्य स्रोतहरु** | १४७,४७० | **२२,६०८** | - **५५२** | **-१०२,२५५** | **-११७,५९३** | **- १३५,२३२** | **-१५५,५१७** | **-१६३,२९२** | **- १७१,४५७** | **-४०८,३४१** |
| ५.१ | जनसहभागिता | ६,७१६ | १,५२३ | -३४१ | -३,६७० | - ४,२२० | -४,८५३ | -५,५८१ | - **५,८६०** | - **६,१५३** | -१४,६५५ |

| राजश्व प्रक्षेपण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | शिर्षकहरू | आर्थिक वर्ष | | वार्षिक वृद्धिदर (प्रतिशत) | अनुमानित | आर्थिक वर्ष (प्रक्षेपण) | | | | | जम्मा |
| | | २०७५/७६ | २०७६/७७ | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| ५.२ | अन्य | १४०,७५४ | २१,०८५ | –५६८ | –९८,५८५ | –११३,३७३ | –१३०,३७८ | –१४९,९३५ | –१५७,४३२ | – १६५,३०४ | –३९३,६८६ |
| **कूल जम्मा** | | **७३५,९८०** | **७८७,३२७** | | **८३८,६७४** | **८६८,०६३** | **८९७,३१८** | **९२६,२०१** | **९७२,५११** | **१,०२१,१३७** | **४,६८५,२३०** |

## परिच्छेद : ९ योजना कार्यान्वयन र अनुगमन मूल्याङ्कन

### ९.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी ३ वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्यांकनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । शिवराजको विकास नगरपालिका वा सरकारी क्षेत्रको एकल प्रयाशले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

**(क) सरकारी क्षेत्र**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात नगरपालिकाको हो । नगरपालिकाले नै सवै क्षेत्रसंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । नगरपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न संघीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक बिकास, महिला पिछडिएका बर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा नगरपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**(ख) निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारवाट भएको नीतिगत, कानूनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र वजारीकरण गर्ने, वजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व वुझाउने जस्ता महत्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रवाट गरिएको छ । यस क्षेत्रवाट करिव २० प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ ।

**(घ) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।ससाना वचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई संगठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी सस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन् । नगरपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा ५ प्रतिशत लगानी प्रक्षेपण गरिएकोछ ।

**(घ) गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह वचत तथा ऋण परिचालन, ससाना आयमूलक कार्यक्रम संचालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले नगरपालिकासंग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रवाट ५ प्रतिशत लगानी हुने अनुमान गरिएको छ ।

**(ङ) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक संघसस्था**

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूवाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान २ प्रतिशत हुने अनुमान गरिएको छ ।

## ९.२ कार्यान्वयन प्रकृया

### (क) सूची तयारी

नगरपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारवाट कार्यान्वयन हुने, प्रदेश सरकारवाट कार्यान्वयन हुने, तीनै तहका सरकारवाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा संचालन हुने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारवाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

### (ख) छलफल एवं अन्तर्किया

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारीक्षेत्र र सामुदायिक क्षेत्रले संचालन गर्ने कार्यका लागि नगरपालिकाले सम्बन्धित क्षेत्रहरूसंग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

### (ग) मध्यकालिन खर्च संरचना तयारी

नगरपालिकाले संचालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम वीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालिन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालिन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

## ९.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनासंग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसंग **अनुसूची-१** को तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिने छ । कार्यक्रम संचालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्वन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस. विकास साझेदारहरूसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

## ९.४ अनुगमन

नगरपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियावाट अनुगमन तथा मूल्यांकन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्षसमेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाँका तयार गरी सोही अनुसार नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ । (अनुगमन सम्बन्धि फाराम अनुसूचीमा संलग्न छ) । नगरपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछ :

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ति वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ति सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

नगरपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

नगरपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- नगरपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- नगरपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिका क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरूसँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्:

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपप्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन:

- उपप्रमुख — संयोजक
- प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरूमध्येबाट दुई जना सदस्य — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- प्रमुख, योजनाशाखा — सदस्य सचिव
- आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः :

- कार्यपालिकामा एकिकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,

- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकवाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

- सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
- वडा सदस्यहरू — सदस्य
- वडा सचिव — सदस्य सचिव
- आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## ९.५ मूल्याङ्कन

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्यांकन गरिनेछ ।

- योजनाको लक्ष्य वमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यबस्था गरिनेछः

- नगरपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

## परिच्छेद १०: नतिजा खाँका

आवधिक योजनाको लक्ष्य देखि कार्यक्रम सम्मको कारण र असरहरू वीचको अन्तर सम्बन्ध र नतिजाहरू बीचको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी बनाउन नतिजा खाँका (Result Framework) तयार गरिएको छ । यो नतिजा खाँका तयार गर्दा विषयगत क्षेत्रका आधारमा तहगत नतिजा सूचक (Key Result Indicators) निर्धारण गरी सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानको अन्तरसम्बन्ध स्थापित गराउन प्रयास गरिएको छ ।

नतिजा खाँकामा प्रयोग गरिएका वार्षिक लक्ष्य सम्बन्धि तथ्यांकहरू हरेक वर्षको योग गरी समष्टिगत (Cumulative) रूपमा प्रस्तुत गरिएको छ । प्रयुक्त तथ्यांकहरू न.पा.को बस्तुगत विवरण, कार्यशाला गोष्ठिवाट प्राप्त विवरण, प्रदेश तथ्यांक र न.पा. सम्बन्धी अन्य दस्तावेजहरूवाट संकलित गरिएका छन् ।

नतिजा खाँकाको अन्तिम महलमा दिगो विकास लक्ष्य (दि.वि.ल.) को नं उल्लेख गरिएको छ । कतिपय दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्यहरू आपसमा अन्तरसम्वन्धित रहेकाले लक्ष्यको वढि भारलाई आधार मानी उल्लेख गरिएको छ । दिगो विकास लक्ष्य संकेतमा एउटै लक्ष्य भित्र पर्ने नतिजा सूचकहरूलाई शीर्ष महलमा मात्र उल्लेख गरिएको छ ।

## १०.१ नतिजा खाका

*तालिका ३३ आवधिक योजनाको नतिजा खाँका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धी | | | | | योजना अवधिको लक्ष्य | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | | | | | |
| **समष्टिगत विकास सूचक** | | | | | | | | | | | | | | | |
| प्रभाव | **समुन्नत सम्पदा, दिगो पूर्वाधार, समृद्ध शिवराजको मूल आधार** | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१* | | | | | | ०.५५ | मान विकास प्रतिवेदन, नगर प्रोफाइल | संघीय सरकार, प्रदेश सरकार,नगरपालिका, कृषि, पशु लगायतका अन्य सम्बन्धित शाखा र सम्बन्धित वडा कार्यलयहरू | देशको आर्थिक वृद्धि दर थप भएको हुने<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम थप प्रभावकारी भएको हुने र नगर भित्र नयाँ उद्योग व्यवसायहरु सञ्चालनमा आएका हुने<br><br>शिक्षा स्वास्थ्य तिनै तहको सरकारको प्राथमकितामा परेको हुने<br><br>कृषि उद्योग तथा पूर्वाधार लगायतका क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने | १ | १ |
| | | आर्थिक बृद्धि | प्रतिशत | ५.३ | | | | | | ८.३ | | | | १ | ८ |
| | | वार्षिक प्रति व्यक्ति आय | डलर | ९५०* | | | | | | १५०० | | | | १ | ८ |
| | | बहुआयामिक गरिबी | प्रतिशत | २९.९२* | | | | | | १५ | | | | ६ | १ |
| | | साक्षरता (६ वर्ष देखि माथिको सबै) | प्रतिशत | ७५.२३ | | | | | | ८५ | | | | २ | ४ |
| | | माध्यमिक तह (९-१२) मा कूल भर्नादर | प्रतिशत | ७२.७ | | | | | | ९० | | | | २ | ४ |
| | | औसत आयु | वर्ष | ६७.५६ | | | | | | ७० | | | | ७ | ३ |
| | | सर्वयाम सडक | कि.मी | ९३.७७ | | | | | | १२३ | | | | ३ | ९ |
| | | वेरोजगारी | प्रतिशत | ११ | | | | | | ७ | | | | ९ | ८ |
| | | विद्युत सेवा प्राप्त घरधुरी | प्रतिशत | ९५ | | | | | | १०० | | | | ३ | ७ |
| | | खानेपानी सेवा प्राप्त घरधुरी | प्रतिशत | ८६.८ | | | | | | १०० | | | | ३ | ६ |
| | | अर्धतन्त्रमा कृषिको योगदान | प्रतिशत | ३३ | | | | | | ३४ | | | | ४ | ९ |
| | | अर्धतन्त्रमा गैर कृषिको योगदान | प्रतिशत | ५.५ | | | | | | १२ | | | | ४ | ९ |
| | | अर्धतन्त्रमा तृतीय क्षेत्र ( सेवा) योगदान | प्रतिशत | ३ | | | | | | ९ | | | | ४ | ९ |
| **आर्थिक विकास** | | | | | | | | | | | | | | | |
| **कृषि, पशुपंक्षी तथा मत्स्य विकास र खाध्य सुरक्षा** | | | | | | | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धी | | | | | योजना अवधिको लक्ष्य | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | | | | | |
| असर | **कृषि र पशुपालन क्षेत्रको विशिष्टिकरण, व्यावसायीकरण, र बजारीकरणबाट उत्पादन र उत्पादकत्वमा वृद्धि भई कृषकको जीवनस्तरमा सुधार हुने ।** | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा | प्रतिशत | ३३ | ३३ | ३४ | ३४ | ३५ | ३५ | **३५** | नगर प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | नगरपालिका, सम्बन्धित वडा कार्यालय | कृषि, पशु र खाध्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने | ४ | २ |
| | | कृषि उपजहरुको बार्षिक मूल्य (एकमुष्ट) | रु. करोड | १४१ | १५१ | १६१ | १७२ | १८४ | १९७ | **१९७** | | | | ४ | २ |
| | | पशुपंक्षी र सो जन्य उत्पादन मूल्य (बार्षिक) | रु. करोड | २५ | २७ | २९ | ३१ | ३३ | ३५ | **३५** | | | | ४ | २ |
| | | बाह्रै महिना सिँचाई हुने जमिनको प्रतिशत | प्रतिशत | २ | २ | ५ | ७ | ९ | १२ | **१२** | | | | ४ | २ |
| प्रतिफल | एक वडा एक उत्पादनको अवधारणामा आधारित भै हरेक वडालाई कृषि तथा पशुपंछी पालन केन्द्रको रुपमा विकास हुनेछ । | व्यवसायिक उत्पादनमा संलग्न अगुवा कृषक समुह | संख्या | ९९ | १०२ | १०७ | ११० | ११५ | १२० | **१२०** | | | | ४ | २ |
| | | आलु व्यवसायिक उत्पादन क्षेत्र | कठ्ठा | | | | | | | | | | | ४ | ८ |
| | | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | कठ्ठा | | | | | | | | | | | ४ | ९ |
| | | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | सङ्ख्या | १७८ | १८८ | २०० | २१२ | २१५ | २२० | **२२०** | | | | ४ | १२ |
| | | स्थानीय व्यवसायिक कृषि फार्म | सङ्ख्या | २६ | ३२ | ४० | ४२ | ४५ | ४५ | **४५** | | | | ४ | ८ |
| | | व्यवसायिक पशुपालन फर्म | सङ्ख्या | ९५ | १०० | १०५ | ११५ | ११७ | १२० | **१२०** | | | | ४ | ८ |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | ४५ | ४६ | ४७ | ४८ | ५० | ५२ | **५२** | | | | ४ | ८ |
| | | सहकारीमा आवद्ध कृषक | सङ्ख्या | १२४६ | १७०० | ३००० | ३२०० | ३४०० | ३६०० | **३६००** | | | | ४ | ८ |
| | | गोठ सुधार | सङ्ख्या | | | | | | | | | | | २ | ८ |
| | | भैंसी प्रोत्साहन कार्यक्रम | सङ्ख्या | | | | | | | | | | | ४ | ८ |
| | | मासु पसल सुधार | सङ्ख्या | | | | | | | | | | | ४ | ८ |
| | | युवा स्वरोजगार फर्म | सङ्ख्या | | | | | | | | | | | ४ | ८ |
| | | पशुपालन तालिम गोष्ठी | सङ्ख्या | | | | | | | | | | | २ | ८ |
| | | च्याफ् कटर | सङ्ख्या | | | | | | | | | | | ४ | ८ |
| प्रतिफल | कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि हुने । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (धान, गहुँ, मकै, तोरी लगायत) ( प्रति हेक्टर) | मे.ट. | | | | | | | | | | | ४ | ८ |
| | | तेलहन बालीको उत्पादकत्व (प्रति हेक्टर) | मे.ट. | | | | | | | | | | | ४ | ८ |
| | | दलहन बालीको उत्पादकत्व (प्रति हेक्टर) | मे.ट. | | | | | | | | | | | ४ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धी | | | | | योजना अवधिको लक्ष्य | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | | | | | |
| | | दुध तथा दुग्धजन्य उत्पादन | मे.ट. | ५९१५ | ६१०० | ६२०० | ६४०० | ६५०० | ६५०० | **३१७००** | | | | २ | ८ |
| | | कोल्ड स्टोर र रष्टिक स्टोरको क्षमता | सङ्ख्या | १ | | १ | | | | **१** | | | | ६ | ३ |
| प्रतिफल | कृषि क्षेत्रको सम्भाव्यता तथा गुरुयोजना को आधारमा कृषि क्षेत्र घोषणा गरी प्राथमिकताका साथ कार्यक्रम सञ्चालन भएको हुनेछ । | कृषि क्षेत्रको सम्भाव्यता तथा गुरुयोजना | वटा | ० | १ | ० | ० | ० | ० | **१** | | | | ७ | १ |
| | | खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | १७८५७ | १८७५० | १९६८७ | २०६७२ | २१७०५ | २२७९० | **१०३६०४** | | | | ४ | २ |
| | | तेलहन बालीको उत्पादन | मे.ट. | ७९२ | ८३२ | ८७३ | ९१७ | ९६३ | १०११ | **४५९६** | | | | ४ | २ |
| | | दलहन बालीको उत्पादन | मे.ट. | १६१९ | १६९९ | १७८४ | १८७४ | १९६७ | २०६६ | **९३९०** | | | | ४ | २ |
| | | तरकारी उत्पादन | मे.ट. | ४५७ | ४८० | ५०४ | ५२९ | ५५६ | ५८४ | **२६५३** | | | | ४ | १ |
| | | फलफुल उत्पादन | मे.ट. | ३२ | ३४ | ३६ | ३८ | ३९ | ४१ | **१८८** | | | | ४ | २ |
| | | नगदे बाली | मे.ट. | १३१२ | १३७७ | १४४६ | १५१८ | १५९४ | १६७४ | **७६१०** | | | | ४ | २ |
| | | मासु जन्य उत्पादन ( खसी बोका, राँगा भैसी, सुँगुर बंगुर, हास कुखुरा, टर्की लगायत) | मे.ट. | ८९५८ | ९४०६ | ९८७६ | १०३७० | १०८८८ | ११४३३ | **५१९७३** | | | | ४ | १ |
| | | माछा उत्पादन | मे.ट. | ७७६ | ८०० | ८३० | ८५० | ८६० | ८७० | **४२१०** | | | | ४ | १ |
| | | मह उत्पादन | मे.ट. | २ | ३ | ३ | ४ | ४ | ४ | **१७** | | | | ४ | ८ |
| | | कम्पोष्ट र जैविक मल उत्पादन | मे.ट. | | | | | | | | | | | ४ | ८ |
| | | कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | | | | | | | | | | | ४ | ८ |
| | | कृषिमा संलग्न जनसंख्या | प्रतिशत | ३१ | ३२ | ३२ | ३२ | ३३ | ३३ | **३३** | | | | २ | ८ |
| | | एग्रो भेट तथा बिउ बिजन केन्द्र | संख्या | १४ | १ | १ | १ | १ | १ | **५** | | | | ४ | ८ |
| | | व्यवसायिक कृषि नर्सरी | संख्या | ३ | ० | १ | ० | ० | १ | **२** | | | | ४ | ८ |
| | | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ७४ | ८० | ८५ | ९० | ९५ | ९५ | **९५** | | | | ४ | ८ |
| | | कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | | | | | | | | | | | ४ | ८ |
| | | कृषि तथा पशु बिमामा आवद्ध परिवार | प्रतिशत | | | | | | | | | | | ४ | ८ |
| | | व्यवसायिक पशुपालनमा | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | **३३** | | | | ४ | २ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धी पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | योजना अवधिको लक्ष्य | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संलग्न परिवार | | | | | | | | | | | | | |
| प्रतिफल | खाद्य सुरक्षाको सुनिश्चितता हुनेगरी उत्पादन, भण्डारण र व्यवस्थापन हुनेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | | | | | | | | | | | ४ | २ |
| | | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३० | ३५ | ३७ | ४० | ४२ | ४५ | **४५** | | | | ४ | १ |
| | | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १२ | १० | ७ | ६ | ५ | ५ | **५** | | | | ४ | २ |
| | | उपभोगको २ तिहाई खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | ७० | ६५ | ६० | ५५ | ५० | ४५ | **४५** | | | | ४ | २ |
| | | प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | २४२ | २४५ | २४७ | २५० | २५२ | २५२ | **२५०** | | | | ४ | २ |
| **लगानी** | | | | | **९२२५०** | **१०८४१०** | **११८९६१** | **१३४१९२** | | | | | | | |
| **उद्योग, व्यापार, व्यवसाय तथा खनिज** | | | | | | | | | | | | | | | |
| असर | **उद्योग व्यवसाय क्षेत्रमा लगानी आकर्षित भई उद्यमशीलताको विकास हुने ।** | उद्योग, व्यापार, व्यवसायमा संलग्न जनसंख्या | प्रतिशत | ५.५ | ६ | ८ | ९ | १० | १० | **१०** | नगर प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | संघ,प्रदेश र स्थानीय सरकार | नगरँपालिका भित्र व्यापार व्यवसायमुलक वातावरण निर्माण भएको हुने | ९ | ९ |
| | | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा | प्रतिशत | ७ | १० | १२ | १३ | १४ | १५ | **१५** | | | | ९ | ९ |
| | | कुल आर्थिक प्रतिष्ठान मध्ये औद्योगिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५.४ | ५.५ | ५.६ | ५.७ | ५.८ | ६ | **६** | | | | ९ | ९ |
| | | प्रतिष्ठानमा संलग्न कुल जनशक्ति मध्ये औद्योगिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ७.५ | ७.७ | ७.९ | ८ | ८.३ | ८.५ | **८.५** | | | | ९ | ९ |
| | | कुल औद्योगिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ५१ | ५२ | ५३ | ५४ | ५५ | ५५ | **५५** | | | | ९ | ९ |
| | | कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्र (थोक तथा खुद्रा व्यापार) को हिस्सा | प्रतिशत | ८ | १० | १२ | १२.५ | १३ | १३.५ | **१३.५** | | | | १ | ९ |
| | | कुल आर्थिक प्रतिष्ठान मध्ये व्यापारिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५० | ५१ | ५३ | ५४ | ५५ | ५५ | **५५** | | | | ९ | ९ |
| | | प्रतिष्ठानहरुमा संलग्न कुल जनशक्ति मध्ये व्यापारिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | २७.७ | २८ | २८.५ | २९ | ३० | ३१ | **३१** | | | | ९ | ९ |
| | | कुल व्यापारिक प्रतिष्ठान मध्ये दर्ता भएका | प्रतिशत | ४५ | ५५ | ५७ | ६० | ६२ | ६५ | **६५** | | | | ९ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धी | | | | | योजना अवधिको लक्ष्य | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | | | | | |
| | | प्रतिष्ठान | | | | | | | | | | | | | |
| प्रतिफल | नगरक्षेत्रमा स्थापना हुने मझौला, घरेलु तथा साना एवम् लघु उद्योगबाट रोजगारी सिर्जना भई वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थामा कमी हुनेछ। | उद्योग तथा व्यापारबाट रोजगारी प्राप्त गर्नेको संख्या (थप) | प्रतिशत | ३.६६ | ४ | ५ | ६ | ७ | ७ | **७** | | | | ९ | ९ |
| | | प्रत्यक्ष रोजगरीमा बृद्धि (वार्षिक) | प्रतिशत | १० | ११ | १२ | १३ | १४ | १५ | **१५** | | | | ९ | ९ |
| | | उद्यम सृजना र विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | सङ्ख्या | ३३० | १५० | २०० | २५० | ३०० | ३५० | **१२५०** | | | | ९ | ९ |
| | | व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | सङ्ख्या | ४५० | २०० | २०० | २०० | २०० | २०० | **१०००** | | | | ९ | ९ |
| प्रतिफल | उद्योग धन्दाको स्थापना तथा विकासमा बृद्धि एवं बजार सम्बन्धको विस्तार र औद्योगिक क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग हुनेछ। | उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | | २ | ३ | ४ | ५ | ७ | **७** | | | | ९ | ९ |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण (बाबियो, कोइला) | मे.ट. | २५ | ३० | ३५ | ४० | ५० | ६० | **२१५** | | | | ९ | ९ |
| | | कृषि संकलन केन्द्र | सङ्ख्या | १ | ५ | ० | ० | ५ | ० | **११** | | | | ९ | ९ |
| प्रतिफल | उद्योग व्यवसायको स्थापना, दर्ता तथा सञ्चालन प्रक्रियामा सहजता उत्पन्न भई लघु उद्यमीको वृद्धि तथा स्तरोन्नति भएको हुनेछ। | घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | ४७ | १३ | १० | १० | १० | १० | **५३** | | | | ९ | ९ |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | ८ | १ | २ | २ | २ | २ | **८** | | | | ९ | ९ |
| | | ठूला उद्योग | सङ्ख्या | २३ | २ | २ | २ | २ | २ | **१०** | | | | ९ | ९ |
| | | साझेदारीमा संचालित उद्योग | सङ्ख्या | ५ | १ | १ | १ | १ | १ | **५** | | | | ९ | ९ |
| | | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | प्रतिशत | ५० | ५५ | ५७ | ५९ | ६२ | ६२ | **६५** | | | | ९ | ९ |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | २० | २५ | ३० | ३२ | ३५ | ३७ | **३७** | | | | ९ | ९ |
| **लगानी** | | | | | **२११००** | **३२८२०** | **३३०९२** | **३६४०१** | **४००४१.३२** | | | | | | |
| **पर्यटन** | | | | | | | | | | | | | | | |
| असर | **नगरको समग्र आर्थिक बृद्धिका लागि सुन्दर, व्यवस्थित र आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास हुने।** | मुख्य पर्यटन क्षेत्र | सङ्ख्या | १७ | १८ | १९ | २० | २१ | २२ | **२२** | नगरपालिका प्रगति विवरण, वार्षिक नीति तथा कार्यक्रम, | संघ, प्रदेश, नगरपालिका | पर्यटन क्षेत्रमा तीनै तहको सरकारको लगानी वृद्धि भएको हुने नीजि क्षेत्रको | १ | ८ |
| | | पर्यटन व्यवसाय बाट प्रत्यक्ष रोजगारी पाउनेको संख्या | सङ्ख्या | ५०० | ५५० | ६७५ | ७०० | ७२० | ७५० | **७५०** | | | | १ | ८ |
| | | पर्यटक सङ्ख्यामा बृद्धि दर (बाह्य) | प्रतिशत | ५ | ६ | ६.५ | ७ | ७.५ | ८ | **८** | | | | १ | ८ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धी | | | | | योजना अवधिको लक्ष्य | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दीविल संकेत |
